# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

साहित्यकार भीमप्रसाद घिमिरेको जन्म बुबा धर्मानन्द घिमिरे र आमा चन्द्रकला घिमिरेका कान्छा छोराको रूपमा वि.स २०११ साल मंसिर ६ गते तेह्रथुम जिल्लाको इवा गा.वि.स. मा भएको थियो । शैक्षिक स्थितिलाई हेर्ने हो भने प्रारम्भिक शिक्षा गाउँकै विद्यालयबाट प्राप्त गरी तेह्रथुम क्याम्पसबाट आइ. ए. सम्मको अध्ययन गरेका हुन । पेसागत स्थितिलाई हेर्दा २०६४ सालदेखि तेह्रथुमका विभिन्न विद्यालयमा अनवरत रूपमा शिक्षण कार्यमा संलग्न रहेको पाइन्छ । हाल उनी प्रणामि मा.वि. इवाका शिक्षक रूपमा कार्यरत छन् । उनले सामाजिक क्षेत्रका विभिन्न स्थानमा रही विभिन्न प्रकारले सेवा गरेको पाइन्छ । उनी नेपाल रेडक्रस संगठनको आजीवन सदस्य, नेपाल राष्टिषय शिक्षक संगठनको आजीवन सदस्य भई काम गर्दै आएका छन् । उनले करिब ३२ वर्षको अन्तरालमा सामाजिक, राजनैतिक क्षेत्रमा अनवरत रूपमा सक्रिय भई काम गर्दै आएका छन् ।

भीमप्रसाद घिमिरेले साहित्यका विविध विधिमा कलम चलाएका छन् । उनी खण्डकाव्यकाव्यकार, उपन्यासकार, कथाकार, कवि आदिका रूपमा चिनिन्छन् । उनका कृतिहरू विभिन्न छन्द र अलङ्कारको प्रयोग गरी रचना गरिएका छन् ।

उनका कृतिहरूमा प्रजातान्त्रिक समाजवाद राष्ट्रप्रेम जस्ता भावनाहरू झल्कन्छन् । उनी क्रान्तिकारी एवं प्रगतिशील साहित्यकारका रूपमा चिनिन्छन् । उनका प्रकाशित र प्रकाशोन्मुख कृतिहरूमा 'रक्तिम किरण' कविता सङ्ग्रह (२०६०), रत्नकेशरी गीतिकाव्य (२०६०), सङ्कटकाल लेखहरूको सङ्गालो (प्रकाशोन्मुख) तथा थुप्रै फुटकर कविताहरू रहेका छन् ।

यसरी बहुमुखी प्रतिभाका धनी घिमिरेले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएको पाइन्छ । प्रस्तुत शोधपत्रमा यिनै घिमिरेका जीवानी, व्यक्तित्व र कृतित्वका विविध पक्षहरूमा आधारित भएर तयार गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यलाई सङ्ख्यात्मक रूपमा मात्र नभई गुणात्मक दृष्टिले पनि उत्कर्ष प्रदान गर्ने कार्यमा निरन्तर लागिरहने नेपाली साहित्यमा महत्वपूर्ण रहेको अवस्थामा उनको सामान्य चर्चा बाहेक उनको जीवानी व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण भएको देखिँदैन, त्यसकारण घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वका विभिन्न पक्षलाई प्रकाशमा ल्याउनका लागि निम्न अनुसारको समस्यासँग यो शोधपत्र सम्बन्धित रहेको छ ।

१. भीमप्रसाद घिमिरेको जीवनीका विभिन्न सन्दर्भहरू के-कस्ता रहेका छन् ?

२. भीमप्रसाद घिमिरेका व्यक्तित्वका पक्षहरू के-कस्ता रहेका छन् ?

३. भीमप्रसाद घिमिरेका प्रकाशित कृतिहरू के-कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

शोधसमस्याका रूपमा देखिएका प्रश्नहरूको उत्तरको समाधान के कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्दा यस शोधकर्ताका उद्देश्यहरू यस प्रकारका तय गरिएको छ :

१. भीमप्रसाद घिमिरेका जीवनीका विविध पाटाहरूको अध्ययन गर्नु,

२. भीमप्रसाद घिमिरेका व्यक्तित्वका विभिन्न पक्षको पहिचान गर्नु,

३. भीमप्रसाद घिमिरेका प्रकाशित कृतिहरूको अध्ययन तथा विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

भीमप्रसाद घिमिरेले साहित्यिक, राजनीतिक, सांस्कृतिक लेख रचनाहरूको प्रकाशन र सम्पादन कार्यद्वारा नेपाली भाषा र साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् साहित्यतर्फ उनी प्रसिद्ध प्रगतिवादी कवि हुन तर उनका काव्य कृतिको समग्र मूल्याङ्कन र विश्लेषण आजसम्म हुन सकेको पाइदैन । शोधलेखनका क्रममा भीमप्रसाद घिमिरे र उनका कृतिबारे जे जति अध्ययन विश्लेषण भएका छन् । तिनको अध्ययन गर्नु आवश्यक छ । जसले घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनलाई अझ सार्थक बनाउन सहयोग गर्दछ । घिमिरे र उनका साहित्यिक लेख रचनाका सन्दर्भमा भएका अध्ययन विश्लेषण सामग्रीलाई कालक्रमिक रूपमा यसरी प्रस्तुत गरिएको छ ।

विष्णु राई (२०६०) द्वारा सम्पादित खोजतलास पत्रिकामा घिमिरेको ‘रक्तिम किरण’ कविता सङ्ग्रहका सम्बन्धमा समीक्षा गरिएको छ । उनले वर्तमान सामाजिक संरचनामा रहेको कुरीति, कुसंस्कार र छलछामलाई हटाएर आदर्श समाजको निर्माण गर्ने रचना हो भनेका छन् ।

सुमत कट्टेलको गञ्जन (२०६० मंसिर) पत्रिकामा जीवन जगतलाई नियाल्ने हरेक लेखकको आ-आफ्नो हेराइ हुन्छ । आ-आफ्नै प्रकारको बुझाइ हुन्छ र त्यसलाई ग्रहण गर्दा पनि आफ्नै तरिकाले ग्रहण गर्ने शैली हुन्छ । यस क्रममा भीमप्रसाद घिमिरे सिर्जनामा प्रवेश गरी रमाएका छन् भनेका छन् ।

कुलचन्द्र घिमिरे नागरिक (२०६२ असार) पत्रिकामा साहित्यिक रचना मार्फत सामाजिक विकृति र प्रदूषणलाई बढार्न घिमिरे अग्रसर रहेका छन् र आफ्ना सिर्जनाले अरुलाई प्रभावित पार्न सफल छन् भनी उल्लेख गरेका छन् ।

हेमनाथ पौडेल (२०६४) मोफसल समालोचना कृतिभित्र घिमिरेको पहिलो कृति ‘रक्तिम किरण’ कविता सङ्ग्रहका बारेमा सामाजिक वेथिति र विसङ्गतिलाई पन्छाइ सुन्दर समाजको निर्माण गर्ने आशा र आकाङक्षा बोकेको जारुक मानसिकतालाई उजागर गर्ने रचना हो भनेका छन् ।

हरिप्रसाद बराल (२०६५) ले ‘उज्यालो विचार’ पत्रिकामा ‘रत्न केशरी’ (गीतिकाव्य) को ऐतिहासिक शीर्षकमा लेख प्रकाशित गरेका छन् । लेखमा आज सम्पत्तिका कारणले ठुलठुला दुर्घटना भएका छन् । जब हामी यो कृति पढ्छौं, लेखकले हामीलाई त्यस्ता संवेदनशील ठाउँमा पुऱ्याउँछन् । यहाँ पटक्कै संवेदना नभएका मानिसहरूको भीडमा हामी एक्लो हुन्छौं । संवेदना नभएको मान्छे कति निर्दयी हुन्छ भन्ने सवाल उठाउका छन् ।

## १.५ शोधकार्यको औचित्य

साहित्यकार भीमप्रसाद घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा हालस्म्म कुनै प्रकारले पूर्ण रूपमा समेट्ने गरी अध्ययन अनुसन्धान नगरिएको कुरा माथि प्रस्तुत गरिएको पूर्वकार्यको समीक्षाले नै प्रस्ट पारिसकेको छ । यस शोधपत्र मार्फत घिरिमेका बारेमा जानकारी प्राप्त गर्नुका साथै नेपाली साहित्यको इतिहास लेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा समेत यस शोधकार्यले टेवा पुऱ्याउनेछ । यस शोधको अध्ययन गर्ने पाठकको तेह्रथुमेली

साहित्यकार, लेखन, समाजसेवी भीमप्रसाद घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा जानकारी पाउने छन । कसैले पनि अध्ययन नगरिएको विषयमा शोधकार्य केन्द्रित रहेका र एकजना उत्कृष्ट प्रतिभावान साहित्यकारको बारेमा अध्येताहरूलाई जानकारी हुन भएकाले शोधकार्य स्वतः औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यका नायक भीमप्रसाद घिमिरे रहेका छन् । निजको जीवनी, व्यक्तित्व र कृतित्वमा यो शोधकार्य सीमित रहेको छ । निजका 'रत्नकेशरी' गीतिकाव्य (२०६०) र 'रक्तिम किरण' कविता संग्रह (२०६०) दुई प्रकाशित कृतिको विभिन्न कोणबाट विश्लेषणका साथै उनले गरेका सामाजिक, शैक्षिक र साहित्यिक योगदानलाई पनि संक्षिप्तमा प्रस्तुत गरिएको छ । यसमा निम्नलिखित कृतिहरू लिएको छ ।

क) 'रत्न केशरी' गीतिकाव्य (२०६०)

ख) 'रक्तिम किरण' कविता सङ्ग्रह (२०६०)

माथि उल्लेखित रचनामध्ये 'रक्तिम किरण' कविता सङ्ग्रह (२०६०) र 'रत्न केशरी' गीतिकाव्य (२०६०) को विश्लेषण मूल्याङ्कन र निष्कर्ष विभिन्न कोणबाट गरिएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य अन्तर्वार्ता तथा पुस्तकालीय विधिमा आधारित रहेको छ । भीमप्रसाद घिमिरेको घर, परिवार तथा सम्पर्क व्यक्तिबाट सामग्री सङ्कलन गरिएको छ। साथै उनीसँग सम्बद्ध अन्य पूर्वकार्यबाट प्राप्त सूचनालाई पनि सामगीका रूपमा प्रयोग गरिएको छ । उनको जीवनी, व्यक्तितत्त्व र कृतित्वको अध्ययनलाई संकलित तथ्य सामग्रीका आधारमा जीवनमूलक समालोचना पद्धतिको प्रयोग गरी प्रस्तुत गरिएको छ भने कृतिहरूको विश्लेषणका लागि प्रगतिवादी सिद्धान्तबाट अनुप्राणित रहेकाले उनको कृतित्वको विश्लेषण प्रगतिवादी साहित्य सिद्धान्त र मार्क्सवादी चिन्तनका आधारमा गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपलाई व्यवस्थित एवम् सुसङ्गठित रूपमा दिन लागि निम्नलिखित परिच्छेदमा विभाजन गरी आवश्यक अनुरूप शीर्षक उपशीर्षकमा समेत विभाजन गरी अध्ययन गरिएको छ :

अध्याय  एक : शोधको परिचय

अध्याय दुई : भीमप्रसाद घिमिरेको जीवनी

अध्याय तीन : भीमप्रसाद घिमिरेको व्यक्तित्व

अध्याय चार : भीमप्रसाद घिमिरेको कृतित्वको विश्लेषण

अध्याय पाँचा : उपसंहार अर्थात् शोध निष्कर्ष

उक्त अध्ययनका साथै यस शोधपत्रको अन्त्यमा सन्दर्भग्रन्थसूची पनि समावेश गरिएको छ ।

# दोस्रो परिच्छेद
# भीमप्रसाद घिमिरेको जीवनी

## २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जीवन भोगाईका क्रमलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्नु जीवनी हो । जीवनीमा इतिहासमा जस्तो कोरा विवरण र कथामा जस्तो काल्पनिकता प्रबलता नभएर तटस्थता, वस्तुगतता र संयमितता हुनुपर्दछ । मानव प्राणीको जन्मेदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेका घटना चक्रलाई सामान्यतः जीवन, जिन्दगी वा जिन्दगानी भनिन्छ, त्यही जीवनका घटनाक्रमको समष्टिलाई नै जीवनी भन्ने गरिन्छ (प्रधान, २०४४:२८) । यसमा कुनै पनि व्यक्ति विशेषका जीवको सम्पूर्ण वा आंशिक पक्षको विवरण हुन्छ । वास्तवमा भन्ने हो भने व्यक्ति विशेषको सम्पूर्ण आर्थिक जीवनका तथ्यपूर्ण घटना, उनका व्यक्तित्वको प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण सविस्तार प्रस्तुत गरिएको गद्य रचना नै जीवनी हो (शर्मा र श्रेष्ठ २०४९:१८०) । यसरी कुनै पनि व्यक्तिका जीवनसँग सम्बन्धित घटनाहरूको तथ्यपूर्ण प्रस्तुतिकरण नै जीवनीको मूल मर्म हो । जन्मेदेखि मृत्युपूर्व गरेका कार्य, सेवा, उसको शिक्षादीक्षा सँस्कार, कर्महरू, आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृति गतिविधि, साहित्यिक क्रियाकलाप र उनका मान्यता तथा धारणाजस्ता जीवनसँग सम्बन्धित विविध पक्षहरूको अध्ययन जीवनी अन्तर्गत साहित्यकार भीमप्रसाद घिमिरेको जीवनसँग सम्बन्धित घटनाहरूको अध्ययन गरिएको छ ।

## २.२ वंश-परम्परा

पौराणिक मान्यताअनुसार ब्रह्माका मानसपुत्रमध्येका कास्यप ऋषिका सन्तान मानिएका भीमप्रसाद घिमिरे परम्परागत वंश पहिल्याउने हो भने १० औं पुस्तादेखि इवाका बसोबास गर्दै आएको पाइन्छ । उनलाई ज्ञात भए अनुसार लक्ष्मण घिमिरेका छोरा अगन्धर घिमिरे, अगन्धर घिमिरेका छोरा रघुनाथ घिमिरे, रघुनाथ घिमिरे, रघुनाथका छोरा धर्मानन्द घिमिरे र उनका पछि छोराका रूपमा भीमप्रसाद घिमिरे गरी पाँचौं पुस्तामा आफू भएको कुरा स्वयम् घिमिरेले व्यक्त गरेका छन् । उनका ४ भाइ छोराहरू हाल काठमाण्डौमा उच्च शिक्षा हासिल गरिरहेका छन् । उनको पुर्ख्यौली वंश परम्पराका बारेमा विस्तृत ज्ञान घिमिरेलाई छैन । उनको पिता गाउँका केटाकेटी भेला पारी शिक्षादीक्षा दिने समाजसेवा काम गर्नुहुन्थ्यो । उनका दुई छोरामध्ये कान्छा

छोराका रूपमा भीमप्रसाद घिमिरे रहेका छन् । उनका दाजु चन्द्रप्रसादको गाडी दुर्घटनामा परी निधन भएको पाइन्छ ।

## २.३ जन्म र जन्मस्थान

भीमप्रसाद घिमिरेको जन्म मिति उनका प्रकाशित कृति र शैक्षिक प्रमाण पत्र तथा जन्म पञ्जिका हेर्दा वि.सं. २०११ साल मंसिर ६ गते पिता धर्मानन्द घिमिरे र माता चन्द्रकला घिमिरेका साथबाट तेह्रथुमकको इवा गा.वि.स.मा भएको पाइन्छ । हालसम्म पनि उनको त्यहीँ बसोबास भइरहेको छ ।

## २.४ पारिवारिक पृष्ठभूमि

कस्यप ऋषिका सन्तानका वंश परम्परा अघिबढ्दै जाने क्रममा लक्ष्मण घिमिरेका छोरा अगन्धर, अगन्धरका छोरा रघुनाथ, रघुनाथका छोरा धर्मानन्द र धर्मानन्दका छोरा भीमप्रसाद घिमिरे भएको ज्ञात हुन्छ । उनकी आमा चन्द्रकला घिमिरेको २०१५ सालमा नै देहावसान भएको पाइन्छ । त्यसपछि बाबुको लालनपालनमा हुर्कदै शिक्षादीक्षा प्राप्त गर्ने क्रममा नै वि.सं. २०४९ सालमा उनको बुबाको पनि निधन भयो । त्यसपछि दाजु चन्द्रप्रसादको रेखदेखमा थोरै समय बिताए पनि २०५४ सालमा दाजुको गाडी दुर्घटनामा परी निधन भयो । त्यसपछिका दिनहरूलाई संघर्षपूर्ण ढंगबाट व्यतित गर्दै आएका घिमिरेका भाउजू तिलरूपा भतिज जयाराम, बुहारी हरिमाया, मुना, गंगा, कल्पना र नातिनी होमा घिमिरे, भतिजी चिन्ता, रिता र इन्दिरा, छोरा अभयराज, ज्ञानेन्द्रराज, सुबोधराज, भतिज अभिचन्द्र, मदन र विवेक गौतम, अरुण र गणेश काफ्ले गरी थुप्रै छोरा, बुहारी भान्जा भान्जी, नाति नातिनीहरू हाल रहिरहेको कुरा पारिवारिक स्रोतबाट थाहा हुन्छ । उनका दिदी बहिनीहरू भगीरथा, र लक्षीमा पनि रहेको कुरा उल्लेख गरिएको छ । चन्द्रप्रसाद काफ्ले, ज्वाईहरू टंक सिटौला, यामप्रसाद दाहाल, भवानी सिवाकोटी दिदी भगिरथा, लक्ष्मी, काकी टेकमाया घिमिरे र काका बाबु दधिराम घिमिरे रहेका पाइन्छ । काका दधिराम घिमिरे र उनका परिवार हाल झापा जिल्लामा बसोबास गर्दै आएको कुरा उल्लेख गरिएको छ । त्यस्तै अन्य पारिवारिक सदस्यमा भान्जा गोपालप्रसाद काफ्ले भान्जी चन्द्रा न्यौपाने तथा छोरा मात्रिका घिमिरे र भतिज मोहन, प्रेम जयाराम पनि पर्द जमुना छन् । उनका चार भाई छोरा रहेका र धछोरीहरू नभएको बुझिन्छ । चार भाइ छोरामा १ भाइ बैदेशिक रोजगारमा गई फर्केका र हाल चारै भाइ काठमाडौंमा उच्च शिक्षा हासिल गरिरहेको कुरा पारिवारिक स्रोतबाट प्राप्त भएको छ ।

यस प्रकार भीमप्रसाद घिमिरेको पारिवारिक पृष्ठभूमिलाई मध्यनजर राखि विश्लेषण गर्दा प्रारम्भिक अवस्थामा आर्थिक अवस्था कमजोर जस्तो देखिए तापनि हाल आएर केही सुधार भएको पाइन्छ । बाल्यावस्थामा नै मातृ स्नेहबाट वञ्चित हुन पुगेका घिमिरे आफ्नो लक्ष र बाबुको सपना पूरा हुन नसकी पितृशोक तथा दाजुबाट पनि एक्लिएपछि विभिन्न कठिनाइसँग जुध्न बाध्य भएपछि आफ्नो लक्ष अधुरै रहेको कुरा उनी बताउँछन् । यही विछोडको पीडाले नै उनको हृदयलाई शीतलता दिनको लागि साहित्य क्षेत्रमा प्रवेश गर्ने मन बहलायो । हुनत १५ वर्षदेखि नै कविता लेख्न सुरु गरे तापनि लामो समय पश्चात मात्र उनको कविता लेखनले पूर्णता प्राप्त गर्यो । विगतमा अनेकौ समस्या झेल्दै कष्टपूर्ण जीवन व्यतित गरे पनि हाल आएर उनको पारिवारिक जीवन सहजपूर्ण रूपमा अघि बढिरहेको पाइन्छ ।

## २.५ बाल्यकाल र उपनयन संस्कार

कान्छो सन्तानका रूपमा यस धर्तीमा वि.सं. २०११ साल मंसिर ६ गतेका दिन अवतरण गर्न पुगेका भीमप्रसाद घिमिरेको बाल्यकाल दु:खमय अवस्थामा गुज्रिएको पाइन्छ । बाल्यकालमा नै मातृस्नेहबाट वञ्चित हुन पुगेका घिमिरेलाई आमाको माया कस्तो हुन्छ भन्ने अनुभवसम्म पनि हुन सकेन किनभने आमाको देशबसान हुँदा उनी चार वर्षका मात्र थिए । त्यसपछि बुबाको स्याहार सुसार तथा शिक्षादीक्षाबाट उनी हुर्किए । आफ्ना सबै सन्तान असल बाटोमा लागून भन्ने इच्छा राख्ने उनका बाबु उनी बाल्यावस्थामा हुँदा विविध पत्र पत्रिका पुस्तकहरू किनेर पढ्न दिन्थे र गाउाका केटाकेटी भेला गरी असल शिक्षा दिने काम गर्दथे । भीमप्रसाद घिमिरेको बाल्यकाल गाउँकै प्रणामी मा.वि. बाट प्रारम्भिक शिक्षा लिंदै, खेल्दै, बुबालाई आवश्यक सहयोग गर्दै, फाटफूट कविता कोर्दै हाँसखेल गर्दै बित्यो ।

भीमप्रसाद घिमिरेको उपनयन २०२४ सालमा तेह्र वर्षको उमेरमा गुरु पुरोहित कुवलराज थपलियाबाट मन्त्रदान ग्रहण गर्दै भएको थियो । गुरुको आज्ञा अनुसार मन्त्र जप नित्य गर्ने, धोती फेरेर चोखो नितो गरेर मात्र खाना खाने ब्राह्मण नियम अनुसार केही समयसम्म परम्परागत हिन्दू धर्मलाई पालना गरेको पाइन्छ । पछि नियममा आधुनिकता आए पश्चात केही परिवर्तन भएको पाइन्छ ।

यसरी समग्रमा भीमप्रसाद घिमिरेको बाल्याकाल पूर्वीय हिन्दू संस्कृति र सभ्यताको पालना गर्ने पारिवारिक परिवेशमा बित्यो । बाल्यकालमा घर परिवार र बाह्य परिवेशबाट पाएको अनुभवले

भीमप्रसादको साहित्यिक व्यक्तित्वमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । भीमप्रसादको बाल्यकालमा मातृस्नेहको अभावमा केही न्याश्रोपन भए तापनि पितृवात्सल्यमा हुर्किएर सानैदेखि चन्चल, विनम्र, कर्मशील स्वभाव देखिने परम्परित समाजका मूल्य मान्यता अनुसरण गर्दै समकालीन स्थितिप्रति सचेत भई देशभक्त योद्धाका रूपमा देखा परेका छन् । राष्ट्रभक्तिका भावहरूलाई आफ्ना साहित्यक रचना मार्फत उकेल्दै समाजमा व्याप्त विकृति विसङ्गतिप्रति तीखो प्रहार गरेका छन् ।

## २.६ शिक्षादीक्षा

प्रारम्भिक शिक्षा गाउँकै विद्यालय प्रणामी मा.वि. बाट सुरु गरे तापनि अनौपचारिक शिक्षा घरैबाट थालिएको पाइन्छ । उनका बुबा शिक्षाप्रेमी भएको हुनाले घरैमा अक्षराम्भ गराई सिकाउने, गाउँका अन्य केटाकेटी पनि भेला पारेर आफैँ शिक्षा दिने, पत्रपत्रिका, किताबहरू किनिदिने जस्ता कार्य उनका बाबुले गरेको कुरा उल्लेख गरिएको पाइन्छ । उनी रुद्री, चण्डी जस्ता यजमानसम्बन्धी पुस्तकहरू पनि अध्ययन गरी पुरोहितको रूपमा पनि प्रतिष्ठित भएका थिए । केटाकेटी भेला गरी शिक्षा दिनुलाई धुले पाठशाला भनिन्थ्यो । उनका बाबुको औपचारिक शिक्षा पाँच कक्षासम्म भएको देखिन्छ ।

बाल्यावस्थामा नै मातृस्नेहबाट वञ्चित भएका भीमप्रसाद घिमिरे बाबुको रेखदेख, स्याहार सुसार र शिक्षादीक्षाबाट हुर्किएका थिए । घरैबाट प्रारम्भिक शिक्षा सुरु गरी गाउँकै नजिकैको प्रणामी मा.वि. बाट प्रबेशिका उत्तीर्ण गरेका हुन् । अध्ययनका क्रममा विभिन्न घरायसी झमेलाहरू समाधान गर्दै पढेर केही गर्नुपर्छ भन्ने सोचका साथ दृढ आत्माविश्वास र लगनशील भई अध्ययन गर्ने भीमप्रसाद पन्ध्र वर्षको उमेरदेखि नै कविता लेख्ने तथा वाचन गर्ने गर्दथे । गुरुहरूको प्रेरणा र साहित्यप्रतिको प्रगाढ मोह साथीहरूको सद्भावपूर्ण व्यवहारबाट साहित्यमा प्रवेश गरेका भीमप्रसादले आइ.ए. चाहिँ इलामको पशुपतिनगर स्थित श्री महेन्द्र बहुमुखी क्याम्पसबाट गरेका हुन् । त्यसपछि व्यवहारिक कठिनाइ, आर्थिक कठिनाइजस्ता कारणबाट उच्चशिक्षाको यात्रा त्यहीँ समाप्त भयो । त्यसपछि वि.सं. २०३४ सालबाट शिक्षण पेशामा संलग्न भई तेह्रथुमका विभिन्न विद्यालयहरूमा अनवरत रूपमा सेवारत छन् ।

औपचारिक शिक्षाको हकमा धेरै माथिसम्म पुग्न नसके पनि उच्च बौद्धिक क्षमता भएका घिमिरे समाजलाई विभिन्न क्षेत्रबाट देन दिन सफल एक कर्मठ कुशल व्यक्तित्व हुन पुगेका छन् ।

## २.७ दाम्पत्य जीवन र सन्तान

भीमप्रसाद घिमिरेको विवाह वि.सं. २०३१ साल फाल्गुनमा पाँचथर जिल्ला रानीगाउँ निवासी घनश्याम खनाल र कौशिला खनालकी माइली सुपुत्री सुश्री मनमाया खनालका साथ भएको हो । मनमायाको स्वभाव ज्यादै सरल, मार्मिक, दयालु र सहयोगी रहेको छ । उनी श्रीमान्को कार्यमा सकेसम्म र जानेसम्म सहयोग गर्दछिन् । उनका कोखबाट चार भाइ छोराहरूको जन्म भएको छ । हाल चारैभाइ काठमाडौंमा अध्ययन गरिरहेका छन् । उनीहरूमध्ये जेठो छोरा मात्रिका आई.ए. पढेर बैदेशिक रोजगारको शिलशिलामा कतार गई केही दिन बिताई पुनः नेपाल फर्की बी.ए. अध्ययनरत छन् । माइला छोरा अभयराज, साहिला छोरा ज्ञानेन्द्रप्रसाद र कान्छा छोरा सुबोधराज चाहिँ काठमाडौंमा बी.एस्सी. अध्ययनरत छन् । यी छोराहरूलाई दुई दम्पतिको अर्थतन्त्रले धानिरहेको छ । भीमप्रसाद घिमिरेका दिदी बहिनीहरूमा ५ वटीमा हाल ३ वटा मात्र बाँकी रहेका छन् । हाल जेठी, साँहिली र कान्टी दिदीहरू बाँकी छन् । साँहिली दिदी हाल माइतमा रही काम कार्यमा सहयोग गर्दैछिन् । उनको घरायसी समस्याका कारण माइतमा नै बस्नु परेको छ । उनका चार भाइहरूको विवाह भइसकेको छ ।

यसरी घिमिरेको दाम्पत्य जीवन सुखद् एवम् पारिवारिक झमेलाको बीच बित्तैछ तर पनि घिमिरे दम्पत्तिको आपसी प्रेमका कारण दाम्पत्य जीवन सन्तोषप्रद बित्तैछ, भीमप्रसादलाई आफ्नी श्रीमतीको बानी तथा चालचलन मन पर्छ भने जाँडरक्सी नखाने, जुवातास नखेल्ने, रण्डीबाजी नगर्ने, सरल, मिजासिलो सहयोगी प्रवृत्ति भएका भीमप्रसादलाई पनि श्रीमतीले औधी माया गर्छिन् । त्यसैले घिमिरे दम्पति आफ्नो दाम्पत्य जीवनप्रति सन्तुष्ट छन् ।

## २.८ आर्थिक अवस्था

भीमप्रसाद घिमिरेको जन्मभूमि र कर्मभूमि दबै हाल बसोबास भईरहेको स्थान तेह्रथुम इवाको आठराई हो । उनका बुबा सामान्य पढेलेखेका हुनाले अन्यत्र ठोस जागिर नभएको हुनाले कृषि पेशालाई नै मूल पेशा बनाई जीविकोपार्जन गरेको पाइन्छ । शिक्षाप्रति अनुराग भएका भीमप्रसाद घिमिरेका बुबा धर्मानन्द खेतीपाती, पशुपालन, यजमानका साथै केटाकेटी भेला पारी शिक्षा दिने जस्ता कार्यमा संलग्न भएको पाइन्छ । यी कुराहरूलाई मूल्याङ्कन गर्दा उनको परिवार मध्यम वर्गको भएको पाइन्छ । भीमप्रसाद घिमिरेको बाल्यावस्थाको आर्थिक अवस्था सामान्य नै थियो । पछि उनले जागिरमा प्रवेश गरेपछि क्रमिक रूपमा सुधार हुँदै गएको पाइन्छ । तै पनि

भीमप्रसाद भन्दछन् - आफूले चाहेजस्तो गरी कहिल्यै व्यवहारमा गति दिन सकिन । छोराहरू साना छउन्जेल आफ्नो आय आर्जनबाट ठोस काम गर्न सकिएन छोरा ठूला हुँदै गएपछि, शिक्षादीक्षा दिँदै गएपछि आर्थिक भारले थाम्न गाह्रो पर्‍यो । उनका चार भाइ छोराहरू काठमाडौंमा पढीरहेकोले उनलाई आर्थिक कठिनाइ थप बढेको छ । उनले केही मात्रामा आफ्ना रचनाहरू प्रकाशित गरे पनि आर्थिक अभावकै कारणबाट अन्य रचनाहरू प्रकाशनमा ल्याउन सकेका छैनन् । उनलाई सामान्य जीवनयापन गर्न, छोराहरूलाई पढाउन र औषधी उपचार गर्न आफ्नो कमाइले जेनेतेने धानी रहेको छ ।

भीमप्रसाद घिमिरेको पैतृक सम्पत्तिको नाउँमा केही पुर्ख्यौली जग्गा जमिन बाहेक खासै अन्य कुराहरू देखिँदैन ।

## २.९ व्यक्तिगत रुचि तथा स्वभाव

हरेक व्यक्तिको आफ्नै प्रकारको विचार चिन्तन रुचि र स्वभाव फरक हुनु स्वभाविक कुरा हो । मान्छेको रुचि र स्वभाव उसका बाल्यकालीन जीवनदेखिका पार्रिवारिक र सामाजिक वातावरण साथीसंगतीसँगको हेलमेल, पूज्यजन एवम् मानयजनहरूका व्यवहार, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेश शिक्षादीक्षा आदिबाट प्रभावित रहेको हुन्छ । भीमप्रसाद घिमिरेको रुचि र स्वभावमा यी विविध प्रसङ्गले थोरबहुत भूमिका राखेका छन् । सानैदेखि पढ्नमा धेरै रुचि राख्ने घिमिरेलाई जुन विषय पढ्यो त्यही विषय पढिरहुँ जस्तो लाग्छ । सबै विषयमा उत्तिकै चाख दिए पनि उनलाई नेपालपी साहित्यमा भने अलि बढी अनुराग छ । विशेष गरी राष्ट्रको राजनैतिक अवस्थालाई गहिरिएर अध्ययन गर्ने घिमिरेको बानी रहेको छ, त्यसैले उनका रचनामा यसको प्रभाव बढी रहेको देखिन्छ ।

प्रायः साधारण पोसाकमा रहने घिमिरेलाई खासै पोसाकप्रतिको मोह भने छैन धेरैजसो सर्ट र पाइन्टका साथै भातगाउँले टोपी लगाउने उनले परिस्थिति अनुसार यदाकदा कोट र टाइ पनि थप गर्दछन् । खानेकुरामा चाहिँ उनलाई साधारण नै मन पर्छ ।

सादा जीवन उच्च विचार रहेका भीमप्रसाद घिमिरे मिलनसार व्यक्तिका रूपमा रहेका छन् । सबैसँग मिल्ने कसैसँग कहिल्यै नरिसाउने उनको व्यक्तिगत स्वभाव छ । उनी आफ्नो कर्तव्यबाट कहिल्यै पनि विमुख भएका छैनन् । विद्यालयमा शिक्षण गर्दा उनी आफ्नो जिम्मेवारीलाई सँधै ख्याल गरी पूरा गर्छन् । आफू जाने ठाउँमा उनी समयमा नै कार्य सम्पादन गर्छन् । कार्य शिक्षण गर्दा

विद्यार्थीको प्रिय शिक्षकका रूपमा पनि उनी परिचित छन् । विद्यार्थीलाई उनले पढाएको कक्षामा सँधै हौसला दिन्छन् र विद्यार्थीलाई जाँगरिलो बनाई ध्यानमा मग्न बनाउँछन् । शैक्षिक पाठ्यक्रममा भन्दा विद्यार्थीलाई आवश्यक पर्ने थप ज्ञान पनि उनी सँधै दिन्छन् । उनको शिक्षा क्षेत्रमा भएको लगनशीलताका कारण विभिन्न समयमा सम्मान तथा पुरस्कार पनि प्राप्त गरेका छन् । पद र प्रतिष्ठामा कहिल्यै लोभ नगर्ने घिमिरे सधैँ आफ्नो जिम्मेवारी र कर्तव्यलाई मात्र ख्याल गरेर अगाडि बढ्छन् । ठूलो हुनुभन्दा राम्रो बन्नु उनको मान्यता हो। आफ्नो छोटो जीवनमा केही लिन भन्दा दिएर जाउँ भन्ने उनको मान्यता छ । सधैजसो शिक्षण कार्यबाहेक विभिन्न पुस्तकहरू अध्ययन गर्ने र साहित्यिक रचना गर्ने घिमिरे एक परिश्रमी कर्तव्यवान् व्यक्ति हुन् । उनी सहयोगी व्यक्तित्वका रूपमा पनि चिनिन्छन् । गरीब, दीनदुःखी, असहाय आदि सबैलाई करुणा राखी उनी सहयोग गर्छन् र उनी व्यक्तिगत तथा पारिवार्रिक विषयमा अलि बढी गम्भीर गर्छन् यो उनको बानीको रूपमा रहेको छ ।

धर्मकर्मप्रति आस्था राख्ने घिमिरे आफ्नो मानसिक सनतुष्टिका लागि धर्मकर्म गरिने कुरा बताउँछन् । उनले जातपातलाई त्यति प्राथमिकता दिँदैनन् । उनी राम्रा कर्म गर्ने उच्च जाति र खराब कर्म गर्ने जोकोही भए पनि निच जातिको रूपमा लिन्छन् । उनी सानो जात र ठूलो जात भनेको कर्मका आधारमा हुने कुरा बताउँछन् ।

भीमप्रसाद घिमिरे नरम, सरल, मिजासिलो र केही जोसिलो स्वभावका छन् । सबैसँग शिष्ट एवम् मर्यातिद शब्दको प्रयोग गर्ने, सहृदयीसँग कुराकानी गर्ने, पुस्तकालयमा पुस्तकहरूको अध्ययन गर्ने र त्यसैबाट सन्तुष्टि लिने र ती अध्ययन ठीक वा बेठीक के छन्, छुट्याई आफ्नो बाटो पहिल्याउने दूरदर्शी स्वभावका छन् । उनी सामाजिक संघसंस्थामा आबद्ध भई काम गर्ने र सकारात्मक नेतृत्व लिन चाहने भए पनि पद र प्रतिष्ठाको लोभमा भने कहिल्यै परेनन् ।

घिमिरेले मर्यादाको उलङ्घन नगरी सबैसँग सरल, समान र मित्रवत् व्यवहार गर्छन् । लामो समयसम्म एकै ठाउाम बसेर कुराकानी गर्न सक्ने घिमिरेमा बनावटी पाराले नबोल्ने चित्त नबुझेमा तर्कपूर्ण प्रस्तुति गर्ने बानी रहेको छ । जातिय भेदभाव र शोषक मनोवृत्ति भएका मानिसलाई मन नपराउने घिमिरेमा सामूहिक मिलेमतोबाट कुनै पनि समस्याको समाधान गर्न सकिन्छ भन्ने धारणा रहेको छ । संक्षेपमा भन्दा साहित्य सृजना र अध्ययन नै उनको रुचि क्षेत्र हो । सहृदयी मिलनसार, शिष्टभाषी र दयालु स्वभाव उनको व्यक्तिगत पहिचान हो ।

## २.१० भ्रमण

मानिस स्वभावत भ्रमणशील प्राणी हो । उसले स्वदेश तथा बिदेशका प्राकृतिक, साहित्यिक, साँस्कृतिक, धार्मिक र राजनीतिक दृष्टिले प्रसिद्ध स्थलहरूको भ्रमण गरेर अनुभवहरू संगाल्दै जान्छ । भ्रमण विशेष गरी उद्देश्यमुलक हुन्छ । भीमप्रसाद घिमिरेले नेपालका प्रमुख र प्रसिद्ध स्थलहरूका भ्रमण प्रायः गरेका छन् । उनले स्वदेश भ्रमणका पोखरा, काठमाडौं, गोर्खा, विराटनगर, ताप्लेजुङ्ग, संखुवासभा, इलाम, पाँचथर, ताप्लेजुङ्ग लगायत विभिन्न तराईका ठाउँको भ्रमण गरेका छन् । घिमिरेको विदेश भ्रमणका रूपमा भारतको काकडभिट्टा, जोगवनी, सिलगुडी आदि स्थानको भ्रमण गरेका छन् ।

## २.११ साहित्य क्षेत्रमा प्रवेश

### २.११.१ लेखन प्रेरणा र आरम्भ

भीमप्रसाद घिमिरेको पारिवारिक परिवेश सामान्य रूपमा साहित्यानुरागी नै थियो । उनका बाबु शिक्षा प्रति आस्था राख्ने र विभिन्न पुस्तक र पत्रपत्रिका खोजी खोजी आफ्ना छोराछोरीहरूलाई उपलब्ध गराई पढ्न लगाउने जस्ता कुराहरूबाट प्रथम प्रेरणाको स्रोत बुबा नै भएको बुझिन्छ भने साहित्यमा रुचि जागेपछि विभिन्न कविका कविताहरू खोजी खोजी पढ्नु स्वभाविकै हो । उनले आदिकवि भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, कवि शिरोमणि लेखनाथ पौडेल र गोपालप्रसाद रिमालका रचनाहरू पढेर अनि पछि प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रितका देवासुर सङ्ग्राम, नारी बन्धन र मुक्ति बाट प्रभावित भई अनि श्यामप्रसाद शर्मा, पारिजात, खगेन्द्र सङ्ग्रौला, गङ्गा प्रसाद उप्रेती, मदन भण्डारी, प्रदिप नेपालका लेख रचनाहरू पढेर साहित्यिक उर्जा प्राप्त भएको कुरा उनी बताउँछन् ।

उनका लेख रचनाहरू विभिन्न पत्र पत्रिकामा फुटकर रूपमा प्रकाशित हुँदै आएका छन् । सबैभन्दा बढी रचनाहरू खोजतलास पत्रिकाले प्रकाशित गरेका छन् । यस पत्रिकामा उनले मुलुकमा भइरहेको हत्या हिँसाको भयाभय स्थितिको वर्णन गर्दै बन्दुकको विचार मारिँदैन भन्ने कविता प्रकाशित गरे पश्चात तत्कालीन सरकार तथा प्रशासनले उनलाई २४ घण्टे वारेण्ट काटी साढे पाँच घण्ट सी.डी. ओ कार्यालयमा बयान दिन लगाई क्रान्तिकारी कविता लेखेवापत ६ महिना तारिखमा घाउनेसम्म बनाएको थियो भन्ने कुराबाट उनी क्रान्तिकारी स्वभावका कवि भएको कुरा प्रष्ट हुन्छ । उनी बाल्यावस्थादेखि नै साहित्यतर्फ रुचि राख्दथे भन्ने कुरा १५ वर्षदेखि नै विभिन्न फुटकर कविता

लेखी फाटफुट प्रकाशन गरेको कुराबाट थाहा हुन्छ । २०११ सालमा जन्मिएका घिमिरे ४ वर्षको उमेरमा अर्थात् २०१५ सालमा आमाको ममताबाट वञ्चित भएर बाबुको लालनपालन र शिक्षादीक्षा प्राप्त गरी हुर्किएका भीमप्रसाद घिमिरे विविध कारणले उच्च शिक्षा हासिल गर्न सकेका छन् । यसै क्रममा २०४९ सालमा बुबाको देहवसान हुनु त्युसपछि फेरि २०४५ सालमा आफ्ना एक मात्र दाजु चन्द्रप्रसादको पनि गाडी दूर्घटनामा परी असामयिक निधन हुनु जस्ता हृदयविदारक घटनाक्रमले विचलित भएर रुमल्लिएको अवस्थामा आफूलाई सम्हाल्दै जीवनमा बाँच्नलाई केही गर्नुपर्छ भन्ने मान्यता बोकी घिमिरेले साहित्यिक बाटो रोजेको पाइन्छ । यस्ता दुखदायी घटनालाई संघर्षपूर्ण ढंगले सामना गर्दै देशमा बढ्दै गएको हत्या, हिँसा, अत्याचार र भ्रष्टाचार जस्ता भयाभह स्थितिले उनलाई साहित्य लेखनतर्फ उद्बोलित बनायो । साहित्यको माध्यमबाट पनि देशमा शान्ति सुव्यवस्था कायम गर्ने सकिन्छ भन्ने मान्यता उनमा रहेको पाइन्छ । उनले द्रुत गतिमा साहित्य लेखन कार्य भने २०२८ सालदेखि गरेको पाइन्छ । उनको पहिलो पाइलो रत्नकेशरी २०५५ साल पछाडि पिता धर्मानन्द घिमिरे, दाजु चन्द्रप्रसाद घिमिरे र आमा चन्द्रकला घिमिरेलाई श्रदाञ्जली स्वरूप शब्द सुमन ब्यक्त गर्दै पहिलो प्रकाशन भएको छ । त्यसपछि रक्तिम किरण नामक कविता संग्रह प्रकाशित भएको पाइन्छ । यसमा आफ्नो जन्मभूमिप्रतिको सद्भाव, देश र समाजको कुरूपताको चित्रण, उत्कृष्ट मानव बन्ने प्रेरणा, शासक र शासित बीचको अर्न्तद्वन्द्व, समाजमा उत्पन्न उत्पीडित आदिलाई प्रगतिवादी दृष्टिले अभिव्यक्त गरेका छन् । त्यसपछि संकटकाल नामक राजनैतिक लेख प्रकाशनको संघारमा रहेको छ । उनका रत्नकेशरी र रक्तिम किरण कृतिहरू २०६० सालमा मात्र प्रकाशित भएका हुन् । उनको पहिलो उपन्यास कल्पना प्रकाशोन्मुख अवस्थामा रहेको छ । त्यस्तै खण्डकाव्य काव्य झुपडी पनि प्रकाशोन्मुख अवस्थामा नै छ । उनको पहिलो कथा संग्रह कन्यादान पनि निकट भविष्यमा नै प्रकाशन हुने कुरा शोधनायक बताउँछन् ।

यसरी नेपाली साहित्यमा प्रवेश गरेका भीमप्रसाद घिमिरे विभिन्न पत्रपत्रिकाहरू मार्फत् नेपाली साहित्यमा अघि बढे । घिमिरे आफूले देखे भोगेका र अनुभव गरेका अनुभूतिका पानाहरूलाई पूर्वस्मृतिका तरङ्गमा घोलेर पाठकका आँखामा संसार डुलाइदिन्छन् । साहित्यको समबन्ध समाजसँग हुन्छ र राजनीतिले समाजको आर्थिक र साहित्यले सौन्दर्ययुक्त माध्यमबाट कलात्मक समीकरण गर्न खोजिएको छ ।

### २.११.२ लेख रचनाहरूको सूची

२०२६ सालदेखि निरन्तर साहित्य लेखनमा फाटफुट रूपमा देखा परेका भीमप्रसाद घिमिरे विभिन्न पारिवारिक समस्या झेल्दै र सामना गर्दै निरन्तर रूपमा अघि बढिरहेको छन् । उनका लेख रचनाहरू संख्यात्मक रूपमा थोरै भए पनि गुणात्मक रूपमा निकै उत्कृष्ट रहेका छन् । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका प्रकाशित कृतिहरू भन्दा अप्रकाशित कृतिहरू धेरै छन् । जानकारी प्राप्त भएसम्म विभिन्न लेख रचनाहरूको सूची तल दिएको छ :

नेपालीमा प्रकाशित तथा लिखित रचनाहरूको सूची :

| क.सं. | शीर्षक | विधा | प्रकाशित मिति |
|---|---|---|---|
| १. | रत्नकेशरी | गीतिकाव्य | २०६० । |
| २. | रक्तिम किरण | कविता सङ्ग्रह | २०६० । |
| ३. | कल्पना | उपन्यास | प्रकाशोन्मुख |
| ४. | झुपडी | खण्डकाव्य | प्रकाशोन्मुख |
| ५. | कन्यादान | कथा संग्रह | प्रकाशोन्मुख |
| ६. | विद्रोहको आभास | खण्डकाव्य | प्रकाशोन्मुख |
| ७. | संकटकाल | लेखहरूको संग्रह | प्रकाशोन्मुख |
| ८. | बलिया बागको दशा | कविता | अप्रकाशित |
| ९. | संविधान सभा | कविता | प्रकाशोन्मुख |
| १०. | घाइतेको पीडा | कविता | प्रकाशोन्मुख |
| ११. | शान्तिको खोजी | कविता | प्रकाशोन्मुख |
| १२. | परिवर्तन | कविता | अप्रकाशित |
| १३. | जनताको बल | कविता | अप्रकाशित |
| १४. | देशको मुहार | कविता | अप्रकाशित |
| १५. | बलिदान | कविता | अप्रकाशित |
| १६. | उठ उठ जनता हो | कविता | अप्रकाशित |
| १७. | नेताहरू होसियार | कविता | अप्रकाशित |
| १८. | मेरा स्वप्नाहरू | कविता | अप्रकाशित |

| | | | |
|---|---|---|---|
| १९. | खडेरी | कविता | अप्रकाशित |
| २०. | घामको झुल्का | कविता | अप्रकाशित |
| २१. | बिहानीको आस | कविता | अप्रकाशित |
| २२. | रगत पोखियो | कविता | अप्रकाशित |
| २३. | बिद्रोहको आभास | कविता | अप्रकाशित |
| २४. | पिँजडा | कविता | अप्रकाशित |

यसरी भीमप्रसाद घिमिरेले नेपाली साहित्यिका विभिन्न क्षेत्रमा कलम चलाएका छन् । उनका यी कृतिहरूमा विचारतत्व र मनोवैज्ञानिक तत्वको राम्रो प्रयोग भएको छ । मानवीय मूल्य र मान्यताको स्थापनार्थ अस्मिताको खोजी गर्नु घिमिरेको प्रमुख लक्ष्य हो । घिमिरेले आफ्ना कृतिमा स्वतन्त्रताको चाहना, कर्मण्यता र सङ्घर्षशीलतालाई मूल पात्रका माध्यमबाट व्यक्त गरको छन् । उनका कृतिमा चेतनप्रवाह पद्धतिको प्रयोग गरेर आजको मान्छेको मानसिक आरोह अवरोहलाई यथार्थ ढङ्गले प्रस्तुत गरेको प्रतीत हुन्छ । उनले प्रगतिवादी धारालाई आत्मसात् गरेर आफ्ना कृतिहरूलाई कलात्मक पाराले चित्रण गरेका छन् । उपर्युक्त कृतिहरूका कलात्मकता अतिरिक्त थुप्रै खोजमूलक लेख, कविता, समीक्षात्मक टिप्पणीहरू पनि विभिन्न पत्रपत्रिकामा प्काशित भएका छन् । यसबाट घिमिरेको लेखन र प्रकाशनमा निरन्तरता रहेको स्पष्ट हुन्छ ।

## २.१२ सम्मान तथा पुरस्कार

भाषा, साहित्य र समाजको सेवामा समर्पित व्यक्तिलाई त्यस समाज वा राष्ट्रले सम्मानित र पुरस्कृत गर्ने गर्दछ । आफ्नो कलिलै उमेरदेखि निरन्तर साहित्य साधनामा लागेका भीमप्रसाद घिमिरे पनि पुरस्कृत र सम्मानित भएका छन् । उनले विद्यार्थी जीवनदेखि नै साहितय लेख्ने र वाचन गर्ने तथा साहित्यिक कार्यक्रममा भाग लिई उत्कृष्ट साहितय सिर्जना वापत विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गर्दै आएका छन् । उनलाई साहित्य लेखनको उच्च मूल्याङ्कन गर्दै जन साहित्यिक मञ्च नेपालले २०६८ सालमा इटहरीमा एक भव्य समारोहका बीचमा अभिनन्दन, प्रसंशा पत्रका साथै पुरस्कारद्वारा सम्मान गरिएको थियो । त्यस कार्यक्रममा साहित्यिक क्षेत्रमा उच्च योगदान पुऱ्याए बापत अन्य १६ जना पनि सम्मानित भएका थिए । उनलाई संविधान दिवशको अवसरमा इलाम साहित्यिक मञ्चले आठराई क्षेत्रीय पुरस्कारद्वारा सम्मानित गरिएको थियो ।

## २.१३ शारीरिक अवस्था

भीमप्रसाद घिमिरेको शारीरिक अवस्था भने सन्तोषजनक नै छ । नियमित रूपमा व्यायाम तथा योग ागर्ने उनको शरीर फुर्तिलो र जाँगरिलो छ । उनलाई रोगका रूपमा सामानय पेटको समस्या रहेको छ । नियमितको कसरत, सरसफाई र स्वस्थ खानपानले गर्दा खासै असर गरेको छैन । गहूँगोरो वर्णका घिमिरे ५.५ फिटका छन् । उनको शरीरको तौल ६० किलोग्राम रहेको छ । समग्रमा भन्दा घिमिरेको उमेर करिब तीन कोरीको हाराहारीमा पुगे पनि उनी फुर्तिलो र लगनशील भएकोले उनको शारीरिक अवस्थालाई सामान्य मान्न सकिन्छ ।

## २.१४ जीवन धारणा/जीवनदर्शन

मानव जीवनमा दर्शनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । आध्यात्मिकतावादलाई केही मान्यता दिने घिमिरे भौतिकवादका पक्षधरका रूपमा बढी केन्द्रित रहेको पाइन्छ । आध्यात्मवादका केही कुराहरूलाई अनुशरण गर्नु तथा भौतिक पक्षका कुराहरूलाई परिस्कृत तथा परिमार्जित गरी समाजको परिवर्तन गर्न सकिन्छ भन्ने मूल्य मान्यता राखेर आफ्ना कृतिहरूमा भौतिकवादलाई जोड दिइएको पाइन्छ । जुन कुरा अरुले आफूप्रति गर्दा आफूलाई रिस उठ्छ, नराम्रो लाग्कछ, क्षति हुन्छ त्यो कुरा आफूले पनि अरुलाई गर्नुहुन्न भन्ने मान्यता उनमा छ । मानिस मानिस एक हौँ, आवश्यकता एउटै हो, अनि तिनको निराकरण पनि एकै तरिकाले गर्नुर्छ, समाजलाई समतामूलक बनाउनुपर्छ, समाज तथा राष्ट्रको उन्नति र प्रगतिमा हामी सबै एकजुट हुनुपर्छ भन्ने घिमिरेको मान्यता रहेको छ । उनका भावनामा देशप्रेम तथा जम्नभूमिप्रतिको सत्भाव पाइन्छ । त्यसै गरी प्रकृति चित्रण खबरदारी र सचेतता एंव क्रान्ति र बिद्रोहको भाव उनका साहित्यिक कृतिहरूमा पाइन्छ । कृतिमा सामाजिक विकृति र विसङ्गतिप्रति कडा प्रहार गर्दै समाज सुधारको आकांक्षा राखेका घिमिरेले हत्या, हिँसा र अतिवादको तीव्र विरोध गरेका छन् । मानवीय मूल्य मान्यतालाई जीवन दर्शनका रूपमा लिने घिमिरे मान्छेले मान्छेप्रति मानवीय भावनाले व्यवहार गर्नुपर्छ भन्दै आपसी बैमनस्य, मिचाइ, झगडा, थिचोमिचो र हिँसाका यावत प्रकृतिलाई हटाई आत्माले आत्मालाई चिन्नुपर्दछ भन्ने उनको विचार छ । उनको विचारमा जीवन नै संघर्ष हो र संघर्ष नै जीवन हो । हामी यस धर्तीमा संघर्ष गर्न आएका हौँ र हामी स्वतन्त्रपूर्वक बाँच्नका लागि हर प्रकारको संघर्ष गरिरहन्छौँ । संघर्ष बिनाको जीवन सार्थक हुँदैन । मानिसले अहिलेसम्म जे जति प्रगति गरेका छन् ती सबै संघर्ष कै उपज हो । त्यसैले हामीले संघर्ष गर्न जान्नुपर्छ र सधैँ प्रयत्नशील हुनुपर्छ । ज्ञान र विज्ञान, उन्नति र प्रगतिका दुई पाटा हुन् यी दुबैको समिश्रणबाट नै

नयाँ कुराको आविस्कार हुन्छ र यी दुवैको यथार्थ संयोगबाट प्राणीहरूको अस्थित्वको रक्षा हुन्छ । हामी आफूले आफूलाई पहिले चिन्नु पर्छ, म को हुँ ? मेरो कर्तब्य के हो ? म कहाँ छु ? के गर्दै छु ? र मैले के गर्नुपर्छ ? भन्ने कुरालाई राम्ररी विश्लेषण गर्दै आफू युगान्तकारी रूपमा कसरी बाँच्न सकिन्छ भनी जीवन र जगत्लाई सकारात्मक सोचका साथ विश्लेषण गर्दै हामी सबै सत्कर्ममा लाग्नुपर्छ भन्ने अभिप्रेरणा दिएका छन् । दुःखमा आत्तिनु हुँदैन र सुखमा मात्तिनु पनि हुँदैन, सुख दुःख जीवनको एक चक्र हो भन्ने कुरा बुझि धैर्य र सहासका साथ काम गरे जस्तोसुकै सफलता हासिल गर्न सकिन्छ भन्ने उनको धारणा रहेको पाइन्छ ।

# तेस्रो परिच्छेद

# भीमप्रसाद घिमिरेको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिका व्यक्तिगत एवम् सामूहिक जीवन भोगाईका क्रममा उसका जीवनमा देखा परेका साधारण एवम् असाधारण स्थितिबाट व्यक्तित्वको निर्माण हुन्छ । उसको व्यक्तित्वको निर्माण व्यक्तिगत रूपमा मात्र नभएर समाज, संस्कृति र साहित्यमा उसले खेलेको भूमिकाबाट पनि हुन्छ । व्यक्तित्व वंश परम्परागत जैविक वृत्तिपुञ्जका रूपमा सृजित हुन्छ र शिक्षादीक्षा सङ्गत र वातावरणका आलोकबाट प्राप्त वा आर्जित अनुभवद्वारा समृद्ध बन्छ (उपाध्याय, २०३९ : ३९) । व्यक्तित्वको अर्थ एकरूपता वा अनुरूपताको निर्माण हो । व्यक्तिले आफ्नो आन्तरिक स्वरूपलाई दृढ बनाउने क्रममा प्रत्येक परिवर्तित स्थितिमा प्रतिभाको स्पष्ट र गहन छाप छाडेको हुन्छ । त्यसैले व्यक्तित्वको अर्थ परिवर्तनशीलता नभई प्रतिकूल स्थिति अनुकूल चल्न सक्ने त्यो शक्ति सत्ता हो जसले मानिसलाई प्रत्येक क्षणमा आफ्ना दृष्टिकोण राख्न अभिप्रेरित गरेको हुन्छ , यही व्इक्तिभित्र निहित प्रतिभाले नै व्यक्तित्वलाई चिनाएको हुन्छ (ओझा, सन् १९७५ : ३१) । वास्तवमा व्यक्तिका जीवनमा देखा परेका विविध पक्ष र त्यसमा निहित प्रतिभाले उसको व्यक्तित्वको परिछय दिन्छ । कुनै पनि व्यक्तिको व्यक्तित केलाउँदा उसको जीवनका अनेकौं मोड र आयामहरूको अवलोकन गर्नु पर्ने हुन्छ । यसमा उसले आर्जन गरेका सीप र साधन अनि उसका पारिवारिक सामाजिक सम्बन्धको पनि उत्तिकै भूमिका हुन्छ (शर्मा, २०५५ : ४७) । अत: व्यक्तित्व व्यक्तिको अनुभव, ज्ञान, आस्था, झुकाउ, शिक्षादीक्षा, मूल प्रवृत्ति तथा आर्जित गुण एवम् प्रवृतिको समूह हो । व्यक्तित्वले नै उसलाई समाजमा चिनाउँछ । समाजमा उसले देखाएको गति, प्रकृति आचरणका साथै उसमा रुचि र स्वभावबाट पनि उसको व्यक्तित्व निर्माण भएको हुन्छ । यसका रचनात्मक एवम् विकासात्मक कार्यहरूमा उसको व्यक्तित्वको प्रष्ट छाप परेको हुन्छ ।

व्यक्तिको व्यक्तित्वपुञ्जको निर्माणमा उसको परिवार समाज, साथीसंगतिको सहसान्निध्य, नातागोता र कुलकुटुम्बका आदर्श, धर्मसँस्कृति र विचार दर्शनले पनि महत्वपूर्ण भीमका खेलेको हुन्छ । एउटै व्यक्ति साहितय र समाजप्रति समर्पित हुँदा उसका व्यक्तित्वका बहुविधा पाटाहरूको निर्माण हुन्छ भने सृजनशील एवम् सामाजिक कार्यहरूले सार्वजनिक व्यक्तित्वको निर्माण गर्दछ । यस अध्यायमा भीमप्रसाद घिमिरेको विविध परिवेशबाट निर्मित व्यक्तित्वको अध्ययन गरिएको छ ।

## ३.२ भौतिक व्यक्तित्व र स्वभाव

व्यक्तिका नितान्त वैयक्तिक जीवनसँग सम्बन्धित कुराहरू, जस्तै : रूप, आकारप्रकार, रुचि, स्वभाव, आचरण र प्रवृत्तिले उसको निजी व्यक्तित्वको निर्माण गरेको हुन्छ । शारीरिक दृष्टिले हेर्दा भीमप्रसाद घिमिरे पाँच फिट पाँच इन्च अग्ला मझौला आकृतिको व्यक्ति हुन् । उनको उच्च ललाट तेजस्वी आँखा, मिलेको नाक, सेतो केशराशि रहेको छ । गोलो मुखमण्डल र गहुँगोरो वर्ण भएका व्यक्ति हुन् घिमिरे । सदैव चनाखो देखिने घिमिरे सँधै सामान्य पोषाक लाए पनि सफाचट रहन्छन् । सफा अनुहार रहेका भौतिक व्यक्तित्व हेर्दा सामान्य जस्तो देखिन्छन् । पोसाकमा उनी सामान्यतः सेतो सट, कालो पाइन्छ, जुत्ता मोजा, कालो टोपी, तथा कालो कोट लगाउने गर्छन् भने कहिलेकाहीँ त्यस्तै उनी वातावरण अनुकूल कपडा पनि लगाउँछन् । मझौला शरीर ठिक्कको ज्यानमा कपडा लगाउादा सुहाउँदिलो र भद्र देखाउँछ ।


भीमप्रसाद घिमिरे भौतिक रूपमा जस्तो देखिए पनि विचार र बुद्धितत्वका दृष्टिले उचच देखिन्छन् । उनी सरल निश्चल र मिजासिलो स्वभाव भएका देखिन्छन् । उनी सहयोगी र स्वाभिमानी प्रकृतिका छन् । उनी आफूसँग मिल्नेसँग फूल जस्तै कोमल र आफूसँग नमिल्नेसँग पत्थरजस्तै कडा देखिए तापनि सबैसँग मित्रवत् व्यवहार गर्छन् । उनको बोलीमा मिठास पाइन्छ । उनी दुःख, कष्ट दिन चाहँदैनन् । स्पष्ट बोल्ने र उनको अध्ययनशील व्यक्तित्वले आन्तरिक व्यक्तित्व निर्माणमा सोची विचारी बोल्ने व्यक्तित्वको निर्माण गरेको छ । उनी अन्धपरम्परा, सँस्कृति, विकृति र विसङ्गतिको विरोध गर्छन् तर भौतिकवादको बढी शक्ति हुने कुरामा जोड दिन्छन् । बौद्धिकता र अध्ययन क्षेत्र व्यापक भएकोले उनमा संयोजनशीलता पनि बढी छ । उनी उच्च विचारमा आस्था राख्ने तथा आफ्नो भाषा, संस्कृति, रीतिरिवाज र राष्ट्रियताका हिमायती हुन् भन्ने कुरा उनका कृतिहरूबाट थाहा हुन्छ । भोजनमा उनी सर्बहारी भए तापनि तामसी खाने कुरलाई त्यति मन पराउँदैनन् । कुलत र दुर्व्यसनबाट टाढै रहेका घिमिरे अझ त्यस्ता व्यक्तिहरूलाई सल्लाह र सुझाव दिँदै दुर्व्यसनबाट टाढा रहन आग्रह गर्दछन् । खानेकुरालाई मिठो नमिठो भनी विभेद गर्दैनन् । बरु रुचेको जति खाएर चुप लागि उठ्छन् । दाल, भात, तरकारी, माछा, मासु, दुध, दही फलफूल उनका रुचिका विषयहरू हुन् ।

भीमप्रसाद घिमिरे सरल, शान्त र जिज्ञासु स्वभावका छन् । फुर्सदको समयमा पुस्तकहरूको अध्ययन गरेर र केही साहित्यिक रचनाहरू लेखेर सन्तुष्ट लिने गर्छन् साथै मन मिल्ने साथीभाइहरूसँग साहित्य, दर्शन, सस्ँकृति र राजनीतिका विषयमा छलफल गर्न रुचाउँछन् । समयको राम्रो ख्याला गर्ने र समय अनुरूप चल्नु पर्छ भन्ने मान्यता राख्ने घिमिरे अरुको खासै आलोचना र निन्दा गर्न चाहँदैनन् । सफलता र विफलता, दुःख सुखजस्ता मानवीय जीवनका चक्रलाई उनले सामान्य रूपमा लिने गर्छन् ।

मिलनसार दयालु र सहयोगी प्रवृतिले गर्दा उनको व्यक्तित्व प्रभावशाली देखिन्छ । सादा जीवन उच्च विचार राख्ने, मझौला आकारको शरीर पोसाक भन्दा व्यक्तिलाई ठूलो मान्ने घिमिरे सहयोगी, मितभाषी, स्वाभिमानी, परिश्रमी, धीर, अध्ययनशील प्रवृत्ति तथा बौद्धिकताले उनको आन्तरिक व्यक्तित्वको निर्माण गरेको छ ।

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि व्यक्तित्वले जीवनको उतारचढाव, क्रियाप्रतिक्रिया र जीवन भोगाइमा नै निर्भर गर्दछ । व्यक्तिको व्यक्तित्व निर्माणमा पारिवारिक, सामाजिक, साँस्कृतिक, आर्थिक एवम् राजनैतिक पृष्ठभूमिले निर्णायक भूमका खेलेको हुनछ । यसका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा र जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक बन्छ । यिनै आधारमा हेर्दा भीमप्रसाद घिमिरेको व्यक्तित्वका विभिन्न पाटाहरू देखा पर्दछन् । तिनलाई यहाँ विभाजन गरी अध्ययन गर्न सकिन्छ :



### ३.३.१ साहित्यिक व्यक्तित्व

भीमप्रसाद घिमिरेको आफ्नो साहित्य लेखनको सुरुवात कविता लेखनबाट हुन्छ । उनले १५ वर्षको कलिलो उमेरदेखि नै फाटफुट रूपमा कविता लेख्ने गरे तापनि २०२८ सालबाट यस क्षेत्रमा क्रियाशील भएका छन् । उनको पहिलो प्रकाशित कृति रत्नकेशरी हो । जुन उनको लेखाइ र प्रकाशनका दृष्टिले पनि पहिलो कृति हो । लामो अन्तरालपछि अर्थात् २०२८ सालबाट सुरु भई तीन दशक पछाडि प्रकाशित भएको रक्तिम किरण कविता संग्रहमा साढे चार दर्जन फुटकर कविताहरू संकलित छन् । उक्त कृतिमा आफ्ना पिताप्रति नतमस्तक हुँदै आस्था र सम्मान प्रकट गरी लेखिएको श्रद्धाञ्जली कविताबाट सुरु गरी आफूलाई जीवन बाँच्न सिकाउने ठीक बेठीक एंव न्याय अन्यायको ज्ञान प्रदान गर्ने व्यक्तित्वप्रति कृतज्ञता व्यक्त गरिएको पुष्पाञ्जली कविताबाट अन्त्य गरिएको छ । एकै किसिमको विचार, विषय र शैलीमा लेखिएका यस रक्तिम किरण कविता संग्रह भित्रका कविताहरूले कवि घिमिरेको कवि व्यक्तित्व विशेष गरी २०४६ सालपछि तीव्र रूपमा क्रियाशील भएको पुष्टि हुन्छ । यो कृति पनि २०६० सालमा प्रकाशन भएका थियो । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । ती मधये कविता नै उनको पहिलो विधा हो । उनले विद्रोहको आभास खण्डकाव्य २०६५ सालमा रचना गरेका हुन् । त्यस्तै उनले बलिया बागको दशा २०६३ सालमा रचना गरेका छन् । उनका सङ्कटकाल लेखहरूको संग्रह, कल्पना उपन्यास, झुपडी खण्डकाव्य, कन्यादान कथा संग्रह २०५९ सालमा रचिएका हुन् । उनले विभिन्न समयमा निबन्धहरू पनि रचना गरेका छन् । उनले रचना गरेको पहिलो निबन्ध आठराईमा फूलेका स्वप्नाहरू रहेको छ । उनका अनय थुप्रै लेख रचनाहरू पनि अप्रकाशित अवस्थामा नै रहेका छन् ।

भीमप्रसाद घिमिरेले करिब चार दशक लामो साहित्यिक यात्रा तय गर्दा थुप्रै रचनाहरू सिर्जना गरेका छन् । उनको साहित्यिक योगदान बापत बेला बेलामा विभिन्न पुरस्कार तथा प्रसंसापत्रद्वारा सम्मानित पनि भएका छन् । यति धेरै साहित्य सिर्जना गरेर पनि प्रकाशनको दृष्टिले २ वटा कृति मात्र हाल उपलब्ध छन् । उनका कही कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । अनि केही रचनाहरू अप्रकाशित अवस्थामा नै रहेका छन् । भीप्रसादले विभिन्न पत्र पत्रिकामा आफ्ना प्रशस्तै फुटकर लेख रचनाहरू प्रकाशित गरेका छन । नव बिहानी, खोजतलास, तीनजुरे, नयाँ किरण गुञ्जन, नागरिक जस्ता पत्र पत्रिकामा उनका रचना प्रकाशित रहेका छन् । कविता, खण्डकाव्य, नाटक, गीतिनाटक, कथा जस्ता साहित्यिक रचनाहरू बौद्धिक छटाले भरिएका छन् भने सरल, सुबोध्य र स्तरीय पनि छन् ।

नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिए पनि अवसर र आर्थिक अवस्थाको कमीले ओझेलमा पर्दै आएका घिमिरेका साहितियक व्यक्तित्वका विभिन्न पाटाहरूमा कवि, कथाकार, गीतिकाव्यकार, उपन्यासकार, निबन्धकार, नाटककार आदि रहेको छ ।

### ३.३.१.१ कवि व्यक्तित्व

भीमप्रसाद घिमिरेको साहित्यि लेखनको सुरुवात नै कविता लेखनबाट भएको पाइन्छ । उनले आफ्ना पिता र दाजुबाट प्रेरणा पाएर कविता लेखन कार्य सुरु गरेका हुन् भने कतिपय साहित्यकारका साहित्यिक कृतिको अध्ययन गरेर पनि साहित्यिक प्रेरणाको स्रोत बटुलेको कुरा उनी बताउँछन् । उनका पिता शिक्षाप्रति अनुरागी भएर नै आफ्ना सन्तानलाई समयमा नै उचित शिक्षादीक्षा दिने कार्यमा लागि रहे । उनीहरूलाई हौसला र प्रेरणा दिएर सही मार्गमा अघि बढाउने कार्यमा लागिरहे, त्यसैको फलस्वरूप कवि भीमप्रसाद कविता लेखनतर्फ अघि बढ्न सफल भए । उनले विद्यार्थी जीवनदेखि नै कविता लेख्न थाले पनि धेरे लामो अन्तराल पश्चात मात्र त्यसले ठोस रूप पाएको पाइन्छ । फाटफुट रूपमा विभिन्न पत्र पत्रिकामा प्रकाशित पनि भएका छन् । वि.सं. २०२८ सालबाट कविता क्षेत्रलाई तीव्र रूप दिई अघि बढेका घिमिरे तीन दशक लामो अन्तरालपछि रक्तिम किरण कविता संग्रह र रत्न केशरी गीतिकाव्य प्रकाशन गर्न सफल भएका छन् । उनी गद्यमा भन्दा पद्यमा कविता लेख्न बढी रुचाउँछन् । उनका कविताहरू कुनै न कुनै छन्दमा बाँधिएका पाइन्छन् ।

रक्तिम किरण कविता सङ्ग्रह प्रकाशित गरेर नेपाली साहित्यमा फड्को मारेका घिमिरेका विभिन्न समयमा राष्ट्रिय तथा स्थानिय पत्रिकामा धेरै कविताहरू प्रकाशित छन् । उनका कवितामा समसामयिक विषयवस्तुमा चोटिलो प्रहार पाइन्छ साथै राष्ट्रिय भावनाले ओतप्रोत भएका कविता पनि लेख्छन् । प्राकृतिक छटाका कलात्मक विषयवस्तुका माधयमबाट सुन्दर कवितात्मक अभिव्यक्ति पनि उनी दिन्छन् । गरिबी, असमानता, सामाजिक बेमेल आदिको गहकिलो प्रस्तुति उनी गर्छन् । यसरी उनी एक सफल कविका रूपमा देखिएका छन् ।

### ३.३.१.२ कथाकार व्यक्तित्व

नेपाली साहित्यको कथाकार व्यक्तित्वका रूपमा पनि उदाएका भीमप्रसाद घिमिरेले कथा लेखनको थालनी कन्यादान (२०५८) बाट सुरु गरेका हुन् । उनले विभिन्न समयमा थुप्रै कथाहरू लेखेका छन् । उनका कथाहरू कन्यादान कथा सङ्ग्रहमा संग्रहीत छन् । उनका कन्यादान कथा

संग्रहमा संकलित कथाहरूमा चोरलाई चौतारी साधुलाई सुली, मालतीको हिम्मत, नसोचेको पीडा, भ्रष्टाचारको जालो र कन्यादान गरी जम्मा पाँचवटा कथाहरू संकलित छन् । यी सबै कथाहरू वि.सं. २०५८-५९ सालतिर रचना गरिएका हुन् । जुन कथा संग्रह प्रकाशनको तयारीमा रहेको छ । यसका साथै विभिन्न समयमा विभिन्न पत्रपत्रिकामा फुटकर कथाहरू प्रकाशित छन् ।

समाजका विभिन्न परिवेश र पात्रहरूको सफल रूपमा प्रयोग गरी कथा लेख्ने घिमिरेले आफ्ना कथामा समाजका विकृति विसङ्गतिको तिखो व्यङ्ग्य गरेका छन् । ग्रामीण समाजका झिनो विषयवस्तुलाई आफ्नो कथानक बनाएर कथा लेख्ने घिमिरे एक सफल कथाकार हुन् ।

### ३.३.१.३ खण्डकाव्यकार व्यक्तित्व

खण्डकाव्यकारका रूपमा वि.सं. २०५८-५९ सालमा उदाएका भीमप्रसाद घिमिरेले झुपडी नामक खण्डकाव्य प्रकाशनमा ल्याउने तयारीमा रहेका छन् । यो खण्डकाव्य नै उनको पहिलो खण्डकाव्य मानिन्छ । उनको एक मात्र खण्डकाव्य झुपडीमा देशका गरिब जनताहरू दुःख, कष्ट र व्यथाहरू सहँदै बाध्य भई सानो झुपडीमा जीवन बिताउने सत्य तथ्य विषयवस्तुलाई प्रस्तुत गरिएको छ ।

### ३.३.१.४ नाटककार व्यक्तित्व

भीमप्रसाद घिमिरेले नाटक लेखनलाई पनि अघि बढाउका छन् । उनको पहिलो नाटक शक्ति (२०६७-६८) हो । उनको नाटक मञ्चन भएका छैन । राजनीति उत्थल पुत्थलका क्रममा प्रशासनले जनतामाथि जस्तो सुकै निरङ्कुशतन्त्रले शासन गरे पनि अन्त्यमा जनताको शक्ति नै बढी शक्तिशाली हुने र जनताको निर्णय नै अन्तिम निर्णय हुन सक्ने कुरा यस नाटकमा उल्लेख गरेका छन् । प्रजातन्त्रको स्थापनापछि सबै जनताले मुक्ति पाउने भन्ने भावना बोकेको यो नाटक राष्ट्रिय भावले ओतप्रोत भएको छ । समाजमा विद्यमान विकृति विसङ्गतिलाई निराकरण गरी सुन्दर र सभ्य समाज निर्माण गरौँ भन्ने भाव पनि यस नाटकमा ब्यक्त गरिएको पाइन्छ ।

### ३.३.१.५ निबन्धकार व्यक्तित्व

भीमप्रसाद घिमिरेले आफ्नो निबन्ध लेखन कार्यलाई पनि अघि बढाएका छन् । उनको पहिलो निबन्ध संग्रह आठराईमा फूलेका स्वप्नाहरू (२०६८) हो र सोही समयमा अन्य निबन्धहरू आवश्यकता, शान्ति र संम्झना, देशको अवस्था, मेरा चाहानाहरू जस्ता निबन्धहरू रचना गरेका

छन् । जुन प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनका निबन्धहरू फाटफुट रूपमा नवबिहानी, नौलो सन्दर्भ, खोजतलास जस्ता पत्रिकामा प्रकाशित रहेका  छन् ।

### ३.३.२ साहित्येत्तर व्यक्तित्व

#### ३.३.२.१ समाजसेवी व्यक्तित्व

समाज र राष्ट्रका विविध कार्यमा आफूलाई सरिक बनाएर आफ्नो व्यक्तित्वको निर्माण गर्नुका साथै आँखा अगाडि गुज्रँदै र खस्कँदै गएको समाजको उत्थानका लागि सामाजिक सङ्घ संस्थामा संलग्न भई त्यहाँको विकासात्मक कार्यमा लाग्नु सामाजिक प्रणीको दायित्व र कर्तव्य हो । सामाजिक जीवन उत्थानका क्रममा समाजसँग सम्बद्ध भएर तयस समाजको लागि हित, कल्याण र समुन्नति हुने काम गर्दै जाँदा कुनै पनि व्यक्तिको सामाजिक व्यक्तित्व बन्दै जान्छ । भीमप्रसाद घिमिरेका कुल परम्परालाई हेर्दा उनका पिता पुर्खाहरूले पनि समाजसेवामा आफूलाई समर्पित गरेको पाइन्छ । उनका पिताले आफैं धुलौटे विद्यालय खोलेर निःशुल्क शिक्षण गर्ने कार्य गर्थे । गरिब र असहायलाई ठूलो सहयोग गर्थे । उनी समाजमा सबै शिक्षित भएको हेर्न चाहन्थे ।

भीमप्रसाद घिमिरेले विभिन्न संघसंस्थामा रहेर समाजसेवा गरेका छन् । उनले २०३४ सालदेखि तेह्रथुमका विभिन्न विद्यालयमा अनवरत रूपमा शिक्षण कार्यमा धेरैजसो समय बिताए साथै अन्य सामाजिक, राजनैतिक कार्यमा करिब ३२ वर्षसम्म अनवरत रूपमा लागिरहेका छन् । त्यस्तै नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य, नेपाल राष्ट्रिय शिक्षक संगठनका आजीवन सदस्य समेत भई काम गर्दै आएका छन् । उनी समाजमा एक अग्रणी व्यक्तित्वका रूपमा रही अनय विकास निर्माणका कार्यहरू तथा सामाजिक कार्यहरू जस्तै बाटो निर्माण, विद्यालय निर्माण तथा विस्तार, बिजुली, खानेपानी, सिँचाई, सञ्चार र स्वास्थ्य जस्ता कार्यमा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ब्यक्तिका रूपमा चिनिएका छन् । दीन दुःखीहरूलाई सहयोग गर्नु, उनीहरूप्रति सद्भाव व्यक्ति गरी मन, वचन र कर्मले सेवा गर्नु उनी आफ्नो कर्तब्य ठान्दछन् । आफ्नै गाउँ इवामा उच्च मा.वि. खोल्नका लागि पहल कदमी गर्दै आर्थिक तथा भौतिक सहयोग पनि गरेका छन् ।

### ३.३.२.२ शिक्षक व्यक्तित्व

मानिसको व्यक्तित्व निर्माणको महत्वपूर्ण सहयोगी पक्ष भनेको शिक्षण पेसा हो । एउटा असल शिक्षक शिक्षण पेसाबाटै सर्बत्र चिनिन्छ र सर्बत्र पुजित हुन्छ । जसको पढाउने क्षमता राम्रो हुन्छ उसलाई विद्यार्थीले कहिल्यै बिर्सिन छैनन् । त्यस्तै विद्यार्थी र अविभावकका माध्यमबाट सारा समाजमा ऊ परिचित हुन्छ । यस्तै महत्वपूर्ण व्यक्तित्व हुन् भीमप्रसाद घिमिरे । सँधै हँसिला मिजासिला कहिल्यै नरिसाउने, निश्पक्ष र विद्यार्थीका प्रिय पात्र भीमप्रसादले आफ्नो शिक्षण कार्य २०३४ सालबाट प्रणामी मा.वि. बाट नियुक्ति भई सम्दुको सिंहदेवी प्रा.वि. सम्दुमा कार्य गरे । त्यसपछि भानु प्रा.वि. इवामा ८ देखि १२ वर्षसमम सेवा गरे पश्चात पुनः २०५१ सालदेखि प्रणामी उच्च मा.वि. मा शिक्षकको रूपमा सेवा गर्दै आएका छन् ।

उदार, लगनशील, सहयोगी, मिलनसार शिक्षक भीमप्रसाद तेह्रथुमेली समाजप्रति एकदम लोकप्रिय व्यक्तित्व हुन् । साना ठूला, गरीब धनी सबैसँग अति नै मिलनसार रहने, आफ्नो क्षमताले भ्याएसम्म सबैलाई सहयोग गर्ने, समयको पालनप्रति सजग, विद्यार्थीहरूबीच रमाउने घिमिरे आफ्ना सहकर्मी साथीहरूबीच पनि रुचाएका पात्रका रूपमा स्थापित छन् । आफ्नो करिब तीन कोरी उेमर पुग्न लाग्दा पनि उत्तिकै जाँगरिला छन् । उनी आफ्नो कर्तव्यप्रति सधैँ सजग व्यक्तिका रूपमा पनि चिनिन्छन् ।

## ३.४ भीमप्रसाद घिमिरेको साहित्यिक यात्रा

भीमप्रसाद घिमिरेको साहित्यक यात्राको थालनी बाल्यकालिन अवस्थाबाटै भएको पाइन्छ । १५ वर्षको कलिलो उमेरदेखि नै फाटफुट कविता लेख्न थाले पनि २०२८ सालदेखि औपचारिक रूपबाट साहित्य लेखनको थालनी भएको मानिन्छ । साहित्य लेखनका दृष्टिले रक्तिम किरण कविता संग्रह पहिलो कृति हो भने प्रकाशनका दृष्टिले रत्नकेशरी गीतिकाव्य पहिलो कृति मानिन्छ । उनको रक्तिम किरण कविता संग्रहमा उनले आफ्ना पिताप्रति नतमस्तक हुँदै आस्था र सम्मान प्रकट गरी लेखिएको श्रद्धाञ्जली कविताबाट सुरु गरी आफूलाई जीवन बाँच्न सिकाउने ठीकबेठीक एंव न्यायअन्यायको ज्ञान प्रदान गर्ने व्यक्तित्व प्रति कृतज्ञता व्यक्त गरिएको पुष्पाञ्जली कविताबाट अन्त्य गरिएको यस कविता संग्रहमा जम्मा साढे चार दर्जन फुटकर कविताहरू संकलित छन् । एकै किसिमको विचार, विषय र शैलीमा लेखिएका यस भित्रका कविताहरूले कवि घिमिरेको कवि व्यक्तित्व विशेष गरी २०४६ सालपछि नै क्रियाशील भएको हो । यहाँ व्यक्त अनुभूतिपरक चिन्तनबाट कवि प्रजातन्त्रको संरक्षण प्रति विशेष चिन्तित रहेको देखिन्छ । कवितामा यही अवधिका

सामाजिक एंव राष्ट्रिय जीवनका विसङ्गतिमाथि प्रहार गर्दै आफ्ना वैचारिक आस्था र आकाँक्षाहरूलाई प्रकट गरिएको छ । वि.सं. २०४६ देखि वि.सं. २०५८-५९ साल सम्ममा उनले यस कवितामा संकलित सबै कविताहरू रचना गरिसकेका थिए भने रत्नकेशरी पनि रचना गरेका थिए ।

यसरी साहित्य लेखनमा अगाडि बढेका घिमिरेले आजसम्म आईपुग्दा थुप्रै फुटकर लेख रचनाहरू कविता, कथा, नाटक, निबन्ध, आदि विधामा लेख्ने र प्रकाशन गर्ने भए तापनि उनको सबैभन्दा रुचिको विषय चाहिँ कविता विधा नै हो । उनले 'झुपडी' खण्डकाव्य, 'कल्पना' उपन्यास, 'कन्यादान' कथा संग्रह, 'संकटकाल' लेखहरूको संगालो, 'शक्ति' नाटक आदि रचना गरेका छन् । उनको साहित्यिक यात्रा आजसम्म निरन्तर अगाडि बढीरहेको पाइन्छ । यसरी घिमिरेको साहित्यिक यात्राले नेपाली साहितयमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

### ३.४.१ भीमप्रसाद घिमिरेको साहित्यिक यात्राको चरण विभाजन

कुनै पनि साहित्यकारको साहित्यिक यात्रामा क्रममा विभिन्न घुम्ती र मोडहरू अवश्य आउँछन् । त्यस साहित्यकारको साहित्यक यात्रालाई विभिन्न चरणमा विभाजन गर्ने केही न केही आधारहरू पनि हुन्छन् । साहित्यकारको साहित्यिक इतिहासमा देखा परेका विभिन्न रचनाका प्रवृत्तिगत परिवर्तन, रचनाहरूको परिणाम, गुणस्तर, धारणागत प्रवृत्तिको अन्तर्विकास साहित्यिक रचना वा कृतिगत प्रकाशन चिन्तन पक्षको परिवर्तन आदिजस्ता आधारहरू लिएर साहित्यिक यात्राको चरण मोड वा कालको विभाजन गर्ने गरिन्छ (लुइटेल, २०४६ : १०२) ।

यसरी हेर्दा साहित्यकार भीमप्रसाद घिमिरेको साहित्यिक यात्राका क्रममा पनि अनय साहित्यकारहरूको साहित्यिक यात्रामा आएका मोड वा घुम्तीहरूजस्तै आउनु स्वभाविकै हो । यहाँ उनको साहित्यिक यात्रालाई दुई चरणमा विभाजन गर्न सकिन्छ :

पूर्वार्द्ध चरण (सुरुदेखि - २०४५ सम्म)

उत्तरार्द्ध चरण : (वि.सं. २०४६ - हालसम्म)

#### ३.४.१.१ पूर्वार्द्ध चरण (सुरुदेखि - २०४५ सम्म)

भीमप्रसाद घिमिरेले अनौपचारिक लेखनको थालनी वि.सं. २०२४ सालबाट गरेको पाइन्छ । उनले १५ वर्षको उमेरमा लेखेको सबैभन्दा पहिलो कविता दु:खको साँचोले सुखको ढोका उघार्छ हो यो वि.सं. २०२८ मा लेखिएको थियो । यो नै उनको औपचारिक कविता लेखनको थालनी हो । पहिलो चरुणमा उनले रक्तिम किरणमा संग्रहित कविताहरूमध्ये केही कविताहरू लेखिसकेका थिए ।

यस चरणमा देशप्रेम, आमाको घाउ, मेरो झुपडी, म के हुँ, म के बन्छु, दुःखीको दुःख, मेरो नेपाल, जवान, कमलको महिमा, शिक्षाले सजाऔं, मातृभूमि, मेरो अभिलाषा, सैसला आदि जस्ता थुप्रै कविताहरू लेखिएका पाइन्छ । उनका कतिपय कविताहरू विभिन्न पत्रिकामा प्रकाशित पनि भएका छन् । उनका विभिन्न लेख रचनाहरू विभिन्न समयमा औपचारिक तथा अनौपचारिक रूपमा लेखन तथा प्रकाशन भएका छन् ।

घिमिरेले यस समयमा शास्त्रीय छन्दमा आधारित भएर धेरै कविताहरू लेखेको पाइन्छ । उनले घरायसी कुराहरू, प्रकृति, सामाजिक विषयवस्तुहरू र राजनैतिक विषयवस्तुलाई पनि समेटेर कविताका साथै निबन्धहरू पनि लेखेका छन् । उनको पहिलो निबन्ध आठराईमा फूलेका स्वप्नाहरू इस चरण लेखिएको हो । अभ्यासकै समयका रचनाहरू भए पनि उनका यस समयका रचनाहरू गहकिला रहेको पाइन्छ । उनका यस चरणका कृतिमा यथार्थको सटीक र सुन्दर प्रस्तुतिकरण गरिएको छ । उनी प्रवाहमान निजी शैली र प्रस्तुतिमा सिद्धहस्त साहित्यकार मानिन्छन् । यसरी घिमिरेले साहित्यिक यात्राको प्रथम चरणमा नै ठूलो फड्को मारेका छन् ।

### ३.४.१.२ उत्तरार्द्ध चरण : (वि.सं. २०४६ - हालसम्म)

भीमप्रसाद घिमिरेको साहित्यिक यात्राको उत्तरार्द्ध चरण वि.सं. २०४६ देखि हालसम्मलाई मान्न सकिन्छ । पूर्वार्द्ध चरणमा घिमिरे कविता, लेख रचना र निबन्धमा दौडिएका थिए भने यो चरणमा उनले लेखन क्षेत्रलाई फराकिलो बनाएका छन् । उनले यो चरणमा लेखन कार्यलई तीव्रताका साथ अगाडि बढाउँदै विभिन्न धार्मिक कविताहरू, खण्डकाव्य, प्रबन्धकाव्य, कथासङ्ग्रह, कवितासङ्ग्रह, नाटक, उपन्यास, गीतिकाव्यका साथै थुप्रै फुटकर लेख रचनाहरू लेखन तथा प्रकाशन गरेका छन् । यसै चरणमा उनले रक्तिम किरण कविता संग्रह र रत्नकेशरी गीतिकाव्यलाई पूर्णता दिएका छन् । यो चरणमा उनले सामाजिक एंव राष्ट्रिय जीवनका विसङ्गतिमाथि प्रहार गर्दै आफ्ना बैचारिक आस्था र आकाँक्षाहरूलाई प्रकट गरेका छन् । यसै चरणमा उनले लेखहरूको संगालो संकटकाल पनि रचना गरेका छन् । उनका झपडी खण्डकाव्य, कल्पना उपन्यास, कन्यादान कथा संग्रह, शक्ति नाटक आदि रचना प्रकाशोन्मुख अवस्थामा छन् । उनले २०६८ सालमा आठराईमा फूलेका स्वप्नाहरू, आवश्यकता, शान्ति र संविधान, देशको अवस्था, मेरा चाहनाहरू ज्स्ता निबन्धहरू लेखेका छन् ।

भीमप्रसाद घिमिरेका कन्यादान कथा संग्रहभित्र चोरलाई चौतारी साधुलाई सुली, मालतीको हिम्मत, नसोचेको पीडा, भ्रष्टाचारको जालो कथाहरू संकलित छन् । उनका अन्य कविताहरूमा बलिया बागको बल, परिवर्तन, देशको मुहार, बलिदान, उठ है उठ जनता हो, नेताहरू होसियार, मेरा स्वप्नाहरू, खडेरी आदि यस चरणमा लेखिएका हुन् । घामको झुल्का, बिहानीको आस, रगत पोखियो जस्ता कविता पनि यस चरणमा लेखिएका हुन् । यी कविताहरू जनआन्दोलन २०६२-६३ साल पछाडिको राजनीतिक परिवेशलाई आधार मानेर लेखिएका हुन् । उनका कृतिहरूमा रत्नकेशरी गीतिकाव्य र रक्तिम किरण कविता संग्रहबाहेक अरु सबै अप्रकाशित तथा प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनले अन्तिम चरणमा लेखिएका कविताहरू, श्रद्धाञ्जली, प्रजातन्त्रमा कालो छायाँ नपरोस, नारीको रोदन, शिक्षक र शिक्षा आधारभूत आवशयकता राष्ट्रिय चिन्तन, शहिदलाई श्रद्धाञ्जली, दुःखीको दुःख, बन्दुकले विचार मारिँदैन, शिक्षक एकता, मेरो नेपाल, जवान प्रजातन्त्र, खबरदार, गुरु, भावनाको परिदृश्य, शिक्षाले सजाऔँ मातृभूमि, अब त ठुले बौलाए जस्तो छ , मानव, शैसला, रक्तिम किरण, क्यान्सर लाग्यो, सन्देश, ती वीरप्रति, बत्ति, युगको सन्देश, नेपाली हामी, पाथीभराको दर्शन, देशका सेवक, जेलको आवाज, आसुरी नेता, अब तिम्रो पालो पुग्यो, साँचो बोल्दा बात लाग्छ, आँधी, मेरो घर भाँडिएको छ, सूर्यको अभ्युदय, संग्राममा रोक लगाउँ, मुलुक अब परिवर्तनको संघारमा छ, शोच, पुष्पाञ्जली जस्ता फुटकर कविताहरू रक्तिम किरण कविता संग्रहमा संग्रपहत छन् । यही चरणमा यो संग्रह प्रकाशित भएको हो ।

भीमप्रसाद घिमिरेको साहित्यिक यात्राको यस चरणलाई उर्वर समयको रूपमा लिन सकिन्छ । यस चरणमा घिमिरेका ठूलो परिमाणमा साहित्यिक कृतिहरूको रचना हुनुको साथै केही पुस्तककार कृतिहरू प्रकाशन पनि भएका छन् । उनको यस समयलाई प्रकाशनको चरणका रूपमा पनि लिन सकिन्छ । उनका दुई वटा कृतिहरू प्रकाशित भएका छन्, केही कृतिहरू भने प्रकाशनको तरखरमा रहेका छन् । राजनैतिक, सामाजिक र धार्मिक विचार बोकेका यस समयका काव्य कृतिहरूमा स्तरीयता झल्कन्छ । उनका कृतिहरू हेर्दा सरल लाग्ने भए पनि अत्यन्त गहन र भावपूर्ण रहेका छन् । घिमिरेका कृतिहरूमा ग्रामीण परिवेशको चित्रण अत्याधिक पाइन्छ । ग्रामीण जनजीवनको वास्तविकतालाई उजागर गर्नु, त्यहाँको प्राकृतिक अवस्थाको चित्रण गर्नु र आफ्नो राजनैतिक दृष्टिकोणलाई काव्यका माध्यमबाट व्यक्त गर्नु उनको काव्य सिर्जनाको आशय पाइन्छ । उनका यस समयका कृतिमा नेपालको ऐतिहासिक पृष्ठभूमिको व्ह्राख्या, विभिन्न समयका क्रान्तिले ल्याएका परिवर्तनको समीक्षा, भावी नेपालको कल्पना, अध्यात्मवाद र भौतिकवादको व्याख्या, विभिन्न धार्मिक स्थलको परिचय आदि कुराको गहन विश्लेषण गरिएको छ ।

समग्रमा भन्दा भीमप्रसाद घिमिरेले उत्तरार्द्ध चरणमा आएर साहित्यिक यात्रालाई अत्यन्तै उर्वर बनाएका छन् । उनका रचनाहरूलाई प्रवृत्तिगत रूपमा हेर्दा सामाजिक यथार्थवादी साहित्यकारका रूपमा उनलाई लिन सकिन्छ । राजनैतिक कलात्मकताका साथ प्रस्तुत गर्ने व्यक्ति र परिवार, परिवार र समाज, समाज र राज्य सत्ताको द्वन्द्वात्मकतालाई आफ्ना रचना मार्फत् प्रस्ट्याउने, नेपालको सामन्ती समाजअर्न्तगत हुर्किएको आधुनिकताका विकृति, विसङ्गतिलाई व्यक्ति पर्रिवार र कर्मचारीतन्त्रको भ्रष्टाचार मार्फत व्यङ्ग्यको पाइन चढाएर कथा तथा कविता लेख्न सक्ने सफल साहित्यकार मानिन्छन् । उनी प्रवाहमान निजी शैली र प्रस्तुतिकरणमा सिद्धहस्त कवि मानिन्छन् ।

## ३.५ जीवनी, व्यक्तित्व र साहित्य लेखनबीच अन्तरसम्बन्ध

नेपाली साहित्यको क्षेत्र बहुआयामिक भइसकेको छ । कतिपय साहित्यकारहरू दुर्गम क्षेत्रमा रहेर पनि उनीहरू प्रति सच्चा सम्मान भएको छैन । आफ्नो साधनामा तल्ली रहेका प्रतिभावान् साहित्यकारहरू बारे समाज र राष्ट्रले सोच्ने फुर्सद नहुनु र स्वयं उनीहरू पनि आफ्नो आर्थिक अवस्थाका कारणले गर्दा साहित्यिक आकाशमा लागेको बादलले छोपिनाले पनि त्यस्ता साहित्यकार र साहित्यिक कृतिहरू ओझेलमा परेका छन् । त्यस्तै निरन्तर नेपाली साहितयको साधनमा तल्लीन, शिक्षण पेसामा संलग्न र विभिन्न सामाजिक संघसंस्थाप्रति आबद्ध रहने महतवपूर्ण प्रतिभावान् व्यक्तित्व हुन् साहित्यकार भीमप्रसाद घिमिरे । वास्तवमा आफ्नो स्वाभिमानी र स्वभावलम्बी प्रवृत्तिले गर्दा हरेक क्षेत्रमा पछि पर्नु भएका र कसैसँग चाप्लुसी र चाकडी अनि चुक्लीखोर समेत नगरेकाले आफ्नै विचार भावना र आफ्नै सुरले मात्र काम गर्ने व्यक्तित्व हुन् उनी ।

साहित्यकार भीमप्रसाद घिमिरेको जिन्दगीका यात्राहरूलाई हेर्दा उहाँ मिति २०११ साल मंसिर ६ गते पिता धर्मानन्द घिमिरे र माता चन्द्रकला घिमिरेका कोखबाट कान्छा पुत्रका रूपमा जन्मिएका घिमिरे प्रारम्भिक शिक्षा घरैमा हासिल गरेका थिए । उनले महेन्द्र बहुमुखी क्याम्पस इलामबाट आइ.ए. अध्ययन गरेका थिए । घरायसी तथा अन्य कारणले गर्दा अध्ययन गर्ने चाहना अधुरै अवस्थामा रह्यो । त्यसपछि वि.सं. २०३४ सालदेखि तेह्रथुमका विभिन्न विद्यालयमा रही अनवतर शिक्षण कार्यमा संलग्न भएका घिमिरेले कार्यको सुरुवातमा प्रणामी नि.मा.वि. इवामा शिक्षण कार्य गरे र हालसम्म पनि शिक्षण पेसामा संलग्न रही सेवा गरिरहेका छन् । सरल, स्वाभिमानी, मिजासिलो, सहयोगी व्यक्तिका रूपमा परिचित घिमिरेले नेपाल राष्ट्रिय शिक्षक

संगठनको आजीवन सदस्य, नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य र सामाजिक तथा राजनैतिक कार्यमा करिब ३२ वर्ष सक्रिय भएर सेवा गरे ।

भीमप्रसाद घिमिरेको साहित्य लेखनको सुरुवात बाल्यकालीन अवस्थाबाटै भएको पाइन्छ । आफ्ना पिता तथा दाजुको साहितयप्रतिको अनुराग तथा लगावका माध्यमबाट सबभन्दा पहिले कविता लेख्न पुगेका घिमिरेको पहिलो कविता दुःखको साँचोले सुखको ढोका उघार्छ (२०२८) हो ।

यसरी साहित्यिक यात्रामा अग्रसर भएका घिमिरेले साहित्यका विविध पाटामा कलम चलाएका छन् । उनको जीवनमा सङ्घर्ष, मिहिनेत, सहनशीलता, सत् र निष्ठावान् जीवन चरित्रले उनलाई सफलताको उच्च शिखरमा पुऱ्याएको छ । उनको लेखाइमा जीवन भोगाइका कटुयथार्थका विविध अनुभव, सामाजिक शोषण, अन्यायको विरोध, मानवतावादी स्वर, दार्शनिक विचार प्रस्फुटित भएको छ । जीवनका चाप प्रतिचाप घात प्रतिघात तथा अन्तरबाह्य वातावरणबाट उनको साहित्यिक व्यक्तित्व र समाजसेवी व्यक्तित्वको निर्माण भएको छ । साहित्यिक व्यक्तित्वमा कवि, कथाकार, नाटककार, निबन्धकार, सम्पादक, खण्डकाव्यकार, गीतिकाव्यकार आदिमा रहेका हुन् भने प्रमुख रूपमा कविता लेखनमा नै उनको रुचि छ र यही पक्ष सबल छ । सामाजिक जनजीवनमा घटेका घटना, अभाव, आफ्ना जीवनका भोगाई आदिका प्रभावका आधारमा उनका साहित्यिक कृतिहरू अगाडि बढेको पाइन्छ ।

विभिन्न साहित्यिक रचनालाई हेर्दा भीमप्रसाद घिमिरे कविता क्षेत्रमा नै बढी सफल तथा प्रतिष्ठित भएका छन् । बाल्यकालीन अवस्थादेखि नै कविता लेखनमा तल्लीन भएका घिमिरेले थुप्रै कविताहरू लेखन तथा प्काशन गरेका छन् । उनका कविता, कथा, तथा काव्यकृतिमा आफ्नो कुरा, आफूले देखेको भोगेका कुरा, सुनेको वा थाहा पाएको कुरा, ग्रामीण विकृति तथा विसंगतिहरू, मानवतावादी स्वर, तथा समाजको विभिन्न पक्षलाई आफ्नो साहित्यका विभिन्न पाटामा प्रस्तुत गरेका छन् ।

भीमप्रसाद सफल गीतिकाव्यकार पनि हुन् । उनले रत्नकेशरी नामक गीतिकाव्य कृति प्रकाशन गरेका छन् । उक्त गीतिकाव्यमा सानै उमेरमा आमा मरेर टुहुरो भएको बालकले सौतेनी आमाको इर्ष्याबाट बिचलित नभई कडा परिश्रम गरी डाक्टर बनेर समाज सेवामा लागेको कथा चित्रण गरिएको छ । यस काव्यमा सौतेनी आमा र छोरामा विरोध नभई माया ममता हुनुपर्छ, सबै

मानिसले सबै मानिसको हि तगर्ने समतामुखी मानव समाजको निर्माणमा लाग्नुपर्ने जस्ता सन्देश प्रस्तुत गरिएको छ ।

भीमप्रसाद समाज र दर्शन केन्द्रित कथाकार तथा कवि हुन् । उनका कथामा समाजको विभिन्न नकारात्मक वा नराम्रा संस्कारको आलोचना गरेको पाइन्छ । उनी कुनै वाद वा सिद्धान्तको अल्झोमा नफसी सामाजिक अवस्था र खराबीलाई राम्रैसित झल्काइदिन्छन् । समाजमा बढ्ने बिकृतिहरू जस्तै : भ्रष्टाचार, रक्स्याहा, जँड्याहा जीवन, घुसखोर चाकरी, चाप्लुसी, कुर्सी, बन्दुक, अन्याय, दमन, यौन तिर्खा आदिलाई केलाएर उनले समाजलाई चिरफार गरी देखाइदिएका छन् । साथै उनले समाजका अन्यौलमा परेका विषयवस्तुलाई पनि कथाका माध्यमबाट उजागर गरेका छन् । उनीले आफ्ना काव्य कृतिहरू तेस्रो वर्गमा पर्छन् । अर्को किसिमले हेर्ने हो भने उनका केही कविता राजनीतिक केही क्रान्तिमूलक केही वैयक्तिक, केही, पारिवारिक तथा केही राष्ट्रिय आदि वर्गमा पर्छन् ।

भीमप्रसाद घिमिरेको नाटककार व्यक्तित्व पनि उच्च रहेको छ । उनले नाटकमा सामाजिक, राजनीतिक र विकासको गतिलाई अगाडि बढाउने आधार प्रस्तुत गरेका छन् । उनी मूलतः सामाजिक विकासवादी नाटककारका रूपमा चिनिन्छन् । उनको नाटक अत्यन्तै रोचक र महत्वपूर्ण छ । निबन्धका सम्बन्धमा उनले आफ्नो आवाजलाई बुलन्द बनाएका छन् । उनले समाजमा व्याप्त विकृति विसङ्गतिलाई तीखो रूपमा निबन्धका माध्यमबाट प्रस्तुत गरेका छन् । उनका निबन्धले गाउँ ठाउँमा ओझेलमा परेका सम्पदा संस्कृति, पर्यटकीय स्थल, धार्मिक स्थल आदिले पनि उत्तिकै ठाउँ पाएको छ ।

उनले लेखहरूको संगालो 'संकटकाल' रचना गरेका छन् । उनले यसभित्र १० वटा लेख संग्रहित गरेका छन् । उनका लेख तथा रचनाहरूलाई हेर्दा राष्ट्रिय राजनीति कै सेरोफेरो रहेर राष्ट्रको गतिविधिलाई नजिकबाट नियाल्दै राज्य र विद्रोही बीच भएको युद्ध साथै त्यसबाट जनतामा परेको असर आदि कुरा उल्लेख गरेका छन् ।

भीमप्रसाद घिमिरेको साहित्यिक यात्राको क्रममा 'कल्पना' उपन्यास पनि आउँदछ । यस उपन्यासमा विशेष गरी नारी समस्यालाई उजागर गरी महिला र पुरुष दुबै बराबरी हुन्, उनीहरू दुबैको अस्थित्व बराबर हुन्छ । साथै महिला र पुरुषमा कुनै भेदभाव गर्नुहुँदैन, महिलाहरूले अवसर

पाएमा जस्तोसुकै साहासिक कार्यहरू पनि गर्न सक्छन् र अबहेलना गर्नुको सट्टा सम्मान गर्नुपर्छ भन्ने सन्देश उनको उपन्यासमा उल्लेख गरिएको छ ।

त्यसकारण घिमिरेको साहित्कि परिवेश प्रतिको झुकावले साहित्यकार व्यक्तित्वको निर्माण भएको छ । उनको जीवनशैली निर्माण गरेका साहित्यिक व्यक्तित्वबाट परिवेशप्रतिका सूक्ष्म दृष्टिकोणले उनको साहित्य सेवक तथा सामाजिक व्यक्तित्वको निर्माण भएको छ । उदार मन तथा सहृदयी लेखक भीमप्रसाद मूलतः कवि बन्न पुगेका छन् । आफ्नो जीवन भोगाईका क्रममा भोगेका र अरुले सहनबाध्य हुनु परेका दुःख र पपिडाका कारक तत्वहरूप्रति उनको लेखन व्यक्तित्व संवेदनशील हुन पुगेको छ । पद्य साहितय सिर्जनामा नेपाली जनजीवनमा देखा पर्ने विविध व्यवधानहरू पन्छाउने चेष्टा गरिएको छ । उनको जीवनयात्राले निर्माण गरेको साहित्यिक र सामाजिक व्यक्तित्वको मूल्याङ्कन गर्ने हो भने उनको प्रभाव सिङ्गो साहित्य लेखनमा पर्ने कुरा स्पष्ट देखिन्छ । बाल्यकालदेखि नै साहित्य लेखनमा सक्रिय रहेका घिमिरेको साहित्यिक कृतिहरूको उचित किसिमले प्रकाशन तथा वितरण हुने हो भने उनका कृतिहरूको प्रभाव ठूलो रहने देखिन्छ ।

# चौथो परिच्छेद

# भीमप्रसाद घिमिरेको कृतित्व

## ४.१ भीमप्रसाद घिमिरेका प्रकाशित कृतिहरूको अधययन र विश्लेषण

घिमिरे नेपाली साहित्यका क्षेत्रमा कवि व्यक्तित्वको रूपमा परिचित व्यक्तित्व हुन् । उनले कविता, नाटक, कथा, निबन्ध, उपन्यास विधामा कलम चलाएका छन् । नेपाली साहित्यको कविता विधा विभिन्न कालखण्डलाई पार गर्दै आजको युगमा आइपुग्दा पनि पाठकको मनलाई जित्न सकने, विकट गाउँठाउँको परिवेशलाई अटाउने क्षमता भएका साहित्यिक रचनाहरू थोरै छन् । मानवीय मर्म र भावनालाई अटाएर दुरदराजका समस्या, देशको समसामयिक परिवेशलाई व्यक्त गर्न सक्षम देखिन्छन् उनका 'रत्नकेशरी (गीतिकाव्य) र 'रक्तिम किरण' (कविता संग्रह) यी कृतिहरूको अध्ययन र विश्लेषण निम्न अनुसार गरिएको छ ।

### ४.१.१ 'रत्नकेशरी' गीतिकाव्यको अध्ययन र विश्लेषण

साहित्यमा विभिन्न विधाहरू हुन्छन्, तिनका आ-आफ्नै सैद्धान्तिक ढाँचा हुन्छ । सिर्जना त्यसका आवश्यक तत्वहरूको सङ्गतिपूर्ण संरचना हो । संरचना संरचनात्मक अवयवहरूको जोडजाम नभएर सिर्जनात्मक कार्य पनि हो । साहित्यिक रचनाको नवीन विधाका रूपमा गीतिकाव्यलाई पनि लिन सकिन्छ । कविता र गीतको समिश्रण शैलीमा यो झ्याउरे लयमा रचिएको गीतकाव्य हो । काव्यमा संरचनाका आवश्यक तत्वहरूको प्रयोग हुने गर्दछ । संरचनात्मक तत्वहरूको वा घटकहरूको सन्दर्भमा विभिन्न समालोचकहरूले विभिन्न तत्वहरूको चर्चा गरे पनि प्रमुख रूपमा गीतिकायका घटकहरूलाई निम्नलिखित रूपमा लिइन्छ र तिनैका आधारमा यस काव्यको विश्लेषण गरिएको छ :

(१) कथावस्तु

(२) पात्रविधान

(३) देशकाल वा वातावरण परिवेश

(४) केन्द्रीय कथ्य

(५) भावविधान

(६) लयविधान

(७) रसविधान

(८) भाषाशैली

(९) उद्देश्य

(१०) आयाम

(११) शीर्षक

(१२) कथनपद्धति आदि ।

### ४.१.१.१ कथावस्तु

रत्नकेशरी गीतिकाव्यको कथावस्तु अन्तर्गत सानै उमेरमा आमाको गाढा माया ममताबाट वञ्चित भएको टुहुरो बालकले सौतेनी आमाको ईर्ष्याबाट विचलित नभई कडा परिश्रम गरी डाक्टर बनेर समाज सेवामा लागेको कथामा आधारित छ । यो काव्य सामाजिक विषयवस्तुमा आधारित मानवीय मर्म र कर्तव्य बोधलाई उद्घाटन गर्ने काव्य  हो । कविले आफू चार वर्षकै उमेरमा मातृस्नेहबाट बञ्चित हुनु परेको वास्तविकता तथा अपूरो रहेको उच्च शिक्षा प्राप्त गर्ने अभिलासा एंव आफू जस्तै सुविधाबिहीन ग्रामीण क्षेत्रका नेपालीले भोग्नु परेका स्वास्थ्य, शिक्षा आदि विविध समस्याहरूको अन्तरपीडाजन्य चेतनाको यथार्थ अभिव्यक्ति यसमा रहेको छ । काव्यमा आमा केशरीको असमायिक निधनपछि सौतेनी आमा राजेश्वरीको व्यवहारबाट पीडित र अपहेलित सानो राजाले बाबु रत्नको असिम माया, ममता र उत्प्रेरणाबाट अथक संघर्ष गरी पढेर डाक्टर भए पछि सहर बजारका साथी भाइको सहरमै बस्ने अनुरोध र लाभदायक जागिरलाई समेत परित्याग गरी जन्म भूमिकै सेवामा आफूलाई समर्पित गर्ने जुन अठोट र प्रतिबद्धता जाहेर गरेको छ । यसले एकातिर परिवार, ग्रामीण समाज र आफ्नो जन्मभूमिप्रतिको अपार मायालाई उद्बोधन गरेको छ भने अर्कातिर शिक्षित जनशक्तिको गाउँबाट सहर बजार तर्फ भइरहेको पलायन र सुविधाभोगी प्रवृत्तिलाई पनि प्रबाह गरेको छ । सानोराजा सानो हुँदासम्म राजेश्वरीले उसलाई छोराको रूपमा स्याहार सुसार गरिन् तर जब ऊ अलि ठूलो भयो र पढ्न थाल्यो राजेश्वरीका मनमा उसप्रति वितृष्णा बढ्न थाल्यो । अखिर सौताको छोरो न हो यो । यसले भविष्यमा जति ठूलो हुँदै जान्छ त्यति मलाई सताउँछ भनी उनी चिन्तित हुन्छिन् र आफ्ना पतिसँग भन्छिन् :

> सौताको छोरो मुटुको किलो कसरी सहुँला,
> सुसार यसको गरेर सधैँ म किन रहुँला,
> यो छोरालाई तुरुन्त अब निकालि हाल्नुहोस्

कि यसलाई राखेर हजुर मैलाई फाल्नुहोस् ।

पछि गएर रत्नले छोरा सानो राजालाई डाक्टरी पढ्न सहर पठाउँछन् । सानोराजा डाक्टर भएपछि त्यस सहरमा बाहिरी आक्रमण हुन्छ । युद्धमा धेरै मान्छे घाइते हुन्छन् । उसले दुई महिनासम्म ज्यादै परिश्रमका साथ रोगी पीडित जनताको सेव ागर्ने संकल्प लिएर फर्कन्छ ।

राजेश्वरी सौताको छोरो डाक्टर भएर गाउँमा नफर्के हुन्थ्यो भन्ने चाहन्थिन् । सानो राजा फर्केपछि बाबु रत्नको खुसीको सीमा रहेन । गाउँका मानिस खुसी भए । राजेश्वरीको मन पाकी रहेको बेला सानोराजाले ज्यादै आदरका साथ आमाको घाँटीमा सुनको हार लगाइदिँदै आफूले सानो उमेरमा दुःख दिएको भए माफ गर्नुहोला भन्यो । छोराको त्यस व्यवहारले राजेश्वरीको मन पग्लियो । उनले सौतेनी भावना बिर्सिएर सानो राजालाई माया गरिन् ।

सानोराजा देशमा फर्केको बेला यहाँ गृहयुद्ध चलेको देखेर ज्यादै दुःखी भयो । उसले मान्छेले आफू जस्तै मान्छे मार्ने कुरा प्रति आक्रोश ब्यक्त गर्दै सही युद्ध हुनुपर्ने कुरा बतायो ।

स्वार्थका लागि उत्तेजित बनी आफन्त मारेर ?
के पौरख हुन्छ मानवले उस्तै मानव मारेर ?
पृथ्वीको यो भेद भाव र शोषण समाप्त पार्नुछ
एक गए लाखौँ हित हुने भए मर्नु र मार्नु छ ।

यसरी काव्यले सौतेनी आमा र छोरामा विरोध नभई माया ममता हुनुपर्छ, डाक्टरहरूले व्यापारी जस्तो नभई रोगी जनताको सेवक हुनुपर्छ र सबै मानिसले सबै मानिसको हि तगर्ने समतामुखी मानव समाजको निर्माणमा लाग्नुपर्ने जस्ता सन्देश यस गीतिकाव्यमा प्रस्तुत गरिएको छ ।

### ४.१.१.२ पात्रविधान

हरेक साहित्यिक कृतिको विश्लेषण गर्दा त्यकसो विभिन्न पक्षसँग पनि तदाकार हुनु जरुरी छ । गीतिकाव्यमा पनि यसका काव्यात्मक ढाँचालाई समेटेर लाने तत्वमा कथानक पछि पात्रपात्राको प्रमुख भूमिका रहन्छ । पात्र बिना कथानकलाई गतिशील बनाउने आधार तयार हुन सकदैन चाहे भौतिक वा जैविक जेहोस् पात्र काव्यमा अनिवार्य रहन्छ । रत्नकेशरी गीतिकाव्यलाई अवलोकन गर्दा हामी यसमा धेरै पात्रपात्राहरू पाउन्नौँ । यस काव्यको शीर्षक नै पात्रको आधारमा तयार पारिएको शीर्षक हो । यसरी हेर्दा यसमा रत्न, केशरी, सानोराजा र राजेश्वरी गरी जम्मा चारजना प्रमुख

पात्रको मुख्य भूमिका रहेको छ । यसमा सानोराजाका साथीभाइ पनि पात्रपात्राका रूपमा आएका छन् ।

यस काव्यमा केशरी रत्नकी जेठी श्रीमती हुन् । उनी रोगाउँदै गएकी छिन् । आफ्ना छोरो सानो राजा सानै छ । उनी आफ्नो स्वास्थ्य अवस्थाका बारेमा विभिन्न शंकाउपशंका गर्दै भविष्यको अवस्थाका बारेमा आफ्ना पति रत्नसँग अलापविलाप गर्दछिन् । आफू मरेको अवस्थामा श्रीमान्ले अर्की श्रीमती विवाह गर्नेछन् र मेरा छोराले साह्रै दुःख पाउने छ । भन्ने चिन्ताले उनलाई साह्रै सताउँछ । यसै क्रममा श्रीमान् रत्नले उनलाई नाना तरहले सम्झाई बुझाई गर्दछन् । यदि केही भएपनि आफू अर्को विवाह नगर्ने, सानोराजालाई आफैँ पालनपोषण गरेर हुर्काउने कुरा आफ्नी पत्नीसँग गर्दछन् । उता केशरीलाई रोगले सताएर अन्तिम अवस्थामा पुऱ्याई अन्त्यमा धर्तीबाट नै बिदा हुन्छिन् । पत्नीको मृत्यु पश्चात केही समय त अर्को विवाह गर्ने सोचसम्म नगरेका रत्नले बालक छोराको स्याहार सुसार र घरब्यवहारको समस्याले गर्दा अर्को विवाह राजेश्वरीसँग गर्न बाध्य हुन्छन् । केही समय राजेश्वरीले सौताको छोरो सानोराजालाई माया गरे तापनि सौतेनी रोगले छोएपछि हेल ागर्न थाल्दछिन् ।

यसरी यस काव्यका पात्रपात्रालाई स्वभावगत मूल्याङ्कन र विश्लेषण गर्दा केशरी आफ्ना पति छोराप्रति असाध्य माया गर्ने नारी हुन् । उनी आफू रोगाएको अवस्थामा अत्यन्तै चिन्तित भई विभिन्न शंका उपशंक ागर्ने चिन्तित प्रकृतिकी पात्र हुन् । अन्त्यमा उनको चिन्ताले उनलाई चित्तामा पुऱ्याएको छ । रत्न पनि पत्नी र छोराको विशेष ख्याल गर्ने तथा प्रगाढ माया गर्ने पुरुष पात्र हुन् । उनी आफ्नी पत्नीको मृत्युपछि अर्को विवाह नगर्ने सोचमा भए पनि परिस्थितिवंस विवाह गर्दछन् । राजेश्वरीले छोराप्रति गरेको व्यवहार मन नपरे पनि केही नभनी चुप लाग्नु उनी विबस छन् ।

राजेश्वरी रत्नकी कान्छी पत्नी हुन् । उनी सानोराजालाई केही समय माया गरेर हुर्काए पनि पछि सौतिनी व्यवहार देखाई सानोराजालाई हेला गर्ने पात्र हुन् । आमा केशरी र बाबु रत्नको सपना साकार पार्न सानोराजालाई डाक्टर पढ्न सहरतर्फ पठाउने कुरा राजेश्वरीलाई पटक्कै मन परेको थिएन । तै पनि ऊ सहरमा गई डाक्टर पढेर फेरि घर आउन चाहन्छ तर यो कुरा राजेश्वरीलाई राम्रो लाग्दैन । तथापि सानोराजा फर्केर आएपछि सौतेनी आमालाई सुनको माला ल्याई पहिऱ्याई दिएपछि मात्र ऊ भित्रको सौतेनी ब्यवहारप्रति पश्चाताप हुन्छ र छोरालाई माया गर्न थाल्छे ।

सानो राजा एक सच्चा कर्तव्यवान, निष्ठावान, दयालु स्वभावको पात्र हो । ऊ सबैप्रति इमान्दार, सत्चरित्र भएको व्यक्तिको रूपमा चिनिन्छ । ऊ डाक्टर पेशामा संलग्न भई रोगीहरूको उपचार गर्ने मानवतावादी भावले भरिपूर्ण पुरुष पात्र हो । ऊ अरुले आफूलाई जस्तो सुकै व्यवहार गरेपनि आफू भने त्यस्तो व्यवहार नगरी सबैमा सद्भावपूर्ण व्यवहार गर्दछ । यस काव्यका अन्य गौण पात्रमा सहरका सानोराजाका साथीहरू हुन् । सानोराजालाई सहरबाट घर फर्कने बेलामा सहरमा नै बस्न आग्रह गर्ने उनीहरू सहृदयी पात्रहरू हुन् ।

आकारका दृष्टिले सानो र यसमा प्रयुक्त पात्रहरू पनि थोरै भएको, सानो भए पनि मार्मिक भाव बोकेको यो काव्यमा प्रायः सबैजसो सत् पात्रहरू रहेका छन् । सौतेनी आमा राजेश्वरीले सानोराजासँग केही समय असत् व्यवहार गरे पनि अन्त्यमा सत् व्यवहार नै गरेको पाइन्छ । यस काव्यका अन्य गौण पात्रमा रत्नका छिमेकीहरू पनि हुन् । उनीहरू सानोराजालाई डाक्टर पढेर घरमा आई गाउँलेहरूको सेवा गरेको देख्न चाहन्छन् । उनीहरू सानोराजालाई राजेश्वरीले सौतेनी व्यवहार गरेको पटक्कै मन पराउँदैनन् । उनीहरू राजेश्वरीको स्वार्थी प्रवृतिप्रति घृणाको भावले हेर्दछन् ।

समग्रमा यो काब्यका पात्रपात्राको चरित्रलाई हेर्दा यसमा पारिवारिक पृष्ठभूमिमा राष्ट्रिय राजनीतिक परिवेशलाई देखाउन खोजिएको पाइन्छ । जताततै अशान्त बातावरण भएको अवस्थामा मानवताको भावले अशान्तलाई हटाई राष्ट्रको उन्नति प्रगति गर्नुपर्ने भाव यस काव्यका पात्र छिमेकीहरूको माध्यमबाट व्यक्त हुन्छ । साथै सामाजिक बिकृति विसंगतिलाई उन्मुलन गरी समतामूलक समाज निर्माण गर्न अन्याय, अत्याचार, भ्रष्टाचार आदिको उन्मुलन गर्नुपर्ने भाव पनि यस काव्यका पात्रपात्रका माध्यमबाट व्यक्ति गरिएको  छ ।

### ४.१.१.३ देशकाल परिवेश/वातावरण

यस काव्यको गीतिकाव्यत्व स्वीकारिनु पर्ने परिवेश अन्तर्गतको उद्देश्यमा कवि तल्लीनताका साथ अगाडि बढेर उद्देश्यपूर्ति गर्न पनि सक्षम देखिन्छन् । उनले आफूले पाएको शिक्षामा विहङ्गम दृष्टि दिँदै नेपालका पहाडि भूभागमा पर्ने गाउँहरूको प्राकृतिक अवस्था र त्यहाँको वातावरणका साथै विभिन्न सहरहरूको चर्चा गरेका छन् । त्यस्तै ग्रामीण समाज र आफ्नै जन्मभूमिप्रतिको आस्था, दायित्व र कर्तव्यलाई उद्बोदि तगर्दै शिक्षित जनशक्ति गाउँबाट सहरतर्फ पलायन हुने सुविधा भोगी प्रवृतिको वर्णन गरिएको छ । यसमा वर्तमान नेपालले भोगीरहेको हत्या, हिंसा र युद्धको त्रासद

स्थितिको पनि अभिब्यत्ति छ । यहाँ लुने, रम्जा, सल्लेरी र बगाले जस्ता देशमा भएको नर संम्हारकारी घटनाबाट उद्बोलित भएको कविको हृदयले मर्ने र मार्ने क्रमप्रति चिन्ता ब्यक्त गर्दै त्यस स्थितिको अन्त्य हुनुपर्ने विचार ब्यक्त गरेको छ । यस काव्यमा मानवीय स्नेह, पीडा, इर्ष्या र स्वार्थका साथै परोपकार र सेवाभावको पर्याप्त अभिव्यक्ति गरिएको छ । यसमा अपेक्षित आख्यान चेत, सहजता लयात्मकता, मधुरता, स्तरीयता एंव परिस्कृत अभिव्यक्ति पाइन्छ । यसमा विविध लोकभाकामा अन्तर सम्वादात्मक शैलीमा कथावस्तुलाई प्रस्तुत गर्दै नाट्यकारिताको अन्तर मिश्रण भएको छ । श्रमप्रति आस्था शिक्षा, स्वास्थ र मानवीय कल्झाणका कार्यद्वारा देशलाई उन्नत बनाउने कविको तीब्र चाहना प्रकट भएको छ ।

काव्यमा बाबुको छोराप्रति, सौतेनी आमाको सोतेलो छोरा प्रति र डाक्टर सानोराजाको युद्ध पीडित ब्यक्ति र समाजप्रतिको ब्यवहारमा मानवीय प्रवृतिको उद्घाटन भएको छ । यसमा सामाजिक, राजनैतिक परिवेशमा आफ्ना विचारहरू पनि मुखरित छ । यसमा कविको आफू चार वर्षकै उमेरमा मातृस्नेहबाट वञ्चित हुनुपरेको बास्तविकता तथा अपुरो रहेको उच्च शिक्षा प्राप्त गर्ने उत्कृष्ट अभिलासा एवम् आफू र आफूजस्ता सुविधाविहीन ग्रामीण क्षेत्रका नेपालीले भोग्नु परेका शिक्षा, स्वास्थ्य आदि विविध समस्याको अन्तरपीडाजन्य चेतनाको यथार्थ अभिव्यक्ति रहेको छ । समग्रमा भन्दा ग्रामीण परिवेशमा रमाएर विभिन्न समस्याहरूसँग जुध्दै आफ्नो कालिगढी प्रस्तुत गर्नु कविको परिवेशका दृष्टिले नाक उचो छ ।

### ४.१.१.४ मूल भाव

कवि भीमप्रसाद घिमिरेको रत्नकेशरी गीतिकाव्यमा वर्तमान नेपालको तथा विशेष गरी ग्रामीण समाजले भोगिरहेको हिँसा, प्रतिहिँसाको पीडा, मर्म साथै वर्तमान नेपालले भोगिरहेको हत्या, हिँसा र युद्धको त्रासद स्थितिको वर्णन गर्दै मानवीय समस्या र कर्तव्यका दृष्टिले श्रमप्रतिको आस्था, शिक्षा, स्वास्थ्य र मानवीय कल्याणका कार्यद्वारा देशलाई उन्नत बनाउनु, हत्या हिंसाको अन्त्य भई समतामुलक देशको निर्माणका लागि सबै नेपालीले मन वचन र कर्मले जुट्नु पर्ने सन्देश नै यस काव्यको मूल भाव हो । साथै बाबुको छोराप्रति, सौतेनी आमाको सौतेली छोराप्रति र छोराको सौतेनी आमा तथा पीडित ब्यक्ति र समाजप्रतिको मानवीय व्यवहारको चित्रण उतारिएको छ । यसमा सौतेनी आमा र छोरामा विरोध नभई माया ममता हुनुपर्ने, डाक्टरहरूले व्यापारी जस्तो नभई रोगी जनताको उपचार गर्नुपर्ने र सबै मानिसले सबै मानिसको हित गर्ने समतामुखि मानव समाजको निर्माणमा लाग्नुपर्ने सन्देश पनि मूल भावका रूपमा प्रस्तुत गरिएको छ । भोगेको

सत्यलाई आफ्नो सिर्जनाको विषय बनाई जीवन र जगतप्रति आसावादी रहँदै निरन्तर परिवर्तनको पक्षमा क्रियाशील हुनु कविताका काव्यात्मक विशेषता हो । यस काव्यमा एकातिर परिवार, ग्रामीण समाज र आफ्नो जन्मभूमिप्रतिको आस्था, दायित्व र कर्तव्यलाई उद्‌बोधन गरिएको छ भने अर्कातिर शिक्षित जनशक्तिहरूको गाउँबाट सहरबजारतर्फ भइरहेको पलायन र सुविधाभोगी प्रवृत्तिलाई प्रहार गर्नु पनि मूल भाव हो ।

### ४.१.१.५ भावविधान

कुनै पनि रचनाको आधार एउटा न एउटा उद्देश्य पूर्तिको निम्ति हुन्छ । रस र भाव एक अर्काका पूरक भएर नै उद्देश्य पूर्तिमा मद्दत गर्दछन् । यस काव्यमा कतै करुण रसको र कतै शान्त रसको प्रयोग भएको छ । जहाँ शोकाकूल अवस्थाको सिर्जना हुन्छ, त्यहाँ करुण रसको जन्म हुन्छ । त्यसैले यो काव्य शोककाव्यको आधारमा रहेको पाइन्छ तर कविले यसलाई स्मृतिकाव्यको रूपमा प्रस्तुत गरेका छन् । यस काव्यको सुरुमा करुण रसको प्रयोग भएको छ भने अन्त्यतिर शान्त रसको प्रयोग भएको पाइन्छ । यो काव्य स्वर्गीय आमाको स्मृतिमा सिर्जना भएको हो । उनले यो काव्य आफ्नी आमाप्रति समर्पण गरेका छन् । उनी भन्छन् - यो मेरो पहिलो गीतिकाव्य हो, मेरी ममतायी आमा चन्द्रकला घिमिरे जसको मृत्यु म चार वर्षको हुँदा नै २०१५ सालमा भयो र म मातृवात्सल्यबाट बञ्चित भएँ, उहाँप्रति सादर समर्पण गर्दछु । यस काव्यको मूलभाव ग्रामीण समाजका विद्यमान विकृति, विसंगति, पुरातनवादी सोच, अन्धविश्वास, पीडा, बेदना र छट्पटी जस्ता कुराहरूलाई मानवीय मूल्य मान्यताका आधारमा निस्वार्थ भावले सेवा गरी उन्मूलन गर्नु र समतामुखी समाजको निर्माण गरी समुन्नत नेपालको परिकल्पनालाई साकार पार्नु रहेको छ ।

### ४.१.१.६ लयविधान

भीमप्रसाद घिमिरेद्वारा रचित रक्तिम किरण गीतिकाव्यलाई लयको आधारमा अध्ययन गर्दा यो लय विधानमा सफल काव्यको रूपमा देखा पर्दछ । कविले लोकलयमा आधारित झ्याउरे छन्दमा प्रस्तुत गरेका छन् । भोगेका कथ्यलाई कलात्मक रूपमा संश्लेषण गर्दै विद्यागत अनुशासनमा बाध्नु, जीवन र जगत् प्रति आसावादी रहनु निरन्तर परिवर्तनको पक्षमा देखिनु उनका काव्यात्मक सबल पक्ष हुन् । जसमा भाषा अपेक्षित आख्यान चेत, लयात्मक मधुरता, स्तरीय अभिव्यक्ति आदिमा अन्तरमिश्रणका साथ प्रस्तुत गरिएको छ । संस्कृतको मान्यता मासं मसं कृत्वा पि छन्दोभङ्ग नकारयेत को आधारमा कतै कतै मानक नेपाली शब्दलाई अर्थ बुझिलिने गरी बिगारेर जस्तै :-

पृथ्वीको पृथिवी, खर्च गरेको खर्चेको जस्ता शब्द प्रयोग गरेरै भए पनि छन्दको धर्म थामेका छन् । त्यसै गरी अजन्त लेखिनेमा कतै कतै हलन्तको प्रयोग हुनु र तत्सम शब्दलाई जस्ताको तस्तै राखिनु पर्नेमा कतै कतै फरक तरिकाले राखेरै भए पनि छन्दको परिपालन भएको छ ।

यसरी हेर्दा लय विद्यानका दृष्टिले पनि कवि घिमिरेको यो रत्नकेशरी गीतिकाव्य सफल काव्य हो वर्तमान परिप्रेक्ष्यमा पश्चिमी काव्य साहित्यिक गद्य कवितात्मक परम्पराको बाहुल्य र पूर्वीय शास्त्रीयवादी धाराका छन्दोबद्ध परम्पराको न्यूनता भएको बेला यो काव्य रचना गर्नु पूर्वीय धर्म थामे झैँ भएको छ ।

### ४.१.१.७ रसविधान

पूर्वीय साहित्यिक मानयता अनुसार काव्यमा रसको चर्चा पनि गरिएको छ । यस सन्दर्भमा काव्यमा श्रृङ्गार, हास्य र करुणमध्ये एउटा रसको परिपाक हुनुपर्ने मान्यता रहेको छ । छन्दमा आधारित यस गीतिकाव्यमा करुण र शान्त रसको बाहुल्यता रहेको छ । काव्यको सुरुमा केही श्लोक श्रृङ्गार रस तथा शान्त रस देखिए तापनि बीचमा करुण रस तथा अन्त्यमा शान्त रस देखापर्छ । सुरुमा केशरीद्वारा अभिव्यक्त शान्त रस जस्तै :

पृथिवी महा हामीलाई आज सुखको दिन आयो,
अघिको दुःख आजको सुख यो कसले मिलायो ।
अँध्यारो बादल छर्लङ्ग हटी उज्यालो भएको,
कालको खेल दुःखको नेल दुर भै गएको ।

रत्नको जवाफ,

हे प्यारी हाम्रो झुपडी भित्र बलेको दियालो,
रंगी र चंगी पार्दछ सबै सन्सार उज्यालो ।
पहेँला गाला पातलो छाला अनुहार पिटिक्क,
कटाक्ष नयन बारुल्ले कम्मर मिलेको चिटिक्क ।
मुसुक्क गरी हाँसेको बेला क्या प्रेम लगाउने,
ती आँखाबाट आँसुका धारा गालामा बगाउने आदि ।

यसरी रत्नबाट श्रृङ्गार रस र केशरीबाट शान्त रसको अभिव्यक्ति पाइन्छ । त्यस्तै करुण रसको प्रयोग बिचमा यसरी गरिएको छ :

हे पापी काल सपनीभित्र उडाइस् मलाई,
यो विजोक पारी यसको पुन्य के मिल्छ तँलाई ?
भर्खरको यस्तो चिचिलो बालक टुहुरो पारेर,
आकाशबाट खसाइदिइस् ठहरै पारेर ।

अन्त्यमा शान्त रसको प्रयोग यसरी भएको छ :

ती आमा बाबु ती दाजुभाइ ती दिदी बैनीको,
माया र ममता राखेर बसौं समान सबैको ।
मानव भई मानव हित हामीले गर्नुछ,
मानव सबै समान बन्दै हामीले जीउनु छ ।

यसरी गहिरिएर अध्ययन गर्दा यस काव्यमा शान्त, श्रृङ्गारा र करुण रसकै बाहुल्यता भएको छ । यो काव्यले उच्च कोटिको लय विधान अँगालेको छ ।

### ४.१.१.८ उद्देश्य

यो काव्य लेखनको महत्वपूर्ण उद्देश्यका रूपमा आफ्नी आमा स्व. चन्द्रकला घिमिरेको स्मृति स्वरूप श्रद्धाञ्जलीका रूपमा शब्दसुमन अर्पण गर्नु हो । आफू चार वर्षकै उमेरमा मातृवात्सल्यबाट विछोड हुनु परेको र हृदयमा आमाको अभाव जीवनभर खड्किरहने हुँदा आत्मालाई शान्त बनाउन यो गीति काव्य लेख्नु परेको हो । आमाले जन्म दिएर हुर्काउने क्रममा रोगले थला पारेपछि अन्त्यमा यस धर्तीबाटै अस्ताउनु पऱ्यो । आफू जीवित अवस्थामा आमाको लागि केही गर्न नसकेको हुनाले मरणोपरान्त काव्यात्मक कृतिद्वारा आमाको गुन तिर्नुपर्ने उद्देश्य कविको रहेको पाइन्छ । त्यस्तै यो काव्य आमाको अन्तिम इच्छा अनुसार बोलिएको अमृतमय उपदेशको सकारात्मक पक्षमा आश्रित रहेको पाइन्छ । ग्रामीण समाजको पारिवारिक विषयवस्तु बनाई अघि बढेको यस काव्यमा सबैले मानवीय भावले मानवमाथि व्यवहार गर्नुपर्छ, वर्तमान नेपालले भोगिरहेको हत्याहिंसा र युद्धको अन्त्य भई सुन्दर शान्त एंव समतामूलक नेपाल बनाउन हामी सबै अगाडि बढ्नुपर्ने विचार यस काव्यमा व्यक्त भएको छ । यस काव्यको उद्देश्य गाउँका दक्ष जनशक्ति सहर गई गाउँमा सेवा

सुविधाको सधैं अभाव रहने र सरोकारवालाको पनि दृष्टि गाउाम नपर्ने विद्यमान प्रथाको उजागर गर्नु पनि रहेको छ । हरेक व्यक्तिले पहिले आफ्नो जन्मस्थल त्यसपछि मात्र राष्ट्रका साथै अन्य कुरामा ध्यान दिनुपर्ने कुरा काव्यका माध्यमबाट व्यक्त गरिएको छ ।

### ४.१.१. ९ भाषाशैली

भाषाशैलीको दृष्टिले रत्नकेशरी गीतिकाव्यको अध्ययन गर्दा यसको भाषा ठेट नेपाली शब्दभण्डारबाट लिएको पाइन्छ । यसमा संस्कृतिका तत्सम् शब्द र तद्भव शब्द पनि छन् । भाषिक मिठासले गर्दा यसको अध्ययन गर्न पट्यार लाग्दैन । त्यसै गरी कविका नेपाली धर्ती सुहाउँदा वाणी पुञ्जबाट निर्मित श्लोकहरूमा भाषिक मिठास मात्र होइन, शैलीगत सत्य तथ्यपरकता पनि छ । भाषिक सहरलता, सहजता तथा संवेद्यताले गर्दा काव्य मार्मिक, लालित्य, श्रुतिरम्यता, लयात्मकता एंव अर्थपूर्ण प्रकृतिको रहेको छ । काव्यमा कविले सकेसम्म छन्दमा रचना गर्ने प्रयास गरेका छन् र काव्यमा अन्त्यानुप्रास मिलेकै छ । जसले थप कलात्मकता थपेको छ । समग्रमा यस काव्यमा भाषाशैलीका दृष्टिले सफल कविका रूपमा उनलाई चिनाउन सकिन्छ । यो काव्य झ्याउरे छन्दमा र गीतको भाकामा पनि गाउन सकिने गीतिकाव्य हो । यसमा विभिन्न पात्रपात्राको माध्यमबाट अभिव्यक्ति गरिएकाले नाट्य शैलीमा सम्वादात्मक प्रस्तुति पाइन्छ ।

### ४.१.१.१० आयाम

आयामका दृष्टिकोणले विश्लेषण गर्दा रत्नकेशरी गीतिकाव्यमा मानवप्रति शीर्षकमा २६ हरफको झ्याउरे छन्दमा मानवीय जीवनको बर्णन गरिएको छ भने समग्रमा यो काव्य ४८ पेजमा सीमित रहेको छ । रत्न, केशरी, राजेश्वरी, सानोराजा, उसका साथीहरू र छिमेकीहरू बीचको संवादात्मक शैलीमा यो काव्य अगाडि बढेको छ । यस काव्यमा जम्मा ३७ वटा कथन उक्तिहरू छन्, जसमा रत्नद्वारा १४, केशरीद्वारा ४, राजेश्वरीद्वारा ८, सानोराजाद्वारा ८, रत्नको सानोराजाप्रतिको सम्झनामा १, सानोराजाका साथहरूद्वारा २ र रत्नका छिमेकीबाट २ वटा कथन उक्तिहरू प्रयोग भएका छन् । झ्याउरे छन्दमा रचित यो गीतिकाव्य खण्डकाव्य भन्दा सानो र फुटकर कविता भन्दा ठूलो मझौला आकारको छ । २ पंक्तिको १ श्लोक मान्दा यो गीतिकाव्यमा करिब ३३० श्लोकहरू पात्रपात्राका बीचमा र १३ श्लोकहरू मानवप्रतिमा प्रयोग भएका छन् ।

#### ४.१.१.११ शीर्षक सार्थकता

भीमप्रसाद घिमिरेद्वारा लिखित रत्नकेशरी गीतिकाव्यको शीर्षक सान्दर्भिक र सार्थक छ किनभने यस काव्यका प्रतिनिधि पात्र रत्न र केशरीबाट नै यसको सुरुवात भएको छ । एउटा परिवारमा आमा बाबुको रूपमा रहेका रत्न र केशरीकै मर्म र व्यथालाई विषयवस्तु बनाई उनीहरूकै सन्तानको रूपमा रहेको सानोराजा र केशरीको मृत्यु पश्चात रत्नले विवाह गरी ल्याएकी सानोराजाकी सौतेनी आमाका सेरोफेरोमा यो काव्य अगाडि बढेको छ तथा सानोराजाका साथीभाइ, छिमेकी आदि परिवेशमा आधारित घटनाक्रमल ाई कथावस्तुका रूपमा प्रस्तुत गरिएको यस काव्यमा सौतेलो छोराले सौतेनी आमाप्रति गरिएको व्यवहार तथा देशको विकराल स्थिति तथा समसामयिक समाजको चित्रण गरिउको छ ।

यसरी कथावस्तुले जतिसुकै फराकिलो मोड लिए पनि यस काव्यका पात्र द्वय रत्न र केशरी नै यस काव्यको घटनाक्रमलाई अगाडि बढाउने मुख्य तत्व हुन् । उनीहरूको जीन्दगीले भोगेका उत्तार चढाव नै यस काव्यको विषयवस्तु भएकोले यसको शीर्क्षक सार्थक मान्न सकिन्छ ।

#### ४.१.१.१२ उक्ति ढाँचा

स्रष्टाका मनमा उब्जिएका भाव र विचारलाई प्रस्तुत गर्ने मुख्य तरिकालाई नै उक्ति ढाँचा भनिन्छ । काव्यमा रहने कविकथन, आख्यानीकृत कथन र नाटकीकृत कथनमध्ये कवि कथन बढी र छिटफुट आख्यानीकृत कथन यस गीतिकाव्यमा रहेको पाइन्छ । त्यसैले स्वयम् नै कविले घटनाक्रमको वर्णन शृङ्खलाबद्ध ढंगले सम्वादात्मक शैलीमा गरेका छन् । पारिवारिक घटनाक्रमलाई लक्षित गर्दै त्यसलाई विषयवस्तु बनाई रत्नकेशरी गीतिकाव्य आफ्नी ममतामयी माता स्व. चन्द्रकला घिमिरेको स्मृतिमा समर्पण स्वरूप यस काव्यको रचना भएको छ । यस काव्यमा रत्न र केशरी दुई दम्पत्तिले सानो राजालाई जन्म दिए पश्चात सुखका अनुभूतिहरू साटा साट गरेका, सानोराजालाई हुर्काएर ठूलो मान्छे बनाउने इच्छा गरेको, रत्नले अर्की पत्नी राजेश्वरी विवाह गरेको, केही दिन सानोराजालाई सौतेनी आमाले सुखले हुर्काएको, पछि सौतेनी व्यवहार गरेको, छोरालाई डाक्टर पढाउन सहर पठाएको, सौतेनी आमालाई सुनको हार ल्याई गलामा पहिऱ्याएको, सौतेनी आमा खुसी भई सानोराजालाई माया गरेको र अन्त्यमा पारिवारिक सुख भएको विषयवस्तुलाई यस काव्यको कथनपद्धतिका रूपमा प्रस्तुत गरिएको छ ।

सामान्य बिम्ब प्रतीक भए पनि खास बिम्ब र प्रतीकात्मक भाषाको प्रयोग यसमा भेटिँदैन । अलङ्कार भने काव्यको शोभा बढाउने धर्मकै आधारमा रहने भएकाले स्वभावोक्ति, उपमा, दृष्टान्त आदिको प्रयोग यहाँ प्रशस्तै छ । त्यसो भए पनि उपदेशात्मक ढाँचामा प्रस्तुत भएको यो काव्यमा यस अघिका कविहरूको शैलीको अनुकरण चाहिँ नभएर आफ्नै पारले विषयवस्तुलाई प्रस्तुत गर्ने काम भएको छ ।

## ४.२ रक्तिम किरण कविता संग्रहको अध्ययन र विश्लेषण

### ४.२.१ विषय प्रवेश

घिमिरे नेपाली साहित्यका क्षेत्रमा कवि व्यक्तित्वको रूपमा परिचित व्यक्तित्व हुन् । उनले कथा, उपन्यास, नाटक आदि विधामा कलम चलाए पनि उनको सर्वप्रमुख व्यक्तित्व कवि व्यक्तित्व नै हो । यहाँ उनको रक्तिम किरण कविता संग्रहमा संकलित कविताहरूको अध्ययन र विश्लेषण गरिएको छ ।

भीमप्रसाद घिमिरेद्वारा रचित रक्तिम किरण कविता संग्रहमा जम्मा ५६ ओटा फुटकर कविताहरू सङ्कलित छन् । यस कविता संग्रह वर्तमान सामाजिक संरचनामा रहेका बेथीति, बेमेल र विसङ्गतिलाई हटाई सुन्दर संसारको निर्माण गर्ने आसा र आकांक्षा बोकेको एउटा जागरुक मानसिकतालाई प्रक्षेपण गर्ने रचना हो । वि.सं. २०११ सालमा जन्मिएका कवि भीमप्रसाद कलिलै उमेरदेखि कविता लेखनमा औपचारिक रूपबाट क्रियाशील भएका हुन् । उनले वि.सं. २०२८ सालबाट यस क्षेत्रमा प्रवेश गरी तीन दशक लामो कविता यात्रा पूरा गरेका छन् । उनको यो कृति प्रकाशनका दृष्टिले रत्नकेशरी पछिको दोस्रो भए पनि रचनाका दृष्टिले पहिलो कृति हो जुन लामो समयपछि संग्रहित भएको छ । आफ्ना पिताप्रति नतमस्तक हुँदै आस्था र सम्मान प्रकट गरी लेखिएको श्रद्धाञ्जली कविताबाट सुरु भई आफूलाई जीवन बाँच्न सिकाउने र ठीक बेठीक एंव न्याय अन्यायको ज्ञान प्रदान गर्ने व्यक्तित्वप्रति कृतज्ञता व्यक्त गरिएको पुष्पाञ्जली कविताबाट अन्त्य गरिएको छ । एकै किसिमको विचार, विषय र शैलीमा लेखिएका यस भित्रका कविताहरू कवि घिमिरेको कवि व्यक्तित्व विशेष गरी २०४६ सालपछि नै क्रियाशील हुन पुगेको तथ्यलाई पुष्टि गर्दछन् । यहाँ व्यक्त अनुभूतिपरक चिन्तनबाट कवि प्रजातन्त्रको संरक्षणप्रति विशेष चिन्तित रहेको देखिन्छ । कवितामा यही अवधिका सामाजिक एंव राष्ट्रिय जीवनका विसङ्गतिमाथि प्रहार गर्दै

आफ्नो वैचारिक आस्था र आकांक्षाहरूलाई प्रकट गरिएको छ । उनको यस कविता संग्रहमा संकलित कविताहरू निम्न छन् :

१. श्रद्धाञ्जली,

२. प्रजातन्त्रमा कालो छायाँ नपरोस्,

३. नारीको रोदन,

४. शिक्षक र शिक्षा,

५. आधारभूत आवश्यकता राष्ट्रिय चिन्तन,

६. शहिदलाई श्रद्धाञ्जली,

७. दुःखीको दःख,

८. बन्दुकले विचार मारिँदैन,

९. शिक्षक एकता,

१०. मेरो नेपाल,

११. जवान,

१२. प्रजातन्त्र,

१३. खबरदार,

१४. गुरु,

१५. भावनाको परिदृश्य,

१६. शिक्षाले सजाऔँ मातृभूमि,

१७. अब त ठुले बौलाए जस्तो छ,

१८. मानव,

१९. शैसला,

२०. रक्तिम किरण,

२१. क्यान्सर लाग्यो,

२२. सन्देश,

२३. ती वीरप्रति,

२४. वत्ती,

२५. युगको सन्देश,

२६. नेपाली हामी,

२७. पाथीभराको दर्शन,

२८. देशका ज्योति युवाहरू,

२९. जेलको आवाज,

३०. आसुरी नेता,

३१. अब तिम्रो पालो पुग्यो,

३२. साँचो बोल्दा बात लाग्छ,

३३. आँधी,

३४. मेरो घर भाँडिएको छ,

३५. सूर्यको अभ्युदय,

३६. संग्राममा रोक लगाउँ,

३७. मुलुक अब परिवर्तनको संघारमा छ,

३८. शोच,

३९. उठ अब जनता हो,

४०. कालापानीको व्यथा,

४१. मार्ग,

४२. मेरो अभिलासा,

४३. आठराईको आवाज,

४४. धर्ती झैँ कुन छ अर्को,

४५. जिन्दगी,

४६. सपना,

४७. चिन्तनका लहरहरू,

४८. म के बन्छु,

४९. म को हुँ,

५०. कलमको महिमा,

५१. आमाको घाउ,

५२. देशप्रेम,

५३. मेरो झुपडी,

५४. देशको सेवक,

५५. दुःखको साँचोले सुखको ढोका उघार्छ,

५६. पुष्पाञ्जली,

प्रस्तुत रक्तिम किरण कविता संग्रहमा भिन्न भिन्न खुराक, भिन्नभिन्न स्वाद र शैली प्राप्त नभए तापनि चिन्तमूलकताका विविध पक्षहरूको अभिव्यक्ति रहेको छ । चिन्तनका लहरहरू, भावनाको परिदृश्य, शिक्षाले सजाऔं मातृभूमि जस्ता कविताहरू यसका उदाहरण हुन् । यसमा परेका नारीको रोदन र मेरो झुपडी ले सामाजिक विभेदलाई उजागर गरेका छन् भने क्यान्सर लाग्यो, पाथीभराको दर्शन, आसुरी नेता, मेरो घर भाँडिएको छ जस्ता कविताले सामाजिक विसङ्गति र कुरूपतालाई देखाएका छन् । अनि रक्तिम किरण, अब तिम्रो पालो पुग्यो, आँधी, सूर्यको अभ्युदय, मुलुक परिवर्तनको संघारमा छ, बन्दुकले विचार मारिँदैन, युगको सन्देश जस्ता कविताले अग्रगामी परिवर्तन र दृढतालाई व्यक्त गरेका छन् । घिमिरेका कवितामा आसा र आस्थाको अभिव्यक्ति पनि छ । दुःखको साँचोले सुखको दिन उधार्नुपर्छ, कवितामा आशावादीता रहेको छ भने शहिदलाई श्रद्धाञ्जली, गुरु, शिक्षक र शिक्षा, भर्ती भैं कुन छ अर्को ?, कवितामा आस्था र सममान प्रकट भएको छ । यस्तै देशप्रेम, प्रकृति चित्रण, खबरदारी र सचेतता एंव क्रान्ति र विद्रोह पनि यस संग्रहका विषयवस्तु हुन् । प्रजातन्त्रमा कालो छायाँ नपरोस् कविता वर्तमानलाई यथार्थपरक ढंगबाट प्रस्तुत गरिएको कविता हो । अहिले प्रजातन्त्ररुपि चन्द्रमालाई केतुले आक्रमण गर्न खोज्दैछन् त्यस अनिस्टलाई असफल पार्न कवि स्वयं बलिदान दिन तत्पर देखिन्छन् । उनको कलमको महिमा, कवितामा कलमलाई सबैभन्दा ठूलो र शक्तिशाली हतियारका रूपमा लिएका छन् । ठूला युद्धहरू तरवारले होइन कलमले लड्नुपर्छ भन्ने कविको मान्यता रहेको छ । तरवारको जीत अल्पायु हुन्छ भने कलमको जीत हजारौं वर्षसम्म ठाडो शिर लाएर देश देशावर घुमाइरहन्छ । कलमले नै क्रुर ब्याधा वाल्मीकिलाई संस्कृत महाकवि बनायो । जङ्गबहादुरको तरवार झन् पछि झन् निन्दित हुँदैछ भने भानुभक्तको कलम स्वदेशमा मात्र होइन बिदेशमा पनि उत्तरोत्तर सम्मानित हुँदैछ । त्यसैले कविको कलम महिमा ज्यादै सार्थक कविता बनेको छ ।

### ४.२.१.१ नारीको रोदन कविताको विश्लेषण

उनका नारीको रोदन कवितामा मातृ जातिको अर्थात् नारी जातिको आँसु पछेर उनीहरूलाई हँसाउन क्रियाशील छ । कविको कलमले शिक्षकहरूलाई देशका सूर्यसँग दाँजेर सम्मान गर्दछ । देशका ज्योति युवाहरू, कवितामा कविले नौजवानहरू बिना देशमा नयाँ युग भित्रिँदैन भन्ने ठहर गर्दछन् । उनले खबरदार, कवितामा प्रजातन्त्रको नाममा अत्यन्त जङ्गली शासन चलाउने २०४६

सालपछिका हत्यारा र कुटेराहरू प्रति कविले राता आँखा र घृणायुक्त औँला तेर्स्याएका छन् । मुठीभर नेताहरूको स्वार्थका निम्ति तमाम श्रमजीवि जनतामाथि दमनचक्र चलाउनहरूप्रति कविको खबरदारी आवाज बुलन्द भएको छ । यो वर्तमान देशको विभत्स स्थितिप्रतिको चुनौती हो । यसले मदन भण्डारीहरूलाई मार्ने र नारायणहिटीलाई मसान घाट पार्नेहरूलाई जनअदालतमा उभ्याएको छ । त्यसैले बन्दुकले क्रान्तिकारी व्यक्तिलाई मारे पनि विचार र सिद्धान्त मारिँदैन त्यसको प्रतिकार कलमले गर्न सक्छ भन्ने कुरा कविले प्रसट पारको छन् ।

यस कविता संग्रहमा सन्देश, युगको सन्देश, ती वीरप्रति, मार्ग आदि कविताहरूले वर्तमान अवस्थामा समाजमा भएका खराब प्रवृतिहरूलाई सुधार गर्दै युगले मागेको अवधारणालाई अग्रगामी विचारलाई आत्मसात गर्दै अघि बढ्ने, वीरहरूप्रति सम्मान प्रकट गर्दै निश्चित मार्गदर्शन दिई समाज सुधार गर्नुपर्ने सन्देश दिएका छन् । उनको देशप्रेम, प्रजातन्त्र, देशसेवा, राष्ट्रको स्वाभिमान, नेपाली वीरता, जीवन जस्ता कविताहरूमा प्रजातन्त्रलाई पूर्णता दिई समतामुखी समाज निर्माणमा सबै नेपाली वीरहरू स्वाभिमानीपूर्वक मन, वचन र कर्मले जुट्नु पर्ने सन्देश व्यक्त गरिएको छ । देशप्रेमको सर्वोच्च रूप हो । त्यसैले देशको मायाले देशको रक्षाका लागि उर्जा र जाँगर प्रदान गर्दछ भन्दै कवि नेपाल आमाका प्रत्येक दुःख पीडा र चिन्ताप्रति चिन्तित देखिन्छन् । कतै देशलाई चोट लाग्दा, कतै देश थिचिँदा आफू थिचिएको र घाइते भएको अनुभव गर्दछन् । त्यस्तै उनको आमाको घाउ कवितामा मातृभूमिप्रति गहिरो श्रद्धा ब्यक्त गरिएको छ । यो मातृभूमिलाई वीर बलभद्र, भक्ति थापा, अमरसिँह थापा जस्ता लडाकुहरू तथा पृथ्वीनारायण जस्ता वीर पुरुषहरूले विस्तार गर्दै विशाल नेपालको निर्माण गरिएको भए तापनि भारत र नेपालबीचको सन्धिमा नेपालको जितिएको भू भाग केही छाड्ने सहमति भए पनि साम्राज्यवादी विचारले अन्य भू भाग पनि मिच्ने प्रवृतिले नेपाल आमालाई घाइते बनाएको अवस्थामा तिनै वीर पुरुषहरू नै त्यसको उपचारमा लाग्नु पर्ने आह्वान कवितामा गरिएको छ ।

### ४.२.१.२ मेरो झुपडी कविताको विश्लेषण

उनको मेरो झुपडी कवितामा गरिबी, अन्याय, अत्याचारको चपेटामा परेका दिनहीन नेपालीहरूको अवस्थाको चित्रण गरिएको छ । एउटा सानो झुपडी त्यो पनि पानी चुहिने, सारङ्गीजस्तो रित्तो पेट भएको अवस्थामा साहुबाट महङ्गो ब्याजमा ऋण ल्याए पनि तिर्न नसक्दा साहुले सताउने, त्यही माथि शासक वर्गले पनि उसैलाई शोषण, अन्याय, अत्याचार गर्ने प्रवृत्तिलाई शोषित पीडित वर्गहरू एक जुट भई संघर्ष गरी परास्त गर्नुपर्छ भन्ने आह्वान गरिएको छ ।

### ४.२.१.३ म को हुँ कविताको विश्लेषण

उनको म को हुँ ? कवितामा कविले आफूलाई रोक्न नसकिने वेग, छेक्न नसकिने प्रकाश, प्ररक, किरण, सूर्य, फूल, नयाँ क्षितिज, पहरेदार क्रान्तिको वाण, शान्तिको अमृत, नेता, कवि, दिपको ज्योति, शक्तिको ज्वाला, विश्वको विज्ञान, मानव विज्ञान, डाक्टर, स्रस्टा आदिको रूपमा लिएका छन् । अर्थात आफू कुन कार्यमा तल्लीन रहन्छौँ र सफलता प्राप्त गर्दछौँ हामी त्यही नै हुन्छौँ भन्ने कुरा व्यक्त गरेका छन् । उनको म के बन्छु ? कवितामा आफूलई तेजी प्रकाश, वेदव्यास, कालिगढ, उद्धारवादी, परोपकारी, युधिष्ठिर, भीष्म, बुद्ध, नेता, वैज्ञानिक अग्नी ज्वाला, महामानव आदि बन्छु भनी व्याख्या गरेका छन् ।

उनको शिक्षक र शिक्षा विधाको महिमालाई उजागर गर्दै यस्तो विद्या दिलाउनु जीवनलाई उज्यालो बनाउने र सुखमय बनाउन मन, वचन र कर्मले समर्पित व्यक्तित्व शिक्षकलाई ईश्वरको रूपमा सममान गर्नुपर्ने विचार ब्यक्त गरिएको छ । यस कवितामा विद्याले गर्दा नै आजको बैज्ञानिक तथा कम्प्युटरको युगमा परिवर्तन हुन सकेको हो भन्ने कविको विचार रहेको छ ।

### ४.२.१.४ आधारभूत आवश्यकता राष्ट्रिय चिन्तन कविताको विश्लेषण

उनको अर्को कविता आधारभूत आवश्यकता राष्ट्रिय चिन्तन मा देशका अधिकांश नेपाली जनताहरूले आधारभूत आवश्यकता पूरा गर्न सकेका छैनन् । त्यसका लागि सरकारले ठोस सीपयुक्त कार्यक्रम प्रभावकारी रूपबाट सञ्चालन गर्न नसकेको हुनाले गरिब जनताको दयनीय अवस्थाको चित्रण गरिएको छ भने धनी र गरिबबीचको खाडलका कारण धनी ब्यक्ति झन् झन् धनी हुँदै गएको र गरिब व्यक्ति झन् झन् गरिब हुँदै गएको तथ्यलाई उल्लेख गर्दै समतामूलक समाज निर्माण गर्नका लागि प्रभावकारी कार्यक्रम सरकारले ल्याउनु पर्ने विषय नै राष्ट्रिय चिन्तनको विषय रहेको कुरा उल्लेख गरेका छन् ।

### ४.२.१.५ शहिदलाई श्रदाञ्जली कविताको विश्लेषण

उनको शहिदलाई श्रदाञ्जली कवितामा देश र जनताका लागि संघर्ष गर्दा गर्दै सहिद बन्न पुगेका नेपाली वीर सपुतहरूप्रति सम्मान गर्दै उनीहरूको सपना साकार पारी देश र जनताको भलाईका लागि मन, वचन र कर्मले एकजुट हुनुपर्ने सन्देश दिएको छ ।

### ४.२.१.६ दुःखीको दुख कविताको विश्लेषण

उनको दुःखीको दुःख कवितामा कविले आधारभूत आवश्यकता पूरा गर्न नसकने व्यक्तिलाई दुःखी भनेका छन् । दुःखी व्यक्ति जति परिश्रम गरे पनि ऊ दुःखी नै भएको र उसप्रति सबैले सकारात्मक भावना राखी सहयोग र सद्भावपूर्ण व्यवहार गर्नुपर्ने सन्देश दिएका छन् । दुःखी व्यक्ति सुख प्राप्त गर्न अनेक प्रयास गर्छ, देश बिदेशमा अथक परिश्रम गर्छ तै पनि उसको अवस्था नाजुक भई भाग्ले साथ दिँदैन भन्ने विचार व्यक्त गरिएको छ ।

### ४.२.१.७ शिक्षक एकता कविताको विश्लेषण

उनको अर्को कविता शिक्षक एकता मा वर्तमान अवस्थामा सरकारद्वारा शिक्षकहरूप्रति गरिएको भेदभाव तथा पक्षपातपूर्ण व्यवहारले शिक्षकका हकहितका कुराहरू गुम्दै गएको परिप्रेक्ष्यमा हकहितको संरक्षण र भेदभावपूर्ण व्यवहारको अन्त्य गर्नका लागि शिक्षक एकता भई संघर्ष गर्नुपर्ने विचार प्रस्तुत गरिएको छ ।

### ४.२.१.८ मेरो नेपाल कविताको विश्लेषण

उनको मेरो नेपाल कवितामा नेपाललाई एक सुन्दर राष्ट्रको रूपमा वर्णन गर्दै यहाँका प्राकृतिक, साँस्कृतिक, जातिय, धार्मिक, आर्थिक, सामाजिक, भौगोलिक आदि विविधताको वर्णन गर्दै यस्तो राष्ट्र निर्माण गर्ने वीर सपुतहरूप्रति सम्मान गर्नुपर्ने विचार ब्यक्त गरिएको छ ।

### ४.२.१.९ जवान कविताको विश्लेषण

उनको जवान कवितामा जवान अर्थात् युवाहरू नै राष्ट्र निर्माणमा प्रतिमूर्ति हुन् । युवाले नै चमत्कारपूर्ण कार्य गर्न सक्छन्, संसारलाई बदल्न सक्छन् । युवाहरूको जोस, जाँगर र सीपको उचित सम्मान गर्ने हो भने राष्ट्रको सर्वाङ्गीण विकासका लागि उल्लेखनीय योगदान पुऱ्याउन सक्छन् भन्ने भावना यस कवितामा व्यक्त गरिएको छ ।

### ४.२.१.१० प्रजातन्त्र कविताको विश्लेषण

प्रजातन्त्र कवितामा घिमिरेले प्रजातन्त्रको नाममा हत्या, हिँसा, लुटपाट, अत्याचार, भ्रष्टाचार, घुसखोरी, कमिसनतन्त्र जस्ता विकृति विसङ्गतिहरूको कारण न्यायप्रेमि सोझा साझा निमुखा जनताहरू पिल्सिनु परेको तीतो यथार्थलाई चित्रण गरेका छन् । प्रजातन्त्रको नाममा भएको

विसङ्गतिले राष्ट्रियता अखण्डतामाथि प्रश्नचिन्ह खडा भएको छ । त्यस्ता कुकृत्यप्रति आक्रोश व्यक्त गर्दै विकृति विसङ्गतिको उन्मुलन गर्नका लागि सबै नेपाली जनताहरू एकजुट भई संघर्ष गर्नुपर्ने विचार कविले व्यक्त गरेका छन् ।

### ४.२.१.११ गुरु कविताको विश्लेषण

गुरु कवितामा गुरुलाई कविले ज्ञानको मुहान, आत्मप्रकाश, शिक्षाको अमीर, महान यात्री, दुरदर्शी, तेजी रकेट, परोपकारी, धैर्यशील, वैद्य आमा बाबु, निडर, परिश्रमि, उत्प्रेरक, कलाकार, कर्मठ ब्यक्तित्व अदिका रूपमा नामाकरण गरेका छन् ।

### ४.२.१.१२ दुःखको साँचोले सुखको ढोका उघार्छ कविताको विश्लेषण

दुःखको साँचोले सुखको ढोका उघार्छ कवितामा कविले अशिक्षा र गरिबीको चपेटामा परेका व्यक्तिहरूले दुःख कष्ट सहेर शिक्षा, ज्ञान, सीपजस्ता कुराहरूले आफूलई योग्य बनाउन सके तिनीहरूले नै आफूलाई कर्मक्षेत्रमा परिश्रमी बनाई आय आर्जनको माध्यम पहिल्याउँछन् । परिणामस्वरूप दुःखको साँचोले सुखको ढोका उघार्छ ।

### ४.२.१.१३ चिन्तनका लहरहरू कविताको विश्लेषण

उनको चिन्तनका लहरहरू कवितामा कविले राष्ट्र र राष्ट्रियताको चर्चा गर्दै समय सापेक्ष देशलाई उन्नति र प्रगतिको मार्गमा अघि बढाउनु पर्ने, जनताको आवश्यकताहरूलाई पहिचान गरी पूरा गर्नका लागि सबै एकजुट हुनुपर्ने, अन्धविश्वास, विकृति विसङ्गतिलाई उन्मुलन गर्नुपर्ने, देश निर्माणका लागि अथक प्रयत्न गर्नुपर्ने, देशलाई संमृद्ध बनाउन सबैजना लाग्नुपर्ने विचार व्यक्त गरेका छन् ।

### ४.२.१.१४ भावनाको परिदृष्य कविताको विश्लेषण

भावनाको परिदृष्य कवितामा कविले जनआन्दोलनमा भएको विभत्स घटनामा धेरै धनजनको क्षति भएको परिदृष्यलाई नजिकबाट नियाल्दै राजनेताहरूलाई त्रिशुलीमा लगेर फ्याँक्ने प्रवृतिप्रति तीखो प्रहार गरेका छन् । साथै प्रजातन्त्र प्राप्तिका लागि संघर्ष गर्दा गर्दै शहिद भएका वीर समुतहरूर्ला सपनालाई साकार पार्न सबै नेपालीप्रति आह्वान गरेका छन् ।

### ४.२.१.१५ शिक्षाले सजाऔं मातृभूमि कविताको विश्लेषण

शिक्षाले सजाऔँ मातृभूमि कवितामा शिक्षाको माध्यमबाट अन्धविश्वास, कुरीति, कुसंस्कार, भष्टाचार जस्ता विकृतिहरूको उन्मुलन गरी सभ्य, सम्पन्न र सुन्दर नेपाल निर्माण गर्नुपर्ने परिकल्पना कवि गर्दछन् ।

### ४.२.१.१६ अब त ठूले बोलाए कविताको विश्लेषण

अब त ठूले बौलाए जस्तो छ । कवितामा सोभ्रा साभ्रा इमान्दारी व्यक्तिहरूमाथि गरिएको शोषण, अन्याय, अत्याचार सहन नसकी ठूले जस्ता नेपाली जनताहरू विवश भई बौलाए जस्तै भई संघर्षमा उत्रिएको अवस्थालाई चित्रण गरिएको छ ।

### ४.२.१.१७ सपना कविताको विश्लेषण

सपना कविता कविले चेतना सुन्य जनतामा जनचेतनाको विकास गरी सचेत बनाएपछि ऊ सपनाबाट ब्युँभ्रेजस्तो हुन्छ । उसले आफ्नो हक अधिकार तथा कर्तव्यका बारेमा बुभ्रदछ, त्यसबेला आफू कुन अवस्थामा रहिरहेका छ ? आफू कुन अवस्थामा रहिरहेका छ ? आफू स्वतन्त्रपूर्वक बाँच्न के गर्नुपर्छ ? जस्ता कुराहरू थाहा पाउँछ । आफू अन्याय अत्याचारको चपेटामा परेको तथा पाीरिएको कुरा बुभ्रेपछि ऊ आफ्ना आफन्त वा पराई केही नभनी त्यसको विरुद्धमा जीउज्यान दिई उत्रन्छ र अन्त्यमा संघर्षमा सफलता हासिल गरी स्वाभिमानीपूर्वक बाँच्न चाहन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

### ४.२.१.१८ मानव कविताको विश्लेषण

मानव कवितामा मानिसलाई अंहकारी, घमण्डी, चोर, डाकु तथा यी सबै खराब काम गर्ने व्यक्तिका रूपमा लिइएको छ भने राम्रा कामहरू जस्तै वीर, विद्वान, वैज्ञानिक, डाक्टर, इन्जिनियर आदिलाई महान् उर्जा र अद्भूत यन्त्रको रूपमा लिएको छ । अल्छे, स्वार्थी, लाछी, तुच्छ, लोभी पनि मानव नै हो र दानी, परिश्रमी, उद्यमि पनि हामी मानव नै हौं भनी मानवलाई कामका आधारमा असल र खराब भनी वर्गीकरण गरिएको छ ।

#### ४.२.१.१९ सैसला कविताको विश्लेषण

सैसला कवितामा कविले जनतामाथि मनपरी तरिकाबाट शासन गर्ने सासकले सैसला खेलेका मुलुकमा जस्तो प्रजातन्त्र आए पनि ठूला बडालाई सधैँ जनतामाथि सैसला खेली जनतालाई पशुसमान व्यवहार गरिएको कुरा उल्लेख गरेका छन् ।

#### ४.२.१.२० रक्तिम किरण कविताको विश्लेषण

रक्तिम किरण कवितामा देशका शोषक, अत्याचारी, कुकृत्यवादी, प्रतिगामी, तस्करी, सांराज्यवादी, विस्तारवादी, सर्वसत्तावादी, फासिस्टवादीलाई शोषित, पीडित, दमित, भोका नाङ्गा जनताहरूले संघर्षको माध्यमबाट परास्त गर्दै मुलुकमा विद्यमान अन्धविश्वास, कुसंस्कारको अन्त्य गर्दै साथै विभेदपूर्ण व्यवहारको अन्त्य गर्दै सुन्दर, शान्त र समृद्ध नेपालको निर्माण गर्नका लागि सूर्यको बिहानीको रक्तिम किरणसँगै प्रजातन्त्र आउने विश्वास कविले व्यक्त गरेका छन् ।

#### ४.२.१.२१ क्यान्सर लाग्यो कविताको विश्लेषण

क्यान्सर लाग्यो कवितामा वर्तमान नेपालको संक्रमणकालीन अवस्थाको चित्रण गरिएको छ । उनका अनुसार अहिले मुलुकलाई क्यान्सर जस्तो भयाभह रोगले आक्रान्त बनाएको छ । जसले मुलुकको सुन्दरता, पुष्टता आदिमा ह्रास आउन थालेको छ । कुनबेला यो संक्रमणले सिङ्गो मुलुक नै समाप्त भई हामी नेपालीको अस्थित्व नै समाप्त होला भन्ने शंका उपसंकाहरू उब्जिरहेको छ । त्यसको उपचार गर्ने डाक्टर बैद्यहरू अहिलेसम्म नजन्मिएको र भविष्यमा जन्मने अपेक्षा अर्दै सच्चा इमान्दार र कर्तव्यनिष्ठ डाक्टरको आवश्यकता भएको प्रसङ्ग कविले उल्लेख गरेका छन् ।

#### ४.२.१.२२ ती वीरप्रति कविताको विश्लेषण

ती वीरप्रति कवितामा देश र जनतालाई मुक्तिका लागि लड्दा लड्दै हाँसी हाँसी आफूलाई आहुती दिने वीर सहिदप्रति सम्मान भाव प्रकट गर्दै उनीहरूको सपनालाई साकार पार्न हामी सबै नेपाली एकजुट हुनुपर्ने सन्देश व्यक्त गरिएको छ ।

### ४.२.१.२३ बत्ती कविताको विश्लेषण

बत्ती कवितामा बत्तिलाई ज्ञान वा चेतनाको रूपमा लिइएको छ । जब ज्ञानरुपि बत्तिले सबैतिर उज्यालो बनाउँछ तब अज्ञान, अन्धविश्वासरुपि अन्धकार हटेर जान्छ बत्तिको उज्यालो वा चेतनाले समाजमा भएको विकृति, विसंगति सबै हटाएर लैजान्छ र आपसी मेल, समभ्रूदारी, भ्रातृत्व, सहयोगको भावनाको विकास गराउँछ भन्ने विचार व्यक्त गरेका छन् ।

### ४.२.१.२४ युगको सन्देश कविताको विश्लेषण

युगको सन्देश कवितामा हामीले समय सापेक्ष परिवर्तन गर्न सक्नुपर्छ । विश्वमा आएको परिवर्तनसँगै हामीमा पनि परिवर्तन हुनुपर्दछ । सबै नेपालीमा चेतनाको लहर पुग्नुपर्छ, सबै नेपाली स्वतन्त्रतापूर्वक बाँच्नु पर्छ, हामीमा भएको विकृति, विसंगतिलाई चेतनाको माध्यमबाट हटाउनुपर्छ र समतामूलक समाज निर्माणमा सबै जना एकजुट भई लाग्नुपर्छ भन्ने सन्देश युगले मागेको छ भन्ने भावना ब्यक्त गरिएको छ ।

### ४.२.१.२५ हामी नेपाली कविताको विश्लेषण

हामी नेपाली कवितामा नेपालीहरूको स्वभाव र वीरत्वको वर्णन गरिएको छ । नेपाली कसैसँग झुक्न चाहँदैन, अरूप्रति अन्याय अत्याचार गर्न चाहँदैन तर आफूप्रति अन्याय अत्याचार कसैले गर्छ भने चुप लागेर सहेर बस्न चाहँदैन, त्यसको प्रतिकारका लागि आफूसँग भएका हतियार भिरेर सहासका साथ लड्न चाहन्छ र नेपाल आमालाई हँसाउन चाहन्छ भन्ने विचार व्यक्त गरिएको छ ।

### ४.२.१.२६ पाथिभराको दर्शन कविताको विश्लेषण

पाथिभराको दर्शन कवितामा देवी द्यौतालाई पशुपंक्षीको बली दिएर खुसी हुन्न् । द्यौता खुसी पार्न पवित्र आत्माले अरुको सेवा गर्नुपर्छ भन्दै हत्या, हिंसा तथा अन्धविश्वासमा नलागी पवित्र आत्माले भोका, नाङ्गा, दीनहीन जनताहरूलाई सेवा गर्नुपर्छ भन्ने सन्देश दिइएको छ ।

### ४.२.१.२७ देशको ज्योति युवाहरू कविताको विश्लेषण

देशको ज्योति युवाहरू कवितामा युवाहरूले यो संसार बदल्न सक्छन् । युवाशक्ति जुट्यो भने हरेक समाजको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, साँस्कृतिक, भौगोलिक, वातावरणीय जस्ता क्षेत्रमा सकारात्मक सुधार गरी समुन्नत राष्ट्र निर्माण गर्न तथा समतामूलक समाज निर्माण गर्न सकछन्, त्यसैले विश्वका युवाहरू एकजुट भई मन, वचन र कर्मले सेव ागर्न जुटौं भन्ने सन्देश दिएको छ ।

### ४.२.१.२८ जिन्दगी कविताको विश्लेषण

जिन्दगी कवितामा मानिसको जिन्दगी जन्मपश्चात बाल्यावस्थाबाट युवा र प्रौढ हुँदै वृद्धावस्थासम्म पुगी समाप्त हुन्छ । जिन्दगीका सुखदुःख, पीरमर्का, बेदना आदि यी सबै चक्र भैँ घुमिरहन्छन् । बाल्यावास्थामा पुष्ठ भरिभराउ भएको हाम्रो शरीर तथा अनुहार वृद्धावस्थामा चाउरी पर्ने, कालो कपाल सेतो हुने, दाँत भर्ने जस्ता परिवर्तन हुने तर आफू सँधै जवान भइरहन चाहने सबैको इच्छा हुने तर प्राकृतिक नियमले पूर्ण परिवर्तन गराउने कुरा उल्लेख गरिएको छ ।

### ४.२.१.२९ धती भैँ कुन छ अर्को कविताको विश्लेषण

'धर्ती भैँ कुन छ अर्को ?' कवितामा यो धर्ती सधैँ एकै नास भइरहेको, यसले सबै प्राणीहरूलाई आश्रय तथा पालनतालन गरेको, जेजसो गरे पनि सहनशील भएको, सुद दुःखमा कसैलाई भेदभाव नगर्ने, शत्रु मित्र सबैलाई काखमा राखेर माया गर्ने गुणी, सहनशील, धैर्यवान धर्ती भन्दा असल कुरा केही हुँदैन भन्ने विचार ब्यक्त गरिएको छ ।

### ४.२.१.३० आठराईको आवाज कविताको विश्लेषण

'आठराईको आवाज' कवितामा भौगोलिक रूपमा दुर्गम मानिएको आठराई विकासको गतिमा पनि पछि परेको, यहाँको प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षण हुन नसकेको ,भोका, नाङ्गा, उत्पीडित जनतामाथि ठूलाबडा शासकहरूले दमन गरेको, विकासका पूर्वाधार पुग्न नसकेको, विकृति विसंगतिले चरम सीमा नाघेको र समग्रमा आठराई खोक्रिएको हुनाले यसको उन्नति प्रगतिमा समबन्धित निकायहरूले ध्यान दिनुपर्ने आजावहरू उल्लेख गरिएको छ ।

### ४.२.१.३१ मेरो अभिलासा कविताको विश्लेषण

'मेरो अभिलासा' कवितामा धर्तीलाई हराभरा बनाई सुन्दर समाज, उन्नत समाज, विज्ञान तथा प्रविधिको विकासमा अग्रसर समाज तथा समतामुखि समाज निर्माण गर्ने अभिलासा कविताको रहेको छ ।

### ४.२.१.३२ देशको सेवक कविताको विश्लेषण

'देशको सेवक' कवितामा कविले आफूलई देशको सेवकका रूपमा देशको सेव ागर्ने, देशलाई सुन्दर र शान्त बनाउने, आफू आत्मनिर्भर भई फलाउने, फूलउने एक सच्चा देशभक्त नागरिक बन्ने र अरुलाई पनि बन्ने प्रेरणा दिने भावना व्यक्त गरेका छन् ।

### ४.२.१.३३ मार्ग कविताको विश्लेषण

'मार्ग' कवितामा सबैजना सत् मार्गमा लाग्नुपर्ने, न्यायको मार्गमा संघर्ष गर्नुपर्ने, विकासको मार्गमा एकजुट हुनुपर्ने, जीवन र जगत् चिनेर जीवन मार्गलाई उत्कृष्ट बनाउनु पर्ने जस्ता विचारहरू व्यक्त गरिएको छ ।

### ४.२.१.३४ कालापानीको व्यथा कविताको विश्लेषण

'कालापानीको व्यथा' कवितामा नेपालको एकीकरण गर्ने क्रममा नेपाली वीर योद्धाहरूले देखाएको वीरत्वको वर्णन गर्दै विगतमा भएका सीमासम्बन्धी संधी सम्झौता अनुसार नै सीमा निर्धारण हुनुपर्ने यदि सम्झौता विपरित सीमा मिच्ने काम हुन्छ भने नेपालीहरू जीउज्यानको बाजी थापेर त्यसको विरुद्धमा उत्रने, कालापानीको व्यथालाई पुनः बल्जिन नदिन, स्वतन्त्र देशका स्वतन्त्र जनता भई स्वाभिमानीपूर्वक नेपालको गौरवमय इतिहासलाई अक्षुण राख्दै समतामूलक समाज निर्माण गर्ने विचार व्यक्त गरिएको छ ।

### ४.२.१.३५ जेलको आवाज कविताको विश्लेषण

'जेलको आवाज' कवितामा जेलमा रहँदा भोग्नु परेका कथा व्यथालाई व्यक्त गरिएको छ । देश र जनताको पक्षमा आवाज उठाई काम गर्दा निरङ्कुश सरकारले जेलमा थुनेर यातना दिए पनि जेलबाटै स्वतन्त्रताका बुलन्द आवाज उठाई स्वतन्त्रताको र मुक्तिको आवाज उठाउने विचार व्यक्त गरिएको छ ।

#### ४.२.१.३६ आसुरी नेता कविताको विश्लेषण

'आसुरी नेता' कवितामा गरिब सर्वहारा वर्गमा नैसर्गिक हक अधिकार खोसेर आफ्नै कार्यकर्तामाथि निर्ममतापूर्वक दमन गर्ने, लाखौँ जनताको रगतमा होली खेल्दै मोज मस्तिमा रमाउने राक्षसी प्रवृत्तिका नेताहरू असक्षम आसुरी नेता हुन् भन्ने विचार व्यक्त गरिएको छ ।

#### ४.२.१.३७ अब तिम्रो पालो पुग्यो कविताको विश्लेषण

'अब तिम्रो पालो पुग्यो' कवितामा जनताहरूलाई झुक्याई कसम खाएर संविधान बनाउन नेतृत्वमा पुगेका नेताहरू न त संविधान बनाउन सक्छन् न त जनताको विश्वास जित्न सक्छन् । अब सत्तामा बसेर आफू बदनाम हुनुभन्दा सत्ता छाडेर अरु जनतालाई पालो दिए राम्रो हुन्छ, स्वार्थी भई मोज मस्तिमा डुबेर जनतालाई अब धेरै नसताउन, तिम्रा एक-एक कुकृत्यका पोलहरू खोलिदै छन्, त्यसैले तिम्रा खराब कर्तुतहरू भताभुङ्ग हुँदै छन्, अब तिम्रो पालो पुगिसक्यो भन्ने विचार व्यक्त गरिएको छ ।

#### ४.२.१.३८ साँचो बोल्दा बात लाग्छ कविताको विश्लेषण

'साँचो बोल्दा बात लाग्छ' कवितामा देशमा भइरहेको हत्या, हिँसा आदिको भण्डाफोर गर्नका लागि साँचो सत्य बोली जनतालाई सचेत बनाउँदा अतयाचारीले साँचो बोल्नेलाई उल्टै विभिन्न आरोप लगाई उसको अस्थित्व समाप्त पार्न सकछ । त्यसैले सुनेका, देखेका र भोगेका खराबी प्रकृतिहरूलाई बाहिर व्यक्त नगर बरु ज्वाला बनेर निस्क र त्यसलाई परास्त गर्दै आफू सत्तामा गई सम्झि सम्झि मनपरी गर भन्ने जस्ता विकृति विसङ्गति माथि व्यङ्ग्य प्रहार गरिएको छ ।

#### ४.२.१.३९ आँधी कविताको विश्लेषण

'आँधी' कविता जनआन्दोलन २०६२-६३ सालको नरसंहारकारी घटनाका बारेमा उल्लेख गरिएको छ । त्यस बेला मुलुकमा ठूलो धनजनको क्षति भएको, नेपाल आमाले आफ्ना सन्तानको दुर्गती देखेर अलाप विलाप गरेको, नेपाल आमाले आफ्ना सन्तानलाई सत्मार्गमा लागी नेपाल आमालाई अरु कसैको हातमा पर्न नदिइ फलाउने फूलाउने र हँसाउने कार्यमा लाग्न अर्ति उपदेश दिएको कुरा उल्लेख गरिएको छ ।

### ४.२.१.४० मेरो घर भाँडिएको छ कविताको विश्लेषण

'मेरो घर भाँडिएको छ' कवितामा मुलुमरुपि घर अहिले लुटपाट, भ्रष्टाचार, अत्याचार, द्वन्द जस्ता विकृतिमा रुमल्लिरहेको र भाँडिएको छ, परिवारमा हैजाले तहसनहस बनाएको छ, अपार विभुषण तथा वैभव चोरिएको छ, अनमोल रगत पोखिएको छ, अशान्ति नै अशान्तिले ब्याप्त भएको छ जसले गर्दा नेपाल र नेपाली भनी गौरव गरी बाँच्ने आधार नै समाप्त भएको छ भन्ने विचार प्रस्तुत गरिएको छ ।

### ४.२.१.४१ सूर्यको अभ्युदय कविताको विश्लेषण

'सूर्यको अभ्युदय' कवितामा विद्यमान मुलुकमा भएको विकृतिको समाप्त पार्दै देश र जनतालाई झुपडी, गाउँ बस्ती आदिमा सूर्यको नयाँ किरण अभ्युदय भई न्यानो आनन्द दिलाउने विश्वास व्यक्त गरिएको छ । यस कवितामा नेपाल र नेपालीको सुन्दर भविष्यको कल्पना सूर्यको किरणसँगै पूरा हुनेछ भन्ने विश्वास गरिएकाचे छ ।

### ४.२.१.४२ संग्रममा रोक लगाऔँ कविताको विश्लेषण

'संग्रममा रोक लगाऔँ' कवितामा नेपाली दाजुभाइबीचमा भएको झै झगडा, लुटपात, हत्या, हिँसा आदि संग्रामलाई त्यागेर आपसी मेलमिलाप, मातृत्व, बुन्धुत्वको भावना लिई आपसी सहयोग र समझदारीपूर्वक देशको उन्नति प्रगतिमा सबै नेपाली एकजुट भई अघि बढौं, संग्रामलाई चाँडै अन्त्य गरौँ र मुलुकमा पराइको गिद्धे नजरप्रति सचेत हुँदै स्वाधिनतापूर्वक बाँचौँ र बचाऔँ भन्ने भावना ब्यक्त गरिएको छ ।

### ४.२.१.४३ मुलुक परिवर्तनको संघारमा छ कविताको विश्लेषण

'मुलुक परिवर्तनको संघारमा छ' कवितामा भ्रष्टाचारी, शोषक, लुटेरा आदि कमजोर भई न्यायप्रेमि शोषित, पीडित जनताहरू शक्तिशाली भइरहेको अवस्थामा मुलुकलाई परिवर्तन गरी समृद्धशाली बनाउन तत्पर भईरहेका छन् । अत्याचारी सामन्त प्रवृतिको अस्थित्व समाप्त भइसकेको छ । त्यसैले मुलुक अब परिवर्तनको संघारमा पुगेको छ भन्ने भावना कवितामा व्यक्त गरिएको छ ।

### ४.२.१.४४ उठ अब जनता हो

'उठ अब जनता हो' भन्ने कवितामा मुलुकमा बढ्दै गएको अत्याचारी तथा भ्रष्टाचारी प्रवृतिप्रति आक्रोश व्यक्त गर्दै त्यस्ता तत्वको अन्तय गर्न साम दाम दण्ड भेद जस्ता नीति अपनाएर डटेर लाग्नका लागि सारा जनतालाई उठ्नका लागि आह्वान गरिएको छ ।

### ४.२.१.४५ शोध कविताको विश्लेषण

'शोच' कवितामा यो हाम्रो सुन्दर मुलुकमा बैरी हेप्न नसकोस् यहि हेप्न खोज्छ भने जीउ ज्यान दिएर प्रतिकार गरौँ, नेपाली जनताको स्वतन्त्रता र जनहितका कार्य गर्ने अधिकारलाई सुनिश्चित पारौँ, समृद्धशाली मुलुक बनाउनको लागि सृजनशील बनौँ, विकृति विसङ्गति अन्त्य गरौँ, अन्धविश्वास तथा कुसंस्कारको अन्त्य गरौँ त्यसका लागि सारा नेपालीले आजैदेखि सोच विचार गरेर लागी परौँ भन्ने भावना व्यक्त गरिएको छ ।

यसरी समग्रमा विश्लेषण गर्दा रक्तिम किरण कविता संग्रहका कविताहरूमा भिन्न भिन्न खुराक र भिन्न भिन्न स्वाद र शैली प्राप्त नभए तापनि चिन्तनमूलक विविध पक्षहरूको अभिव्यक्ति पाइन्छ । यस कविता संग्रहमा कविले आफ्नो पिताप्रति नतमस्तक हुँदै आस्था र सम्मान प्रकट गरी लेखिएको 'श्रद्धाञ्जली' कविताबाट सुरु गरी आफूलाई जीवन बाँच्न सिकाउने ठीकबेठीक एंव न्यायअन्यायको ज्ञान प्रदान गर्ने व्यक्तित्वप्रति कृतज्ञता व्यक्त गरिएको पुष्पाञ्जली कविताबाट अन्त्य गरिएको छ । उनको यस संग्रहमा उनले आफ्ना विचारलाई कल्पना र संवेगले कोमल बनाउने, त्यस्तो कोमल अभिव्यक्त लाई गेयात्मक लय अथवा ताल बिम्बीकृत गर्ने र त्यस्तो विम्बीकृत अभिव्यक्तिलाई सहज संबेद्य बिम्ब मार्फत अफ सम्प्रेषणशील बनाउने जस्ता विविध चरणका कलात्मक अभ्यासहरूद्वारा आफ्ना भावनालाई कवितामा व्यक्त गरेका छन् । उनको यस कविता संग्रहमा सन्दर्भशास्त्रीय चेत एंव विधागत अनुशासनको ज्ञान पाइन्छ ।

विचारलाई कवितामा संश्लेषण गर्ने क्रममा कवि प्रारम्भिक अवस्थामै भए पनि कवितामा प्रक्षेपण गर्ने विचार बनाउने क्रममा उनी केही सजग देखिन्छन् । उनले भोगेको जीवनको धरातलबाट प्राप्त अनुभवलाई आफूले आर्जन गरेको ज्ञानमा निफन्दा कविले जीवन र जगत्लाई हर किसिमले सकारात्मक दृष्टिकोणले हेरे । त्यसैले जीवनप्रति आशा भोगिने घटनाचक्रको द्वन्द्वबाट निसृत हुने उज्यालो पक्षको बोध एंव आफ्नो धरातलीय यथार्थको अग्रगामी संक्रमणशीलतालाई कविका कविताका विचार पक्षमा जताततै भेट्न सकिन्छ । प्रारम्भिक सृजना भएर पनि यस

सङ्ग्रहको फुटकर कविताले प्रक्षेपण गरेको उज्यालो रूप कवि घिमिरेको चिल्लो पात्र हो । निश्चय पनि 'हुने विरुवाको चिल्लो पात' भन्ने उक्ति उनका जीवनमा चरितार्थ भएको छ ।

स्रष्टाको जागरुकता, उनको परिवेश र उत्साहलाई मध्यनजर राखी पाठकले यो कवि र कविताप्रति स्नेह नराख्ने हो भने कविको रहर धरापमा पर्न सक्छ । त्यसैले उनको कवितात्मक क्षमतालाई अझ उजागर बनाउने प्रेरणा र उत्साह बढाउनु आवश्यक छ । उनको यस कविता संग्रहमा सामाजिक बेथिति र विसङ्गतिप्रति तीब्र विरोध गर्दै त्यसको अन्त्यको लागि सबै सचेत नागरिकहरू जागरुक हुनुपर्ने विचार व्यक्त गरी समुन्नत नेपालको परिकल्पनालाई मूर्तरूप दिन सामाजिक सुधारको कार्यबाट सुरु गर्नुपर्ने भावना ब्यक्त गरएको छ । उनले जनाताका भावना, विचार र उद्देश्य एंव तिनको बाँचेका जीवनस्थितिलाई प्रकाश पारेका छन् । विषयवस्तुमा भइरहने पुनरावृत्ति र शैलीगत एकरूपताका निरस पक्षलाई हटाई कवितात्मक प्राप्ति तर्फ ध्यान दिनु पाठक वर्गको कर्तव्य रहेको छ । अपफूमा रहेको कवितात्मक मोह र सृजनशील उत्साहको पक्षलाई कविले संरक्षण र समबर्द्धन गर्दै गएको खण्डमा कमी कमजोरीमाथि पनि सहज ढंगले विजय प्राप्त हुनेछ भन्ने विश्वास गर्न सकिन्छ ।

# पाचौँ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

भीमप्रसाद घिमिरे एक विशिष्ट चिन्तक र साहित्यकार हुन् । यिनको युगीन र मौलिक विचारधाराले नेपालीको सामाजिक, प्रजातान्त्रिक, राजनीतिक, इतिहास, आधुनिक नेपाली साहित्य तथा न्यायिक व्यववस्थालाई प्रभावित पारेको छ । साहित्यकारकै रूपमा पनि घिमिरे बहुमुखी व्यक्तित्व हुन् । विशिष्ट राष्ट्रप्रेमी, समाजसेवी, शास्त्रीयतावादी कविका रूपमा यिनी स्थापित छन् । यिनका पद्यको विषय, व्याख्या र उद्देश्य बहुमुखी छ । यिनले काव्य कृतिका माध्यमबाट साझा अथवा सामूहिक राजनीतिक, सामाजिक र साहित्यिक उद्देश्य पूरा गर्ने लक्ष्य लिएका छन् र यसमा यिनी सफल पनि भएका छन् यस परिच्छेदमा प्रस्तुत अध्ययनको परिच्छेदगत निष्कर्ष दिइएको छ ।

भीमप्रसाद घिमिरेको जन्म बुवा धर्मानन्द घिमिरे र आमा चन्द्रकला घिमिरेका कान्छा छोराका रूपमा वि.सं. २०११ साल मंसिर ६ गते तेह्रथुम जिल्लाको इवा गा.वि.स. मा भएको हो । प्रारम्भिक शिक्षा गाउँकै विद्यालयबाट हासिल गरी तेह्रथुम क्याम्पसबाट आइ.ए. उत्तीर्ण गरेका हुन् ।

पेशागत स्थितिलाई हेर्दा २०३४ सालदेखि तेह्रथुमका विभिन्न विद्यालयमा अनवरत रूपमा शिक्षण कार्यमा संलग्न रहेको पाइन्छ । हाल उनी प्रणामी मा.वि. इवका शिक्षकका रूपमा कार्यरत छन् । उनले सामाजिक क्षेत्रका विभिन्न स्थानमा रही सेवा गरेको पाइन्छ । उनी नेपाल रेडक्रस संगठनको आजीवन सदस्य, नेपाल राष्ट्रिय शिक्षक संगठनको आजीवन सदस्य भई काम गर्दै आएका छन् । उनले करिब ३२ वर्षको अन्तरालमा सामाजिक, राजनैतिक क्षेत्रमा अनवरत रूपमा सक्रिय भई काम गर्दै आएको छन् ।   भीमप्रसाद घिमिरेले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनी खण्डकाव्यकार नाटककार, उपन्यासकार, कथाकार, कवि आदिका रूपमा चिनिन्छन् । उनका कृतिहरू विभिन्न छन्द र अलङ्कारको प्रयोग गरी रचना गरिएका छन् । उनका कृतिहरूमा प्रजातान्त्रिक समाजवाद, लोकतान्त्रिक गणतन्त्रका विविध पक्षहरूका साथै राष्ट्रप्रेमका भावहरू झल्कन्छन् । उनी क्रान्तिकारी एंव प्रगतिशील साहित्यकारका रूपमा चिनिन्छन् । उनका प्रकाशित तथा प्रकाशोन्मुख कृतिहरूमा रत्तिम किरण कविता सङ्ग्रह (२०६०), 'रत्नकेशरी' गीतिकाव्य ( २०६०), 'सङ्कटकाल' लेखहरूको सङ्गालो (प्रकाशोन्मुख), 'कल्पना' उपन्यास (प्रकाशोन्मुख), 'झुपडी' खण्डकाव्य (प्रकाशोन्मुख), 'कन्यादान' कथा सङ्ग्रह (प्रकाशोन्मुख), आदि रहेका छन् ।

व्यक्तिका नितान्त वैयक्तिक जीवनसँग सम्बन्धित कुराहरू, जस्तै : रूप, आकारप्रकार, रुचि, स्वभाव, आचरण र प्रवृतिले उसको निजी व्यक्तित्वको निर्माण गरेको हुन्छ । शारीरिक दृष्टिले हेर्दा भीमप्रसाद घिमिरे पाँच फिट इन्च अग्ला मझौला आकृतिका व्यक्ति हुन् । उनको उच्च ललाट तेजस्वी आँखा, मिलेको नाक, सेतो केशराशि रहेको छ । गोलो मुखमण्डल र गहुँगोरो वर्ण भएका व्यक्ति हुन् घिमिरे । सदैव चनाखा देखिने घिमिरे सँधै सामानय पोषाक लाए पनि सफाचट रहन्छन् । सफा अनुहार रहेका भौतिक व्यक्तित्व हेर्दा सामान्य जस्तो देखिन्छन् । पोसाकमा उनी सामान्यतः सेतो सट, कालो पाइन्छ, जुत्ता मोजा, कालो टोपी, तथा कालो कोट लगाउने गर्छन् भने कहिलेकाहीँ त्यस्तै उनी वातावरण अनुकूल कपडा पनि लगाउँछन् । मझौला शरीर ठिक्कको ज्यानमा कपडा लगाउँदा सुहाउँदिलो र भद्र देखाउँछ । भीमप्रसाद घिमिरे भौतिक रूपमा जस्तो देखिए पनि विचार र बुद्धितत्वका दृष्टिले उच्च देखिन्छन् । उनी सरल निश्चल र मिजासिलो स्वभाव भएका देखिन्छन् । उनी सहयोगी र स्वाभिमानी प्रकृतिका छन् । उनी आफूसँग मिल्नेसँग फूल जस्तै कोमल र आफूसँग नमिल्नेसँग पत्थर जस्तै कडा देखिए तापनि सबैसँग मित्रवत् व्यवहार गर्छन् । उनको बोलीमा मिठास पाइन्छ । उनी दुःक, कष्ट दिन चाहँदैनन् । स्पष्ट बोल्ने र उनको अध्ययनशील व्यक्तित्वले आन्तरिक व्यक्तित्व निर्माणमा सोची विचारी बोल्ने व्यक्तित्वको निर्माण गरेको छ । उनी अन्धपरम्परा, संस्कृति, विकृति र विसङ्गतिको विरोध गर्छन् तर भौतिकवादको बढी शक्ति हुने कुरामा जोड दिन्छन् । बौद्धिकता र अधययन क्षेत्र व्यापक भएकोले उनमा संयोजन शीलता पनि बढी छ । उनी उच्च विचारमा आस्था राख्ने तथा आफ्नो भाषा, संस्कृति, रीतिरिवाज र राष्ट्रियताका हिमायती हुन् भन्ने कुरा उनका कृतिहरूबाट थाहा हुन्छ । भोजनमा उनी सर्बहारी भए तापनि तामसी खाने कुरालाई त्यति मन पराउादैनन् । कुलत र दुर्ब्यसनबाट टाढै रहेका घिमिरे अझ त्यस्ता व्यक्तिहरूलाई सल्लाह र सुझाव दिदै दुर्ब्यसनबाट टाढा रहन आग्रह गर्दछन् । खानेकुरालाई मिठो नमिठो भनी विभेद गर्दैनन् । बरु रुचेको जति खाएर चुप लागि उठ्छन् । दाल, भात, तरकारी, माछा, मासु, दुध, दही फलफूल उनका रुचिका विषयहरू हुन ।

भीमप्रसाद घिमिरे सरल, शान्त र जिज्ञासु स्भावका छन् । फर्सदको समयमा पुस्तकहरूको अध्ययन गरेर र केही साहित्यिक रचनाहरू लेखेर सन्तुष्ट लिने गर्छन् साथै मन मिल्ने साथीभाइहरूसँग साहित्य, दर्शन, संस्कृति र राजनीतिका विषयमा छलफल गर्न रुचाउँछन् । समयको राम्रो ख्याल गर्ने र समय अनुरूप चल्नु पर्छ भन्ने मान्यता राख्ने घिमिरे अरुको खासै आलोचना र निन्दा गर्न चाहँदैनन् । सफलता र विफलता, दुःख सुखजस्ता मानवीय जीवनका चक्रलाई उनले सामानय रूपमा लिने गर्छन् । मिलनसार दयालु र सहयोगी प्रवृत्तिले गर्दा उनको

व्यक्तित्व प्रभावशाली देखिन्छ । सादा जीवन उच्च विचार राख्ने, मझौला आकारको शरीर पोसाक भन्दा व्यक्तिलाई ठूलो मान्ने अचल सहयोगी, मितभाषी, स्वाभिमानी, परिश्रमी, धीर, अध्ययनशील प्रवृत्ति तथा बौद्धिकताले उनको आन्तरिक व्यक्तित्वको निर्माण गरेको छ ।

स्वाभिमानी, स्वाबलम्बी, कर्तव्यवान, निर्भीक व्यक्तित्वका भीमप्रसाद घिमिरेको आफ्नो साहित्य लेखनको सुरुवात कविता लेखनबाट हुन्छ । उनले १५ वर्षको कलिलो उमेरदेखि नै फाटफुट रूपमा कविता लेख्ने गरे तापनि २०२८ सालबाट यस क्षेत्रमा क्रियाशील भएका छन् । उनको पहिलो प्रकाशित कृति 'रत्नकेशरी' हो । जुन उनको लेखाइ र प्रकाशनका दृष्टिले पनि पहिलो कृति हो । लामो अन्तरालपछि अर्थात् २०२८ सालबाट सुरु भई तीन दशक पछाडि प्रकाशित भएको 'रक्तिम किरण' कविता संग्रहमा साढे चार दर्जन फुटकर कविताहरू संकलित छन् । उक्त आफ्ना पिताप्रति नतमस्तक हुँदै आस्था र सम्मान प्रकट गरी लेखिएको 'श्रद्धाञ्जली' कविताबाट सुरु गरी आफूलाई जीवन बाँच्न सिकाउने ठीक बेठीक एंव न्याय अन्यायको ज्ञान प्रदान गर्ने व्यक्तित्वप्रति कृतज्ञता ब्यक्त गरिएको पुष्पाञ्जली कविताबाट अन्त्य गरिएको छ । एकै किसिमको विचार, विषय र शैलीमा लेखिएको यस रक्तिम किरण कविता संग्रहभित्रका कविताहरूले कवित घिमिरेको कवि व्यक्तित्व विशेष गरी २०४६ सालपछि तीव्र रूपमा क्रियाशील भएको पुष्टि हुन्छ । यो कृति पनि २०६० सालमा प्रकाशन भएको थियो । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । ती मध्ये कविता नै उनको पहिलो विधा हो । उनले 'विद्रोहको आभास' खण्डकाव्य २०६५ सालमा रचना गरेका हुन् । त्यस्तै उनले 'बलिया बागको दशा' २०६३ सालमा रचना गरेका छन् । उनका 'सङ्कटकाल' लेखहरूको संग्रह, 'कल्पना' उपन्यास, 'झुपडी' खण्डकाव्य, 'कन्यादान' कथा संग्रह २०५९ सालमा रचिएका हुन् । उनले विभिन्न समयमा निबन्धहरू पनि रचना गरेका छन् । उनले रचना गरेको पहिलो निबन्ध 'आठराईमा फूलेका स्वप्नाहरू' रहेको छ । उनका अन्य थुप्रै लेख रचनाहरू पनि अप्रकाशित अवस्थामा नै रहेका छन् ।

भीमप्रसाद घिमिरेले कीरिब चार दशक लामो साहित्यिक यात्रा तय गर्दा थुप्रै रचनाहरू सिर्जना गरेका छन् । उनको साहित्यिक योगदान बापत बेला बेलामा विभिन्न पुरस्कार तथा प्रसंसापत्रद्वारा सम्मानित पनि भएका छन् । यति धेरै साहित्य सिर्जना गरेर पनि प्रकाशनको दृष्टिले २ वटा कृति मात्र हाल उपलब्ध छन् । उनका केही कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । अनि केही रचनाहरू अप्रकाशित अवस्थामा नै रहेका छन् । भीमप्रसादले विभिन्न पत्र पत्रिकामा आफ्ना प्रशस्तै फुटकर लेख रचनाहरू प्रकाशित गरेका छन् । नव बिहानी, खोजतलास, तीनजुरे,

नयाँ किरण जस्ता पत्रपत्रिकामा उनका रचना प्रकाशित रहेका छन् । कविता, खण्डकाव्य, नाटक, गीतिकाव्य, कथा जस्ता साहित्यिक रचनाहरू बौद्धिक छटाले भरिएका छन् भने सरल, सुबोध्य र स्तरीय पनि छन् ।

भीमप्रसाद घिमिरेको साहित्य रचनाको मूलस्रोत नेपाली समाज, राजनीति तथा ती क्षेत्रमा देखिएका विकृति विसङ्गतिका साथै नेपाल, नेपाली र नेपाली प्रकृति हो । साहित्यकार घिमिरेको भाषामा ठेट नेपाली जनजीवनका शब्द, तत्सम्, तद्भव तथा आगन्तुक शब्दहरूको उचित संयोजनबाट मिठास आएको पाइन्छ । यसरी देश, समाज, सामाजिक जीवन र विश्व मानव समुदायसँग प्रत्यक्ष र परोक्ष रूपमा सरोकार राख्ने विभिन्न विषयवस्तुलाई आफ्नो साहित्यिक फँटमा स्थापित गर्ने स्रष्टाका रूपमा उनको व्यक्तित्व निर्माण भएको स्पष्ट हुन्छ । प्रस्तुत अधययनबाट नेपाली साहित्यको इतिहासमा साहित्यकार घिमिरेको महत्वपूर्ण स्थान रहेको छ । किनभने घिमिरे एक प्रगतिवादी र शास्त्रीयतावादी कवि हुन् । उनले आफ्ना कविता काव्यमा शास्त्रीय छन्दको साथै झ्याउरे छन्दको प्रयोग गरेका छन् । वर्तमान सन्दर्भमा शास्त्रीयताको प्रयोग न्यून रहेको अवस्थामा उनले यस परम्परालाई हालसम्म पनि बीँडो थाम्दै आएका छन् । उनका साहित्यिक रचनाहरू सबै प्रकाशित र गहिरो अध्ययन हुने हो भने नेपाली साहित्यको फाँटमा उनले ठूलै फड्को मार्ने कुरामा दुईमत नहोला ।

भीमप्रसाद घिमिरे सामाजिक यथार्थवादी तथा समसामयिक कवि, कथाकार र निबन्धकार, नाटककार आदिका रूपमा रहेका छन् । उनका रचनामा विशेषतः काल्पनिक विषयवस्तु भन्दा समाजका विभिन्न क्षेत्रमा रहेका यथार्थ पक्षलाई सटिक र सुन्दर ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ । आफ्ना कविता तथा कथामा शब्द र वाक्यको विन्यास भन्दा सारवस्तुबाट समाजका विकृति र विसङ्गतिलाई व्यङ्ग्य गर्दछन् साथै राजनैतिक व्यङ्ग्य पनि उनका कुतिमा उत्तिकै पाइन्छ । घिमिरे समाजका विभिन्न पक्ष, ग्रामीण प्रकृति, राष्ट्रका मनोरम सम्पत्ति, राष्ट्रिय राजनीतिका साथै विश्व मानवता आदि विषयलाई आफ्ना साहित्यिक कृतिमा सुनदर ढंगबाट सजाउन सक्षम साहित्यकारका रूपमा चिनिन गाह्रो नपर्ने साहित्यका हुन् । समाजमा व्याप्त पुँजीवादी विकृति, विसङ्गति, कर्मचारीतन्त्रको लापरवाही आदि पक्षलाई पनि उजागर गर्न घिमिरे सक्षम छन् । उनले नेपाली साहितयको विविध विधामा कलम चलाए पनि चर्चाको शिरखमा नपुग्नुको बिडम्बना भनेको आफ्नो आर्थिक अवस्था, विकट स्थानमा बसोबास आदि भएको कारणले आफ्ना साहित्यिक कृतिलाई प्रकाशनमा ल्याउन नसक्नु हो साथै आफ्नो स्वाभिमानिपन पनि हो, उनी कर्म गर्ने तर

लोकप्रियताका लागि कसैसामु नझुक्ने बताउँछन् । त्यसैले उनलाई अझै पनि ओझेलमा परेका साहित्यकारका रूपमा चिनिन्छ ।

भीमप्रसाद घिमिरेले आफ्ना काव्यकृतिको मूल विषयवस्तु समाज र सामाजिक जनजीवनलाई बनाउका छन् । उनी सामाजिक यथार्थवादी कवि, निबन्धकार, नाटककार आदिका रूपमा परिचित छन् । उनका रचनाहरूमा काल्पनिकता भन्दा यथार्थता प्रवल बनेर आएको पाइन्छ । सामाजिक विकृति-विसङ्गतिलाई तिखो व्यङ्ग्य प्रहार गर्दै सुधारको सन्देश समेत कृतिमा समेटिएको पाइन्छ । प्रकृति, मानवता, राष्ट्रियता, ग्राम्य परिवेशका साथै समाजमा रहेका पूँजीवादी असङ्गति, जातीय भेदभाव, कर्मचारी तन्त्रको वेथिति आदि पक्षलाई पर्दाफास गर्न घिमिरे सक्षम छन् । यसरी साहित्यका विभिन्न विद्यामा विविध विषयवस्तुलाई समेटी साहित्य सिर्जना गरेपनि उनी चर्चाको शिखरमा पुग्न सकेका छन् । जसको प्रमुख कारण आर्थिक विपन्नता, दुर्गम स्थानको बसोबास र आफ्नो स्वाभिमानीपन भएको घिमिरे बताउँछन् । यसरी नेपाली साहित्यको उन्नयनमा निरन्तर लागि परेर पनि ओझेलमा परेका साहित्यकार हुन् घिमिरे ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, विज्ञान (२०७१), **योगमायको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

अवस्थी, महादेव (२०५५), **नेपाली कथा भाग-२**, ललितपुर : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य प्रकाशन**, काठमाडौं : साझा प्रकाशन ।

कट्टेल, सुमन (मंसिर, २०६०), **घिमिरेको प्रतिको दृष्टिकोण**, गञ्जन ।

घिमिरे, कुलचन्द्र (असार, २०६२), **घिमिरे र साहित्य**, नागरिक, वर्ष ३९, अङ्क १३, पृ. ३ ।

पौडेल, हेमनाथ (२०६४), **मोफसल समालोचना**, विराटनगर : गजुरीमुखी प्रिन्टर्स ।

बराल, हरिप्रसाद (२०६५), **रत्न केशरीको ऐतिहासिकता,** उज्यालो विचार (पुस २६), विराटनगर सद्भाव मिडिया प्रा.लि. ।

राई, विष्णुकुमार (२०६०), **घिमिरे रक्तिम किरणमा**, प्रतिस्पर्धा साप्ताहिक, वर्ष १४, अङ्क ९, पृ. २ ।

... (२०६०), **रक्तिम किरण (कविता सङ्ग्रह)**, विराटनगर : इन्दु छापाखाना ।

... (२०६०), **रत्नकेशरी** (गीतिकाव्य), विराटनगर : इन्दु छापाखाना ।

श्रेष्ठ, राजेश्वरी (२०७०), **विष्णु सुवेदी जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५२, ते.सं.), **शोधविधि**, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, हेमराज (२०५५), **राजेन्द्र सुवेधीको जीवन, व्यक्तित्वको अध्ययन**, अप्रकाशित, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

## परिशिष्ट - १

### शोधनायक भीमप्रसाद घिमिरेसँग लिइएको अन्तर्वार्ता आधारित प्रश्नोत्तर

वि.सं. २०७२-१०-१५

१. तपाईको जन्म कहिले र कहाँ भयो ?

→ वि.सं. २०११ साल मंसिर ६ गते तेह्रथुम जिल्लाको इवा गा.वि.स. मा भएको हो ।

२. सरका बुबा र आमाको नाम बताइदिनुहोस् न ?

→ बुबाको नाम धर्मानन्द घिमिरे र आमाको नाम चन्द्रकला घिमिरे ।

३. सरका दाजुभाइ र दिदी बहिनी कतिजना हुनुहुन्छ ?

→ मेरा दाजु एक जना, दिदी एक जना र बहिनी एक जना ।

४. सरको औपचारिक शिक्षा कति हो ? बताइदिनुहोस् न ?

→ मेरो प्रारम्भिक शिक्षा गाउँकै प्रणाली मा.वि. बाट सुरु गरी प्रवीणता प्रमाण पत्र इलामको महेन्द्र बहुमुखी क्याम्पसबाट गरेको हुँ ।

५. तपाईको विचारमा साहित्य भनेको के हो ?

→ साहित्य समाजको दर्पण हो । साहित्यमा रस र अलङ्कारको मह□वपूर्ण भूमिका रहन्छ ।

६. साहित्यका विभिन्न विधामध्ये तपाई कुन विधाबाट बढी प्रभावित हुनुहुन्छ ?

→ साहित्यक अन्य विधाभन्दा म कविता विधाबाट बढी प्रभावित छु ।

७. सिर्जना भनेको के हो ? साहित्य सिर्जनाका कारण केलाइ मान्नुहुन्छ ?

→ पहिलेको भन्दा नयाँ वस्तुको रचना गर्नु नै सिर्जना हो । साहित्य सिर्जनाका कारण, प्रतिभा, अभ्यास र रुचि आदिलाई म ठान्छु ।

८. तपाइको विचारमा साहित्य सिर्जनाबाट समाज परिवर्तन गर्न सकिन्छ कि सकिन्दैन ?

→ साहित्यको सम्बन्धमा समाजसँग नजिकको रहेको हुन्छ । सामाजिक विषयवस्तुलाई आधार बनाएर साहित्य रचना गरिन्छ । त्यसकारण मेरो विचारमा साहित्य सिर्जनाबाट समाज परिवर्तन गर्न सकिन्छ ।

९. तपाईको वैवाहिक सम्बन्ध कहिले गाँसियो ? कोसँग विवाह भयो ?

→ मेरो विवाह सम्बन्ध वि.सं. २०३१ साल फागुणमा गाँसियो र पाँचथर रानी गाउँ निवासी घनश्याम खनाल र कौशिला खनालकी माइली छोरी मनमाया खनाल सँग विवाह भयो ।

१०. तपाईले राजनीतिलाई कुन रुपले हेर्नुभएको छ ?

→ राजनीति देश परिवर्तनको साधन हो । जहाँ राष्ट्र भक्त नेता र विकासप्रेमी जनताको आवश्यक पर्छ ।